ISSN 0266-1616

# प्रहरी PRAHARI

द्वैमासिक प्रकाशन

प्रकाशन आरम्भ : २०१६ जेठ वर्ष ६२, अङ्क ४ कात्तिक - मङ्सिर







परिवार, समाज र राष्ट्रलाई गम्भीर असर पुऱ्याउने लागुऔषधको अबैध कारोबार र दुरूपयोग रोक्न सबै पक्षको सक्रिय प्रयास हुन अति आवश्यक छ ।

– नेपाल प्रहरी ।

## प्रकाशनबारे जानकारी :

१. प्रहरी २०१६ सालमा प्रकाशन आरम्भ गरेको द्वैमासिक प्रकाशन हो । ६१ वर्षदेखि अविछिन्न नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा लागि परेको यस ऐतिहासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूको आफ्नो पत्रिका हो । तसर्थ प्रहरी द्वैमासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूबाट लेख रचनाको अपेक्षा गर्दछ ।

२. लेख रचना सोभै प्रहरी प्रधान कार्यालयस्थित जनसम्पर्क शाखामा आई पेनड्राइभमार्फत उपलब्ध गराउन सकिनेछ । साथै पत्रिकाको इमेल ठेगाना phqprs@nepalpolice.gov.np वा phqprs@gmail.com मा पठाउन सकिनेछ ।

३. प्रहरी द्वैमासिकमा प्रहरीसँग सम्बन्धित विषयमा लेखिएका पेसागत लेखहरू, ऐन कानूनसँग सम्बन्धित लेखहरूका साथै अपराध अनुसन्धान, प्रहरी कार्य, उद्धार आदिका विषयमा तयार गरिएका लेखहरूलाई विशेष प्राथमिकतामा राखिने छ । यसको साथै यस पत्रिकामा कविता, गजल, गीत, निबन्ध, संस्मरण, कला दर्शनलगायत साहित्यका विविध विधाहरू पनि समावेश गरिने छ । समालोचना र पुस्तक समीक्षालाई पत्रिकामा समावेश गराइने छैन ।

४. रचना स्वीकृत गर्ने र काटछाँट गरी सम्पादन गर्ने अधिकार सम्पादकमा निहित रहनेछ ।

५. हालसम्म अप्रकाशित स्तरीय खोजमुलक मौलिक ताजा लेख र विशुद्ध साहित्यिक सिर्जना सदैव स्वागत योग्य छ ।

६. लेखकलाई प्रकाशित लेखको यथोचित पारिश्रमिक प्रदान गरिने छ । पारिश्रमिक लिन आउँदा लेखकको स्पष्ट परिचय खुल्ने कागज लिई प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखामा समयमै सम्पर्क राख्न सम्पूर्ण लेखकवृन्दमा प्रहरी द्वैमासिक हार्दिक अनुरोध गर्दछ ।

७.प्रहरीद्वैमासिकपत्रिका२०७७बैशाख-जेठ अंकदेखीनेपालप्रहरीकोवेबसाइट:www.nepalpolice.gov.np. nepol.cd मा राखिदै आएको हुँदा सम्पूर्ण महानुभावहरुमा जानकारीको लागि अनुरोध गरिएको छ ।

– प्रहरी द्वैमासिक

**सम्पर्क**
प्रहरी प्रधान कार्यालय,जनसम्पर्क शाखा, नक्साल, काठमाडौं
फोन नं. : ०१ ४४१०६६३, ४४११२१०, एक्सटेन्सन : १३४
ईमेल : phqprs@nepalpolice.gov.np/ phqprs@gmail.com
वेबसाइट : www.nepalpolice.gov.np

# प्रहरी

मे.अ.द.न. ६४/१५८

द्वैमासिक प्रकाशन वर्ष : ६२ अङ्क : ४ २०७७ कात्तिक-मङ्सिर



**प्रमुख सल्लाहकार**
प्र.ब.उ. बसन्त बहादुर कुवँर

**सल्लाहकार**
प्र.उ. मधुसुदन लुइटेल
प्र.उ. रमेश थापा

**प्रधान सम्पादक**
प्र.ना.उ. चन्चला श्रेष्ठ

**सम्पादक**
प्र.नि. होमबहादुर थापा
प्र.ना.नि.सरस्वाती बुढाथोकी

**कम्प्युटर**
प्र.नि.कल्पना अधिकारी
प्र.ना.नि.संगीता कार्की

**आवरण**
अनुराग

**प्रकाशक**

प्रहरी प्रधान कार्यालय, नक्साल ।


सम्पादकीय . .

## संगठन सुदृढीकरणका लागि सबल कार्ययोजना

कोभिड-१९ को कारण सिर्जित विषम परिस्थितिमा समेत नेपाल प्रहरीले आफ्नो महत्वपूर्ण कर्तव्यलाई पूर्ण निष्ठाकासाथ सफलतापूर्वक पूरा गरिरहेको छ । यसैबीच गत असारमा प्रहरी सङ्गठनले नयाँ नेतृत्व पाएको छ । नयाँ नेतृत्वबाट सङ्गठनलाई अझै सुदृढ, गतिशील, व्यवस्थित, लोकप्रिय र सङ्गठनका सदस्यको हितकल्याण अनुकूल बनाउने दिशामा उत्साहप्रद कामको थालनी भइसकेको छ । यस क्रममा नेपाल प्रहरी कार्ययोजना २०७७, प्रहरी हवल्दार तथा प्रहरी जवान लक्षित उत्प्रेरणा अभिवृद्धि योजना २०७७, नेपाल प्रहरीका कर्मचारीहरूले पालना गर्नुपर्ने आचार संहिता सम्बन्धी कार्यादेश २०७७, यूएन फर्मड पुलिस युनिट (एफपियू) छनौट (पहिलो संशोधन) मापदण्ड २०७७, प्रहरी कल्याण कोष संचालन कार्यविधि २०७१ (पहिलो संशोधन २०७७) लगायतका योजना तय गरी लागू गरिएको छ ।

यी योजनाका आ-आफ्नै लक्ष्य र उद्धेश्य छन् । नेपालको संविधान बमोजिम नेपाल प्रहरी संगठनको पुनः संरचना, सुदृढीकरण तथा प्रहरी सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गरी संगठनको विकासको लागि स्पष्ट मार्गनिर्देशन प्रदान गर्नु प्रहरी कार्ययोजनाको उद्धेश्य रहेको छ । आगामी दुई वर्षका लागि तयार गरिएको कार्ययोजनामा मुख्य लक्ष्य, कार्यगत उद्धेश्य, अपेक्षित परिणाम लगायतका विषय समावेश छन् । जसले नेपाल प्रहरीको संस्थागत विकास र सेवा प्रवाहको स्तर अभिवृद्धिको साथै प्रहरी कर्मचारीहरूको उच्च

मनोबल कायम राख्दै सङ्गठनको व्यावसायिक सफलतामा महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गर्न सकिन्छ । यसैगरी प्रहरी हवल्दार तथा जवानमा अन्तर्निहित प्रतिभा, ज्ञान र सीपलाई प्रस्फुटन गरी उर्जाशील तुल्याई उत्प्रेरणाको स्तरलाई अभिवृद्धि गरी सांगठनिक लक्ष्य हासिल गर्न मद्धत पुऱ्याउने अपेक्षा सहित प्रहरी हवल्दार तथा जवान लक्षित योजना तय गरिएको हो । यसलाई क्रमशः कार्यान्वयन गरिएमा उनीहरूमा उत्प्रेरणा अभिवृद्धि गर्न यस योजना महत्वपूर्ण सावित हुनेछ ।

साथै प्रहरी कर्मचारीलाई शिष्ट, मर्यादित, जबाफदेही, कर्तव्यनिष्ठ, नैतिकता र अनुशासनप्रति प्रतिबद्ध बनाउन आचार संहिता सम्बन्धी कार्यादेश जारी गरिएको हो । नागरिकको जीउधनको सुरक्षा, सार्वजनिक सम्पत्तिको रक्षा, अपराध नियन्त्रण एवम् अनुसन्धान गर्ने महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्न अहोरात्र खटिने प्रहरी कर्मचारीहरूको आचरण एवं व्यवहारमा समयानुकूल सुधार गर्ने कार्यादेशको उद्धेश्य रहेको छ । अर्कोतर्फ एफपियू छनौटमा पारदर्शिता र निष्पक्षताका साथै प्रहरी कल्याण कोषलाई अफ व्यवस्थित बनाउन तथा कोषबाट प्राप्त हुने सेवा सुविधालाई सरल, व्यवस्थित र प्रभावकारी बनाउन प्रस्तुत मापदण्ड र कार्यविधिले उचित मार्ग निर्देश गर्ने र यसबाट प्रहरी कर्मचारीहरू थप लाभान्वित हुने विश्वास गर्न सकिन्छ ।

प्रहरी सङ्गठनलाई सबल, सक्षम र सफल बनाई यसको छवि र प्रतिष्ठा वृद्धि गराउन यसका सदस्यहरूको महत्वपूर्ण भूमिका रहन्छ । नागरिकसँग प्रत्यक्ष सम्पर्कमा रही कार्यसम्पादन गर्नुपर्ने प्रहरी कर्मचारीको सेवाप्रवाह निश्चय नै नागरिकमैत्री हुनु जरूरी छ । यसै तथ्यलाई हृदयङ्गम गरी सङ्गठनको कार्यप्रकृति र कर्मचारीको जिम्मेवारी अनुरूपको अवस्थालाई मध्यनजर राखी सोही अनुरूप कार्ययोजना तय गरी कार्यान्वयनमा ल्याइएको देखिन्छ । स्थापनाकालदेखि नै प्रहरी सङ्गठनलाई समयानुकूल सबल बनाउन बेलाबखत साङ्गठनिक प्राथमिकताहरू तय गरी उन्नयनका प्रयत्नहरू भइरहेकै हुन् । तथापि पछिल्लो समय तय गरिएका यी सत्प्रयासहरूले गतिशील सङ्गठनका आधार स्तम्भहरू निर्माण गरेको छ । सङ्गठन सुधारको साथै यसलाई चलायमान गराउन, प्रहरी कर्मचारीको मनोबल बढाउन, दक्षता अभिवृद्धि गर्दै काममा प्रभावकारिता ल्याउन यी योजनाले निश्चय नै दरिलो खम्बाको काम गर्नेमा दुविधा छैन । सङ्गठनलाई स्वच्छ, व्यवहारिक र जनमुखी बनाउन सङ्गठनले तय गरेका कार्ययोजनाहरूलाई सफल कार्यान्वयन गर्नु अहिलेको आवश्यकता हो । साथै यसका आधारहरूलाई अभियानकै रूपमा सञ्चालन गरी योजना कार्यान्वयन सफल बनाउन हरेक प्रहरी कर्मचारीले आ-आफ्नो तर्फबाट आचरण व्यवहारलाई सुधार गर्दै अगाडि बढ्नु आवश्यक छ ।

# विषयक्रम

## व्यावसायिक सामग्री


♦ मुलुकी अपराध संहितामा विवाहसम्बन्धी.... ✍ सहन्यायाधिवक्ता संजीवराज रेग्मी १
♦ अदालतको सहयोगी ✍ उपन्यायाधिवक्ता सोमकान्त भण्डारी ९
♦ अपराधको कारणको सिद्धान्त ✍ पूर्व प्रवद्ध किरन गुरुङ २०
♦ सवारी दुर्घटना न्युनिकरणमा नेपाल प्रहरी.... ✍ प्र ना उ ई गण शेखर श्रेष्ठ ३५
♦ नेपालमा सङ्घीय राज्य अन्तर्गत प्रदेश.... ✍ गम्भीर बहादुर हाडा ४६
♦ समुदाय केन्द्रित प्रहरीका कार्यक्रम ✍ सुदर्शन अधिकारी ५८
♦ महिला हिंसा न्युनिकरणमाप्रहरीको भूमिका ✍ प्र नि शंकर खड्का ६८
♦ अनुशासन र आचार सहिंता ✍ प्र नि घन बहादुर थापा ७६


## साहित्य / विविध


♦ प्रकृती इतिहास र मानव ✍ रन्जुश्री पराजुली १५
♦ म को हुँ ? ✍ पूर्व प्र ना म नि ई महेशसिंह कठायत १६
♦ शिथिल तिर्सना ✍ इन्द्रकुमार श्रेष्ठ १९
♦ अवला र सवला भाग-२ ✍ गोपाल चन्द्र भट्टराई २५
♦ पक्की घर ✍ देवकी के. सी ४३
♦ छोरीको प्रश्न ✍ हरिप्रसाद भण्डारी ५६
♦ एकादशी चर्तुमास र तुलसी ✍ अच्युतप्रसाद पौडेल 'चिन्तन' ६२
♦ सम्मान ✍ उद्धवप्रसाद प्याकुरेल ७२
♦ मानु चामल ✍ राममणी पोखरेल ८२
♦ कोरानाले सिकाएको पाठ ✍ प्र ना नि नेत्रहरी काफ्ले ८५
♦ चिउरीको विवाह ✍ यशु श्रेष्ठ ८८
♦ रचनात्मक सिप धुल्याउला स्मार्ट फोनले ✍ चिरञ्जीवी लामिछाने ९०
♦ एउटै दोबाटो ✍ यम रेग्मी ९४
♦ आमाको जीवन संघर्ष ✍ प्र ज पुर्ण भण्डारी १०१

♦ अप्ठ्यारोसँगको बसाई ✍ बिन्दु अधिकारी ढकाल १०४

## गीत / कविता/ गजल

♦ मलाइ ऊ मन पर्छ ✍ सरु बस्नेत ८
♦ गीत ✍ होम थापा २४
♦ न जित नत हार ✍ रशना ढकाल ३४
♦ आधुनिकता ✍ हरिकृष्ण सिलवाल ५५
♦ मृत्यु ✍ प्र ज टीकाराम ढुलाल ५७
♦ फर्केर आउ घर ✍ बेनी बहादुर थापा ६७
♦ मुक्तक ✍ एच के थिताल ७१
♦ अषाढ महिना ✍ पदमलाल लामिछाने ७५
♦ गीत ✍ मिम बहादुर लामा ८१
♦ गजल ✍ त्रिभुवनचन्द्र वाग्ले ८७
♦ प्रहरी सेवा ✍ प्र ना नि घनश्याम नेपाल ९३
♦ लागुऔषध दुर्व्यसन ✍ राजेशमान के सी ११०

## स्थायी स्तम्भ

♦ इतिहासको पानाबाट १११
♦ नेपाल प्रहरीसम्बन्धी केही जानकारी सङ्कलन : प्र ना नि संगिता कार्की १११
♦ रसबस सङ्कलन : प्र ह शरणजंग भण्डारी ११२
♦ सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु सङ्कलनः प्र स नि जनक आचार्य ११२

प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।

# मुलुकी अपराध संहितामा विवाहसम्बन्धी कसूर एक अध्ययन



✍ सहन्यायाधिवक्ता संजीवराज रेग्मी

## १. विषय प्रवेशः

पारिवारिक कानूनको विषय मानिएको विवाह सम्बन्धी कतिपय कार्यलाई मुलुकी अपराध संहिता, २०७४ ले फौजदारी कसूरको रूपमा परिभाषित गरेको छ ।[१] उक्त संहिताले विवाह सम्बन्धी व्यवस्थालाई साविक मुलुकी ऐन, २०२० मा भएको भन्दा फरक मान्यता र सिद्धान्तलाई समावेश गरेको छ । वैवाहिक सम्बन्धको विषय हरेक समाज, परिवार र व्यक्तिको पारिवारिक जीवन र व्यवहारसँग सम्बन्धित विषय हो । यस सम्बन्धी कानूनी व्यवस्थाका बारेमा सबै व्यक्ति जानकार हुन आवश्यक हुन्छ । साथै विवाहले सिर्जना गर्ने दायित्व र परिणाम प्रति पनि उत्तरदायी हुनुपर्ने हुन्छ । वैवाहिक सम्बन्ध कायम गर्ने कुरा व्यक्तिहरूका बिचको स्वतन्त्र सहमतिमा आधारित पवित्र सम्बन्ध र बन्धन हो । कानूनले कसैलाई पनि विवाह गर्न बाध्य गर्न सक्दैन भने कसैको ईच्छा वा मन्जुरी बिना विवाह गराउन पनि सक्दैन । तर विवाहका शर्त, आधार, मान्यता लगायत यसले सिर्जना गर्ने परिणामका बारेमा कानूनले सिमा वा बन्देज लगाउन वा नियमित गर्न सक्छ र सम्य समाजका लागि यो आवश्यक पनि हुन्छ । विवाह सम्बन्धी कानून र विवाह सम्बन्धी कसूर मान्ने कुरामा फरक फरक व्यवस्था हुन सक्छ । यो सम्बन्धित देशले अपनाएको सामाजिक मूल्य मान्यता, परम्परा तथा प्रचलन र विवाह सम्बन्धी दृष्टिकोणमा आधारित हुन्छ । २०७५ भाद्र १ देखि लागू भएको अपराध संहिताले विवाह सम्बन्धी कसूर र परिणामका सम्बन्धमा विगतको भन्दा फरक व्यवस्था गरेको देखिन्छ भने मुलुकी देवानी संहिता, २०७४ ले विवाहलाई कुनै पुरूष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य

१. मुलुकी अपराध संहिता, २०७४ को भाग- २ को परिच्छेद -११ मा विवाह सम्बन्धी कसूरको व्यवस्था गरिएको छ ।

कुनै कार्यबाट एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिने भनी परिभाषा गरेको छ ।[२]

## २ विवाह र यसको परिणाम

विवाह पुरूष र महिला बिच दाम्पत्य तथा पारिवारिक जीवन प्रारम्भ गर्नका लागि कायम भएको एक स्थायी, अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित पवित्र सामाजिक तथा कानूनी बन्धन हो ।[३] तर कानूनले निर्धारण गरेको विवाह हुनसक्ने अवस्था र योग्यताका आधारमा मात्र विवाहको सामाजिक र कानूनी बैद्यता हुन्छ । नेपालको विवाह सम्बन्धी कानूनले महिला र पुरूष बिच अर्थात विपरित लिङ्ग बिच मात्र विवाह हुन सक्छ भने विवाह हुन सक्ने योग्यता अन्तर्गत महिला र पुरूषको उमेर बीस वर्ष पूरा भएकोमा मात्र विवाह हुन सक्ने भनेको छ । एउटै लिङ्ग बिचको विवाहलाई नेपाल कानूनले स्वीकार गरेको छैन तर त्यस्तो विवाहलाई प्रष्ट रूपमा फौजदारी कसूर मानिएको देखिदैन ।अर्जेन्टिना, अष्ट्रिया, बेल्जियम, ब्राजिल, डेनमार्क, जर्मनी, अमेरिका, संयुक्त अधिराज्य लगायत २८ देशमा समान लिङ्ग बिचको विवाहलाई कानूनी मान्यता दिईएको छ ।[४] यस सम्बन्धमा नेपालको सर्वोच्च अदालतले प्रचलित संवैधानिक तथा कानूनी व्यवस्था र मानव अधिकारको विषयको रूपमा समलिङ्गी विवाहलाई विश्लेषण गर्दै कुनै महिला वा पुरूषले अर्को समलिङ्गी महिला वा पुरूषसँग बस्न वा जीवन बिताउन चाहन्छ भने अदालतले त्यसमा रोक लगाउन सक्ने अवस्था नहुने भनेको छ ।[५] तर संहिताले समलिङ्गी विवाहलाई कानूनी रूपमा मान्यता दिएको भने छैन । तथापी नेपाल कानूनले विवाहलाई कानूनद्वारा नियमित हुने विषय मानेको छ । विवाह योग्य पुरूष र महिला बिच कानूनले तोकेको र निर्धारण गरेको शर्तको अधिनमा रही वैवाहिक सम्बन्ध कायम गर्न सकिन्छ ।

कानूनले कुनै महिला र पुरूष बिच विवाह भएकोमा निजहरू पति पत्नीको रूपमा रहेको मान्दछ । विवाहले पति पत्नी बिच प्रेम, सद्भाव हुनुपर्ने,

२. मुलुकी देवानी संहिता, २०७४ को दफा ६७

३. ऐ दफा ६८(१)

४. अर्जेन्टिना, अष्ट्रेलिया, अष्ट्रिया, बेल्जियम, ब्राजिल, क्यानडा, कोलम्बिया, डेनमार्क, इक्वेडर, फ्रान्स, फिनल्याण्ड, जर्मनी, आइसल्याण्ड, आयरल्याण्ड, लक्जम्बर्ग, माल्टा,मेक्सिको, निदरल्याड, नर्वे, पोर्चुगल, दक्षिण अफ्रिका, स्पेन, स्वीडेन, ताईवान, बेलायत, अमेरिका र उरूग्वेमा यस्तो विवाहलाई मान्यता दिईएको छ ।

५. प्रेम कुमारी नेपाली वि. राष्ट्रिय महिला आयोग समेत ने.का.प २०७० अंक १ नि.न. ८९४५

आपसी समझदारीबाट अन्यथा भएकोमा बाहेक निजहरूसँगै बसी पारिवारिक जीवनयापन गर्नुपर्ने र एक अर्कालाई सहयोग, संरक्षण र सम्मान गर्नुपर्ने कानूनी दायित्व रहन्छ ।[६] विवाह पश्चात पत्नीले बाबु वा आमाले प्रयोग गरेको थर वा निजको पतिको थर वा दुवै प्रयोग गर्न सक्छिन् भने थरको सम्बन्धमा प्रश्न उठेमा अन्यथा प्रमाणित भएमा बाहेक पतिको थर प्रयोग गरेको मानिने व्यवस्था छ ।[७] विवाह पश्चात आपसी सहमतिबाट छुट्टै बासस्थान निर्धारण गरेकोमा बाहेक पत्नीको बासस्थान पतिको घरमा कायम हुन्छ र एक अर्काको प्रतिनिधिको रूपमा रहन्छन । दुवैले एक अर्कालाई इज्जत र क्षमता अनुसार खान लगाउन तथा स्वास्थ्योपचारको व्यवस्था गर्नु गराउनु पर्ने दायित्व हुन्छ । निजहरूले सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने र योग्यता, सीप वा क्षमता अनुसारको पेशा व्यवसाय वा काम गर्न रोक्न लगाउन नहुने व्यवस्था गरिएको छ । वैवाहिक सम्बन्धले पति र पत्नीको बिच आपसी समझदारी विकास गरी प्रेम, सद्भाव, सहयोग, संरक्षण र सहमतिका आधारमा जीवनयापन गर्नुपर्ने कुरामा कानूनले जोड दिएको छ ।

विवाह गर्ने कुरा कुनै देशको सिमाभित्र मात्र सिमित छैन । कुनै नेपाली नागरिकले विदेशी मुलुकमा वा विदेशी नागरिकसँग कुनै पनि मुलुकमा विवाह गर्न सक्छ भने विदेशीले नेपालीसँग विवाह गर्न पाउँछ । तर यसका लागि कानूनी व्यवस्था कुन देशको अवलम्बन गर्ने वा लागू हुने भन्ने कुरा निजी अन्तराष्ट्रिय कानून सम्बन्धी व्यवस्थाले नियमित गर्दछ ।

## ३. विवाह सम्बन्धी कसूर

मुलुकी अपराध संहिताको विवाह सम्बन्धी कानूनी व्यवस्थाले निषेध गरेको कार्य गरी विवाह गरे वा गराएकोमा विवाह सम्बन्धी कसूर हुन्छ । यो व्यक्ति र समाज विरूद्धको कसूर हो । यस अन्तर्गत निम्न कार्य कसूर मानिएको छ ।

### ३.१ बाल विवाह

विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी विवाह गरेमा बाल विवाहको कसूर हुन्छ । यस्तो विवाह गरेकोमा स्वतः बदर हुने व्यवस्था गरेको छ। बाल विवाहको कसूरमा तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेको छ ।[८] साविक मुलुकी

६. देवानी संहिताको दफा ८५ र ८६

७. ऐ. दफा ८१

८. मुलुकी अपराध संहिता, २०७४ को दफा १७३

ऐनमा संरक्षकको मन्जुरीका आधारमा र लोग्ने मानिस र स्वास्नी मानिसको उमेरका आधारमा बाल विवाह मानिने कानूनी व्यवस्था रहेकामा २०७२ साल पछि यो व्यवस्था अन्त्य गरी लोग्ने मानिस र स्वास्नी मानिस दुवैको बीस वर्ष नपुगी विवाह गर्न नपाइने कानूनी व्यवस्था गरिएको थियो । यही व्यवस्था अपराध संहिताले पनि लागू गरेको छ । भारतमा विवाह गर्ने उमेर पुरूषको हकमा एक्काइस वर्ष र महिलाका हकमा अठार वर्ष तोकिएको छ भने बेलायतमा सोह्र वर्ष भन्दा कम उमेरमा गरिएको विवाह बाल विवाह मानिन्छ ।

बाल विवाह स्वतः बदर हुने र प्रारम्भ देखि अमान्य हुने हुँदा विवाहित व्यक्तिहरूको कानूनी रूपमा पति पत्नीको सम्बन्ध र दायित्व पनि समाप्त हुन्छ । बालविवाहमा एकातर्फ फौजदारी दायित्व बहन गर्नुपर्ने हुन्छ भने अर्कोतर्फ लोग्ने स्वास्नीको रूपमा सम्बन्ध पनि स्वत समाप्त हुन्छ । तर तसर्थ विवाह गर्ने र गराउने व्यक्तिले विवाह गर्ने केटा केटीको उमेर विवाह योग्य छ छैन भन्ने कुरामा हेक्का राख्नु पर्ने हुन्छ । यस्तो विवाह भएको कारणले वा शिशु जन्मिएको कारणले वा अन्य कुनै पनि कारणले बाल विवाहले कानूनी मान्यता प्राप्त गर्न सक्दैन ।

## ३.२. बहुविवाह

विवाहित पुरूषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को महिलासँग विवाह गरेमा बहुविवाह हुन्छ । विश्वमा अधिकाशं मुलुकमा बहुविवाहलाई गैरकानूनी मानिएको छ । पहिलो पत्नीको मन्जुरी भएको कुराले दोस्रो विवाहलाई बैधानिकता प्राप्त नहुने व्यवस्था गरिएको छ । नेपाल कानूनले बहुविवाहलाई फौजदारी कसूर मानेको छ । कुनै पनि विवाहित पुरूषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्न र कुनै पुरूष विवाहित हो भन्ने जानी जानी महिलाले त्यस्तो पुरूषसँग विवाह गर्न निषेध गरिएको छ ।[९]

वैवाहिक सम्बन्ध अन्त्य भएको अवस्थामा भने विवाहित पुरूषले अर्को विवाह गर्न पाँउछ । कानून बमोजिम पति पत्नीको सम्बन्ध विच्छेद भएकोमा र पत्नीले सम्बन्ध विच्छेद नहुँदै अर्को विवाह गरेमा पती पत्नी बीच वैवाहिक सम्बन्ध समाप्त भएको मानिन्छ । यस्तो अवस्थामा गरिएको अर्को विवाह बहुविवाह हुँदैन । यसका साथै पति पत्नीले कानून बमोजिम अंशबण्डा गरी भिन्न भएमा पनि अर्को विवाह गर्न सक्छन् भने पति वा पत्नीको मृत्यु भएकोमा पनि पुनः विवाह गर्न सकिन्छ ।

९. मुलुकी अपराध संहिता, २०७४ को दफा १७५

बहुविवाह गरेकोमा कसूर गर्ने गराउने व्यक्तिलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद र दश हजार देखि पचास हजार रूपैयाँसम्म जरिवानाको सजाय हुने व्यवस्था छ । साविक मुलुकी ऐनमा एघारौं संशोधन (२०५९) पश्चात बहुविवाहको कसूरमा एक वर्षदेखि तीन वर्षसम्म कैद र पाँच हजार रूपैयाँ देखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना हुने व्यवस्था गरिएको थियो । अपराध संहिताले बहुविवाह स्वतः बदर हुने व्यवस्था गरेको हुँदा यस्तो विवाह भएकोमा विवाहित व्यक्तिहरूको कानूनी रूपमा पति पत्नीको सम्बन्ध र दायित्व रहदैन । एकातिर फौजदारी दायित्व अन्तर्गत दण्ड जरिवाना बहन गर्नुपर्ने हुन्छ भने अर्कोतर्फ पति पत्नीको रूपमा कानूनी सम्बन्ध पनि रहदैन । तर निजहरूबाट कुनै सन्तानको जन्म भएकोमा जन्मिएको त्यस्तो सन्तान वा शिशुको हकमा भने कुनै असर नपर्ने र कुनै व्यक्तिको बाबु, आमा पति पत्नी हुन नसक्ने भएपनि निजहरूबाट जन्मिएको छोराछोरीको बाबुआमा माथिको अधिकार र निज प्रतिको बाबु, आमाको दायित्व कायम रहन्छ ।[१०] बहुविवाह भएकोमा शिशु जन्मिएको कारणले वा पहिलो श्रीमतीको सहमति रहेको वा अन्य कुनै पनि कारणले यस्तो विवाहले कानूनी मान्यता प्राप्त गर्न सक्ने अवस्था विद्यमान कानून अनुसार रहँदैन ।

मुलुकी अपराध संहिता लागू हुनुपूर्व बहुविवाह निषेधित कार्य मानिए पनि यस्तो विवाह बदर हुने व्यवस्था थिएन । अर्थात बहुविवाहको कसूर प्रमाणित भएकोमा कानून बमोजिम कसूरदारलाई सजाय हुने व्यवस्था मात्र थियो तर पति पत्नीको सम्बन्ध निरन्तर कायम रहन्थ्यो । नयाँ व्यवस्थामा यस्तो विवाह स्वतः बदर हुन्छ । मुलतः यो व्यवस्थाको उद्धेश्य नेपालमा बहुविवाह नियन्त्रण गर्ने मात्र नभई निवारण गर्नु हो । यो व्यवस्थाको बारेमा सामाजिक रूपमा सचेतना गराउनु पर्ने देखिन्छ ।

### ३.३ हाडनातामा गरिने विवाह

परम्परा अनुसार चली आएको अवस्थामा बाहेक हाडनाता करणीमा सजाय हुने नातामा गरेको विवाह कसूर हुन्छ ।[११] यस्तो विवाह थाहा नपाई भएको रहेछ भने बदर हुन्छ । जानीजानी भएकोमा विवाह गर्नेलाई हाडनाता करणीमा हुने सजाय र गराउनेलाई तीन महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ । हाडनातामा जानीजानी गरिएको विवाह स्वतः बदर हुन्छ र हाडनाताका पुरूषसँगको

१०. पूर्वपाद १८

११. अपराध संहिताको दफा १७२

सम्पर्कबाट शिशु जन्मिएको भए पनि यस्तो नातामा स्वतः विवाह भएको मानिदैन ।

**३.४ विवाहमा लेनदेन**

विवाहमा लेनदेन गर्ने कुरालाई मुलुकी अपराध संहिताले विवाह सम्बन्धी कसूर मानेको छ । अपराध संहिताले यस्तो कसूरलाई दुई किसिमले वर्गीकरण गरेको छ ।[१२]

**१. विवाहमा सम्पत्ति माग गर्ने वा लेनदेनको शर्त राख्ने**

परम्परादेखि चली आएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहना बाहेक कुनै किसिमको चल, अचल, दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्त राखी विवाह गर्ने कार्य कसूर हुन्छ । यस्तो कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रूपैयाँसम्म जरिवाना वा दुवै हुन्छ । संहिताले सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहनासम्मलाई गैरकानूनी मानेको छैन । विवाह गर्दा महिला पक्षसँग केटा पक्षले दाइजो तथा तिलक माग्ने, चल अलच सम्पत्ति माग गर्ने र सो आधारमा यातना दिने जस्ता कार्य हुने गरेकोले सो कार्य रोक्ने उद्धेश्यले यो व्यवस्था गरिएको हो ।

**२. विवाह पश्चात दाइजोका कारण हैरान पार्ने**

विवाह गरी सकेपछि दाइजो वा अचल सम्पत्ति माग गर्न वा दाइजो वा अचल सम्पत्ति नदिएको कारण दुलही वा निजका नातेदारलाई सताउन, हैरान पार्न वा अन्य कुनै अपमानजनक वा अमानवीय व्यवहार गर्ने कार्य कसूर हुने । यस्तो कसूरमा पाँच वर्षसम्म कैद वा पचास हजारसम्म जरिवाना वा दुवै हुने र सम्पत्ति लिएकोमा फिर्ता हुने व्यवस्था छ ।

**३.५ मन्जुरी बिना विवाह गर्ने कार्य**

संहिताले विवाह गर्ने व्यक्तिको मन्जुरी बिना विवाह गर्न गराउन निषेध गरेको छ । हरेक व्यक्तिलाई कानूनको अधिनमा रही विवाह गर्ने स्वतन्त्रता प्राप्त छ । विवाह गर्ने पुरूष र महिलाले एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गर्न स्वतन्त्र रूपमा मन्जुर गरेमा मात्र विवाह हुन सक्छ । विगतमा मुलुकी ऐनको विहावारीको महलमा विवाह गर्न लोग्ने मानिस र स्वास्नी मानिसको उमेरका आधारमा संरक्षकको मन्जुरी हुनुपर्ने अनिवार्य कानूनी व्यवस्था गरेको थियो । विवाह स्वतन्त्र सहमतिमा गरिने पवित्र बन्धन मानिएको हुँदा कसैको मन्जुरी बिना गरिएको विवाह कायम रहन सक्दैन । यस्तो विवाह बदर हुने व्यवस्था गरेको छ । यस्तो विवाह बदर गराउन सम्बन्धित पक्षले सहमति वा मन्जुरी थिएन भन्ने

१२. ऐ. दफा १७४

कुरा अदालतमा प्रमाणित गर्नुपर्ने हुन्छ । मन्जुरी बिना विवाह गर्ने गराउने कसूर गर्ने व्यक्तिलाई दुई वर्षसम्म कैद र बीस हजार रूपैयाँसम्म जरिवाना हुने व्यवस्था छ ।

**४. विवाह सम्बन्धी कसूरमा हदम्याद**

विवाह सम्बन्धी कसूरमा सो कसूर भएको कुरा थाहा पाएको मितिले तीन महिना नाघेपछि उजूर नलाग्ने गरी हदम्यादको व्यवस्था रहेको छ । थाहा पाएको भन्नाले कसले र कहिले थाहा पाएको भन्ने कुरा महत्वपूर्ण रहन्छ । साविक मुलुकी ऐनमा पनि कसूर भएको थाहा पाएको मितिले तीन महिना भित्र नालिस गर्नुपर्ने व्यवस्था रहेको थियो । सो व्यवस्थाको व्याख्या गर्दै सर्वोच्च अदालतले बहुविवाह मुद्दा नेपाल सरकार वादी भई चल्ने हुँदा नेपाल सरकारले थाहा पाएको मितिले तीन महिनाको हदम्याद शुरू हुने मान्यता स्थापित गरेको छ ।[१३] मुलुकी अपराध संहितामा पनि हदम्याद सम्बन्धमा साविकमा भएको जस्तै व्यवस्था रहेको हुँदा सर्वोच्च अदालतको उक्त व्याख्या वा नजीर लागू हुने देखिन्छ ।

**५. निष्कर्ष**

विवाह सम्बन्धी कुरा पारिवारिक मामिला भएपनि फौजदारी कानूनले विवाहका शर्त र योग्यता निर्धारण गरेको छ । नेपाल कानूनमा विवाह पुरूष र महिला बिच मात्र हुनसक्छ । विवाह गर्ने कुरा सम्बन्धित व्यक्तिहरूको बिचको स्वतन्त्रताको विषय भएपनि कानूनले तोकेको शर्त र योग्यताको अधिनमा मात्र गर्न सकिन्छ । कानूनले विवाह गर्न योग्य मानेका पुरूष र महिला बीचको मन्जुरीका आधारमा भएको विवाहले मात्र कानूनी मान्यता प्राप्त गर्दछ । मन्जुरी बिना गरिएको विवाह, झुक्याई गरिएको विवाह, हाडनातामा गरिएको विवाह, बाल विवाह, बहुविवाह र लेनदेन गरी भएको विवाहले कानूनी मान्यता प्राप्त गर्न सक्तैन । साथै यस्तो विवाह भएकोमा विवाह सम्बन्धी फौजदारी कसूर हुन्छ भने विवाह स्वतः बदर पनि हुन्छ । फौजदारी कसूरको रूपमा सम्बन्धित व्यक्ति सजायको भागिदार हुन्छ । तसर्थ विवाह गर्ने पुरूष र महिला दुवैले तथा गराउने व्यक्तिले समेत विवाहका शर्त, योग्यता, बदर हुने अवस्था र परिणाम जस्ता कुरा बुझेर र जानकारी लिएर मात्र गर्नुपर्ने हुन्छ । अन्यथा फौजदारी दायित्वका अलावा वैवाहिक सम्बन्ध पनि समाप्त हुन्छ । विद्यमान विवाह सम्बन्धी कानूनले बहुविवाह, बालविवाह जस्ता विवाहहरूलाई पूर्णरूपमा निषेध गरेको र स्वतः बदर

१३. दिपक पाण्डे वि.नेपाल सरकार ने.का.प. २०६३, अंक ५ नि.न ७६९४

हुने व्यवस्था गरेको हुँदा कुनै पनि बहानामा यस्तो विवाह गर्न वा गराउन हुँदैन । नेपाली समाजमा विवाहित पुरूषले एक भन्दा बढी महिलासँग विवाह गर्ने, सानो उमेरमा विवाह गर्ने, विवाहमा लेनदेन गर्ने, दाईजो माग गर्ने र सोही कारण महिलाहरू प्रति हिंसाजन्य कार्य हुने गरेका कारण विवाहसँग सम्बन्धित यी कार्य कानूनले निषेध गरेको हो । विवाह सम्बन्धी कानूनको यो उद्धेश्य प्रति हरेक नागरिक, व्यक्ति र कार्यान्वियन गर्ने अधिकारी सबैको ध्यान जान आवश्यक छ । ♦

कविता

## मलाई ऊ मन पर्छ

✍ **सरु बस्नेत**

दाह्री झुस्स चिटिक्क देह रचना सौन्दर्य खानी धनी
बोली झन् कति मोहनीय त्यसमा लज्जालु बानी पनि
क्या कर्मिष्ठ स्वभाव शील सुकिलो झैं व्योम भित्री मन
देखे मोहित हुन्नको पुरूषको आकारलाई भन ।।१।।

कालो बाल नशालु झन् नयनका हेराइ आहा ! अति
राजा पुत्र सरी कुनै समयको प्यारो मलाई कति
पीडा पीर लुकाइ टक्क शिरमा टोपी लगाईकन
मैले भेटिनँ गर्वशील उसको झैं सृष्टिमा जीवन ।।२।।

नेपाली पहिचानसाथ जितको माला लगाए पनि
भिर्ने भोजपुरे अदम्य खुकुरी झन् होशियारी बनी
योद्धा अर्जुन भीम लक्ष्मण सरी उस्तै मुहाराकृति
माटो रक्षक धर्म पक्षक उही दानी मनीषी धृति ।।३।।

राधाझैं प्रिय कृष्णमा मन दिई प्यासी बनी बेसरी
लाग्ने छन् युवतीहरू पछि कैयौं आफैं भनूँ के गरी
चढ्दो यौवन किन्तु ख्याल नगरी ईर्ष्या र सेखी पनि
आफ्नै मार्ग उचाइ हो पुरूषको संसारमै जीवनी ।।४।।

नारीका कति गीत काव्य कविता रच्छन् अरूले किन
तिम्रो रूप बयान रात दिन नै भन्छन् गरी थाक्दिनँ
मैले किन्तु बुझेछु यी पुरूषका सौन्दर्य भित्री मन
काटूँ खै कसरी म भन्छु उसको माया बिना जीवन ।।५।।

# अदालतको सहयोगी



✍ उपन्यायाधिवक्ता
सोमकान्त भण्डारी [०]

Amicus Curiae ल्याटिन शब्द हो । यसको अर्थ विवादलाई मित्रवत र सही ढंगले सुल्भ्फाउनु भन्ने हुन्छ ।[१] अदालतलाई कुनै जटिल कानूनी प्रश्नमा वा सार्वजनिक सरोकारको विषयमा निर्णयमा पुग्नका लागि अदातलले सहयोग मागे बमोजिम उपस्थित भई विज्ञ वा कानून व्यवसायीले सो विषयमा अदालतमा उपस्थित भई बहस पैरवी गर्नु Amicus Curiae हो । बारको सदस्य वा अन्य कुनै पक्षको तर्फबाट अदातलमा उपस्थित हुने विद्वान, जसले कुनै तथ्य वा विवादग्रस्त मुद्धाको शंकापूर्ण वा गल्ती भएको कुरा अदातललाई सूचना दिन्छ अदातलको मित्र मानिन्छ । यस्ता व्यक्ति कसैको पक्षमा नलागी तटस्थ रूपमा आफ्नो विचार व्यक्त गर्दछ ।[२]

सार्वजनिक हक, हित वा आम नागरिक समुदायलाई असर पर्ने खालको विवादको विषयमा अदातलले आफ्नो निर्णय प्रस्तुत गर्नु भन्दा पहिला कानून व्यवसायीहरूको संस्था (Bar), वा अन्य विशेषज्ञ वा जानकार व्यक्तिको सहयोगको अपेक्षा गरिन्छ वा विवादित विषयसँग विशेष रूची वा जानकारी हुन सक्ने व्यावसायिक व्यक्ति वा विशेषज्ञ स्वयंले आफूलाई प्राप्त जानकारी वा सूचना अदालतलाई उपलब्ध गराउन अदालतसँग अनुमति माग्दछ र अदालतले त्यस्तो सूचना वा जानकारी उपलब्ध गराउन अनुमति समेत प्रदान गर्दछ ।[३] अदालतको

० उपन्यायाधिवक्ता, एल.एल. एम., (फौजदारी कानून र संवैधानिक कानून), महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं ।

१.काशीराज दाहाल, अदालतका सहयोगीको अवधारणा, (२०७५), न्याय प्रशासनका आयामहरू, सोपान मासिक, काठमाडौं, पृ. १९७ ।

२.श्रेष्ठ, पूर्वपाद टिप्पणी नं. ५, पृ. ६३ ।

३.दाहाल, पूर्वपाद टिप्पणी नं. ६३, पृ. १९७ ।

अपेक्षा अनुसार विज्ञ वा कानून व्यवसायीले अनुमति लिई यस्तो सहयोग गर्दछन् । अदालतलाई मित्रवत रूपमा र सही ढंगले विवाद समाधान गर्न सहयोग पुग्ने हुनाले पनि यसलाई अदालतका मित्र (Friend of the Court) भन्ने गरेको पाइन्छ ।[४]

आधुनिक समयमा विषयको विविधता र जटिलता बढ्दै गएको छ । हरेक विषय र प्रकृतिमा समावेश भएका मुद्धाको औपचारिक निर्णय अदालतले नै गर्दछ । विवादको निरूपणका लागि पेश भएका सबै मुद्धा वा रिट निवेदनमा अदालतले न्यायिक निष्कर्ष दिनु पर्दछ । सामान्य रूपमा जानकारी, ज्ञान नभएका वा प्राविधिक विषयमा पनि निर्णय गर्नु पर्ने न्यायालयको दायित्व हुन्छ । न्यायाधीश हुँदैमा सबै विषयको जानकार हुने अवस्था हुँदैन । कुनै निर्णयले समुदायमा र दीर्घकालीन रूपमा व्यापक असर पार्ने प्रकृतिको पनि हुन्छ । सार्वजनिक हक, हित र जनजीवनमा असर पुऱ्याउने खालका विवादहरू, जटिल कानूनी र संवैधानिक प्रश्न र विशुद्ध प्राविधिक विषय आदिमा अदालतले निर्णय गर्दा यी विवादसँग सम्बन्धित विषेश वा सम्बद्ध संस्थाहरूको निष्पक्ष विचार वा राय माग गर्ने र तदअनुरूप आफूले विवादको उपयुक्त समाधान गर्ने अभ्यास विश्वव्यापी रूपमा छ । बृहत सार्वजनिक हितमा असर पर्ने प्रकृतिको विवाद, जसमा प्राविधिक विषय पनि समावेश रहेको होस् वा विवादका पक्षहरूको सहमतिमा, सहयोगी आफ्नै निवेदन परी अदालतको अनुमतिमा र अदालत स्वयंको आदेश, अनुरोध वा आह्वानमा यस्तो सहयोगलाई विवाद निरूपणको सन्दर्भमा उपयोग गर्न सकिन्छ ।

विषेश वा विज्ञ व्यक्तिले स्वेच्छाले सहयोग गर्न चाहेमा अदालतमा उपस्थित भई आफ्ना भनाइ वा बहस बुँदा पेश गर्न अनुमति माग्दछ । अदालत स्वयंले पनि विशेष प्रकृतिका विवादमा आह्वान गर्दछ । Amicus Curiae ले पक्ष वा विपक्षको तर्फबाट भिन्नाभिन्दै कानून व्यवसायीले बहसमा भाग लिन सक्दछन् । अदालतले नै Amicus Curiae माग गरेकोमा वकालतनामा राख्नु पर्दैन ।

Amicus Curiae को आवश्यकता देहायको अवस्थामा पर्दछ :

♦ विवादित विषयको जटिलता, प्राविधिकतालाई सही ढंगले निरोपण गर्न,

४. ऐजन, पृ. १९७ ।

♦ अदालत सबै आयाम र विषयमा ज्ञाता हुन्छ भन्ने धारणामा परिवर्तन भई आफ्नो पहुँच नभएका विषयमा सम्बद्ध ज्ञाताबाट अदालतले सहयोग लिई समाधान गर्नु पर्दछ भन्ने धारणा विकसित हुनु,

♦ अदालतलाई निष्पक्ष एवं वास्तविक सूचना दिन,

♦ अदालतलाई विशेषज्ञ सेवा उपलब्ध गराउन,

♦ सार्वजनिक सरोकारका विवादमा न्याय निरूपण गर्न अदालतलाई सहयोग गर्न,

♦ सम्बन्धित विशेषज्ञ वा जानकार व्यक्तिको सहयोग लिई गरिएको निर्णय कार्यान्वयन गर्न गराउन सहज तुल्याउन,

♦ विवादको निर्णयमा हित समूह, सरकारी हस्तक्षेप नगर्न र सही ढंगले उपयुक्त निर्णय गर्न,

♦ न्याय गरेर मात्र हुँदैन, न्याय परेको र गरेको पनि देखिनु पर्दछ भन्ने उक्ति चरितार्थ पार्न,

Amicus Curiae सम्बन्धमा अदालतका नियमावलीमा गरिएका व्यवस्थाहरू देहाय बमोजिम रहेका छन् :

♦ कुनै मुद्धामा समावेश भएको संवैधानिक वा कानूनी प्रश्नलाई दृष्टिगत गरी इजलासले सो मुद्धाको निरूपण गर्न अदालतको सहयोगी (एमिकस क्युरी) को रूपमा कुनै कानून व्यवसायी, सरकारी वकिल वा विशेषज्ञको सहयोग लिन सक्दछ ।[५]

♦ इजलासले आफू समक्ष विचाराधीन रहेको कुनै मुद्धाको प्रकृति र गम्भीरतालाई विचार गरी कुनै विषयमा विशेष ज्ञान र अनुभव रहेको कानूनको प्राध्यापक, कानून व्यवसायी र विषयविज्ञ वा त्यस्तो विषयमा विशेष योगदान पुऱ्याएको कुनै व्यक्तिलाई इजलासको सहयोगी (एमिकस क्युरी) को रूपमा झिकाई निजको राय लिन सक्दछ । यसरी झिकाइएको व्यक्तिले इजलासमा उपस्थित भई सम्बन्धित विषयमा आफ्नो तटस्थ राय प्रस्तुत गर्नु पर्दछ ।[६]

सर्वोच्च अदालतले पहिलो पटक Amicus Curiae माग गरी बहस गराएको मुद्धा श्यामनारायण चौधरी वि. श्री ५ को सरकार हो ।[७] यस मुद्धामा तत्कालीन न्याय सुधार ऐन, २०३१ मा २०४३ सालमा गरिएको

५.सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ८४ ।

६.सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली,२०७२ को नियम १३ ।

७.नेकाप २०४३, अंक १२, पृ. ११५७ ।

संशोधनले ल्याएको अनुमति सम्बन्धी व्यवस्थाको सम्बन्धमा सर्वोच्च अदालतको संयुक्त इजलासमा राय बाझिए पछि पूर्ण इजलासमा पेश भएको थियो । पूर्ण इजलासमा सुनुवाइ हुँदा सर्वोच्च अदालतको अनुरोध भए अनुसार वरिष्ठ अधिवक्ता वा अधिवक्ताले Amicus Curiae को रूपमा बहस गरेका थिए ।

यसैगरी तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८ को उपधारा (५) बमोजिम तत्कालीन श्री ५ (राजा) ले सर्वोच्च अदालतमा संवैधानिक वा कानूनी विषयमा राय माग गर्न सक्ने व्यवस्था थियो । सो बमोजिम राय माग गरिएकोमा सर्वोच्च अदालतले राय व्यक्त गर्नु पूर्व Amicus Curiae माग गरी बहस गराएको देखिन्छ । त्यसरी राय माग गरिएका विषयहरूमा दासढुंगा दुर्घटनाको जाँचबुझ गर्न पुनः आयोग गठन गर्ने बारे,[८] प्रतिनिधि सभाको निर्वाचन हुने मिति सार्ने,[९] प्रतिनिधि सभा विघटन गर्ने प्रधानमन्त्रीको सिफारिस र प्रतिनिधि सभा बोलाउन दिएको समावेदनको कार्यान्वयनका सम्बन्धमा कुनले प्राथमिकता पाउँछ ? र किन ?[१०] र नेपाल नागरिकता ऐन, २०२० लाई संशोधन गर्न बनेको विधेयक, २०५७ (अर्थ विधेयक) को दफा २ नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८ र ९ अनुकूल छ छैन ?[११] भन्ने रहेका थिए ।

यसैगरी तत्कालीन प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटन गरेको सम्बन्धमा सर्वोच्च अदालतमा परेका रिट निवेदनमा समेत Amicus Curiae को माग सर्वोच्च अदालतले गरेको र कानून व्यवसायीले बहस गरेको देखिन्छ । ती रिट निवेदनहरूमा हरिप्रसाद नेपाल समेत वि. प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला समेत,[१२] अधिवक्ता रविराज भण्डारी वि. प्रधानमन्त्री मनमोहन अधिकारी समेत,[१३] चित्रबहादुर के.सी. वि. प्रधानमन्त्री शेरबहादुर देउवा समेत[१४] आदि हुन् ।

८.स.अ. बुलेटिन, वर्ष २, २०५०, अंक १० ।
९.स.अ. बुलेटिन, वर्ष ३, २०५१, पूर्णांक ६०, पृ. १ ।
१०.नेकाप २०५४, अंक १०, नि.नं. ६४४६, पृ. ५३५ ।
११.सम्वत् २०५७ सालको विशेष संवैधानिक निर्देश नं. ।
१२.नेकाप, :वर्णश'भजन्मोत्सव विशेषांक, २०५२, ८८
१३.नेकाप, :वर्णश'भजन्मोत्सव विशेषांक, २०५२, पृ. ! .
१४.संवत् २०५९ सालको रिट नं. ३५४२, आदेश मिति २०५९/०४/२१ .

यसैगरी दीर्घकालीन रूपमा समाजलाई असर पार्ने, कानूनी र संवैधानिक जटिलताका सम्बन्धमा पनि Amicus Curiae को माग सर्वोच्च अदालतले गरेको र कानून व्यवसायीले बहस गरेको देखिन्छ । ती रिट निवेदनहरूमा इमानसिंह गुरुङ्ग वि. जनरल सैनिक अदालत समेत[१५] भएको बन्दी प्रत्यक्षीकरणको रिट निवेदन, मीराकुमारी ढुंगाना वि. कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय समेत[१६] भएको रिट निवेदनमा तत्कालीन मुलुकी ऐन अंशबण्डाको महलको (एघारौं संशोधन भन्दा अगाडिको) १६ नं. को व्यवस्थाले छोरीले ३५ वर्ष पुगेपछि मात्र अंश पाउने व्यवस्था संविधानसँग बाझिएको भन्ने विवाद, ज्ञानराज राई वि. मन्त्रिपरिषद् सचिवालय समेत[१७] भएको रिट निवेदनमा बिट्रिस सेनामा कार्यरत नेपालीले बिट्रिस सेना सरह पेन्सन सुविधा पाउने पर्ने विवादमा, तारादेवी पौडेल वि. मन्त्रिपरिषद् सचिवालय समेत[१८] पुरूषले श्रीमतीको मृत्यु पछि श्रीमतीको बहिनी (साली) सँग विवाह गर्न पाउने तर दाजुको मृत्यु भए पछि भाउजूले श्रीमान्‌को भाई (देवर) सँग विवाह गर्न नपाउने व्यवस्था भेदभावपूर्ण रहेको भन्ने, अन्नपूर्ण राणा वि. काठमाडौं जिल्ला अदालत समेत[१९] काडमाडौं जिल्ला अदालतले निवेदिकाले बच्चा जन्माएको वा नजन्माएको भन्ने सम्बन्धमा निजको योनी तथा पाठेघरको जाँच गर्न काठमाडौं जिल्ला अदालतले आदेश गरेकोमा सो आदेश संविधान प्रदत्त गोपनीयताको हक विरूद्ध भएको हुँदा सो आदेश बदर गरी पाउँ भन्ने, कृष्णप्रसाद शिवाकोटी वि. मन्त्रिपरिषद् सचिवालय समेत[२०] संविधानले मृत्युदण्ड हटाएको अवस्थामा केही नेपाल ऐनमा मृत्युदण्डको सजाय कायम गरेकाले संविधानसँग बाझिएको भन्ने निवेदन, कमलप्रसाद खनाल वि. नेपाल दूरसंचार प्राधिकरण समेत[२१] United Telcom

१५.नेकाप, २०४९, अंक ७, नि.नं. ४५९७, पृ. ७१० .
१६.नेकाप, २०५२, अंक ६, नि.नं. ६०१३, पृ. ४६२ .
१७.संवत् २०५७ सालको रिट नं. २६५१, आदेश २०५८/१२/०८
१८.नेकाप, २०५८, अंक ७, नि.नं. ७०१६ .
१९.नेकाप, २०५५, अंक ८, नि.नं. ६५८८, पृ. ४७६ .
२०. नेकाप, २०५४, अंक ६, नि.नं. ६३८७, पृ. २९५ .
२१.संवत् २०६०सालको रिट नं. ४८ .

Limited लाई कानूनको प्रक्रिया विपरित Limited Mobility Service संचालन गर्न दिएको भन्ने विवादमा Limited Mobility Service / General Mobile Service बीचको भिन्नता र समानताको बारेमा सर्वोच्च अदालतलाई प्राविधिक विषयमा जानकारी दिन सोसँग सम्बन्धित विशेषज्ञहरूले मुद्धाका पक्ष मार्फत मौखिक रूपमा आग्रह गरेकोमा सो विषयका विशेषज्ञको प्रतिवेदन प्राप्त भएको थियो । सो प्रतिवेदन समेतका आधारमा सर्वोच्च अदातलले सो विवादको टुंगो लगाएको थियो । यस रिट निवेदनमा कानून व्यवसायीको सहयोग नभई विशेषज्ञको सहयोग लिइएको थियो ।

यसैगरी डा. चन्द्रकान्त ज्ञवालीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौ समेत[२२] भएको रिट निवेदनमा स्थानीय निकायको निर्वाचन सम्बन्धमा, शशिकान्त तिवारी वि. सशस्त्र प्रहरी बल सुरक्षा वेस क्याप पिपरा समेतको जाहेरीले नेपाल सरकार[२३] भएको निवेदनमा तत्कालीन मुलुकी ऐन, अदालती बन्दोबन्दको महलको १९४ को सुविधा सम्बन्धमा, बसन्त रावल वि. नेपाल सरकार[२४] भएको मुद्धामा तत्कालीन मुलुकी ऐन, दण्ड सजायको महलको ४१ क. नं. फैसला कार्यान्वयनको प्रयोगका सम्बन्धमा, सर्वोच्च अदालतको प्रतिवेदन तथा अधिवक्ता टिकाराम भट्टराई समेत भएको (076-WO-0944) परमादेशमा सर्वोच्च अदालतले कोभिड-१९ को कारण सरकारले लामो समयसम्म बन्दाबन्दी (Lock Down) को घोषणा गरेको र त्यसबाट अदालतमा दायर हुने मुद्धाको हदम्याद, म्याद तथा मुद्धाको पक्षको तारिख लिने सम्बन्धमा कानूनी अन्यौलता रहेको सम्बन्धमा अडबड फुकाउने सम्बन्धमा[२५] (यो आदेश सर्वोच्च अदालतका सबै माननीय न्यायाधीशहरूको वृहत् पूर्ण इजलासबाट भएको) समेत अदालतले एमीकस क्युरीको रूपमा कानुन व्यवसायीलाई बहस गराई अन्तिम आदेश वा फैसला गरेको देखिन्छ । यसैगरी उत्तमप्रसाद

२२.नेकाप, २)७४, अंक २, नि.नं. (७७) .

२३.नेकाप, २)७४, अंक ७, नि.नं. (८३४ .

२४.नेकाप, २)७६, अंक २, नि.नं. !)!८५ .

२५. http://www.supremecourt.gov.np/web/assets/downloads/fullCourtAadesh.pdf

रिजालसमेत वि. संविधान सभा, नयाँ बानेश्वर, काठमाडौं समेत[२६] भएको रिट निवेदनमा एमीकस क्युरीको अदालतबाट आदेश भएकोमा रिट निवेदक तथा एमीकस क्युरीको रूपमा कुनै पनि उपस्थित नभएको देखिन्छ ।

२६. *नेकाप,* २०७५, अंक १२, नि.नं. १०१५० ।

♦♦♦

लघुकथा

## प्रकृती इतिहास र मानव

✍ **रन्जुश्री पराजुली**

इतिहासलाई के व्यथा लागेको छ कुन्नी, सधैं झोक्राएर बसिरहन्छ । आफ्नो सिर्जनारूपी सन्तानले त्यसो गरेको देख्दा आमा प्रकृती दुःखी हुन्छिन् । उनी सोच्दछिन "मेरो आफ्नै जेष्ठ सन्तति इतिहास जसको अमरत्वको लागि मैले ठूलो योगदान अर्पेको थिए । हुन त म आमा हुं, त्यसो भन्न हुँदैन थियो । आफ्ना सन्ततिका लागि जुनसुकै आमा पनि समर्पित हुन्छन् । तर मेरो हुर्काइमा केही कमि कमजोरी भयो कि ? किन होला आज मेरो इतिहास सुष्क छ ?

आमा प्रकृती एकोहोरो फत्फत गर्दै थिइन् "इतिहासलाई हुर्काउदा, शिक्षादिक्षा दिँदा मैले सबै थोक नमूनाको रूपमा रहने गरी विकास गरेको थिए । उसले पनि सोहि अनुरूप आफूलाई ढालेको थियो। तर वर्तमान भाई कहाँ आइपुग्दा उसको छवी धुमिल भएको छ । मेरो सन्तति इतिहासलाई धेरैले बिर्सी सक्केका छन् ।

माता प्रकृतिले जेष्ठ सन्तति इतिहासबारे गरेको गुनासो पुत्र वर्तमानले सुनिरहेको थियो। दाजु इतिहासलाई वर्तमान आफूहरूले बिर्सिएको, उसले गरेका शुकार्यहरू तहस नहस गरेकोमा केही आत्म ग्लानी भयो ।

इतिहास नाम धारी जेठो दाजु, वर्तमान नामधारी आफू माहिलो र भविष्य नाम धारी भाईको एकै पटक साक्षात्कार हुन नसके पनि जेठोको शुकार्य माहिलोले पछ्याउँदै त्यसबाट कान्छो भाई भविष्यलाई केही शुभ सन्देश छोडेर अनन्त सम्म फराकिलो इतिहासको शुकिर्ती फैलाउने दृढ संकल्प जागेर आयो। आमा प्रकृतीलाई प्रसन्न तुल्याउने त्यही उपाए उसलाई सुझ्यो ।

भन्ने बेलामा "माता प्रकृती" भन्ने तर भाई वर्तमानको पालामा चाहीं "प्रलोभन देखाउने, लडाई झगडा गर्न उक्साउने "इर्ष्या, डाहको होडबाजी गराउने जस्ता नक्कली आमाहरूको पछि लाग्ने प्रवृत्ति बढेको छ । सृष्टिकर्ता माता केवल एउटी मात्र छिन् । तिनी हुन् "प्रकृती माता" तिनका तीन सन्ततिले एक अर्कोले देखाएको मार्गमा उज्यालो छर्नुपर्छ।

# म को हुँ ?



✍ पूर्व प्र.ना.म.नि.ई महेशसिंह कठायत

म को हुँ ? यो संसार कसरी उत्पन्न भयो ? यसको कर्ता को हो र यस जगतको उपादान (source) के हो ? हामीलाई दुःख-मृत्यु एवम् जडताबाट छुटकारा दिलाउने त्यो विचार कस्तो छ ? म को हुँ ? आफैले यस्तो विचार गर्न नसके कसैसँग सहायता लिई गर्नुपर्छ । कुनै महात्मा सँग एक जिज्ञासुले सोध्यो, महाराज म धेरै दुःखी छु, के गरू ? महात्माले भने "मलाई थाहा छ, तिमीलाई वस्त्र भोजनको अभाव छैन । व्यवहार पनि ठीक सित चल्दै छ, तब तिमी किन दुःखी छौं ? उसले भन्यो "मलाई सम्बन्धीहरूको वियोग तथा आफ्नो मृत्युको डर लाग्छ । म अज्ञानी छु "महात्माले भने", म दुःखी छु, अज्ञानी छु भन्ने तिम्रो चित्तको स्फुरण मात्र हो । तिमी यिनको साक्षी हौं । तिमीले आफ्नो अज्ञानलाई आफ्नो दुःखलाई देखेका छौं । अतः तिमी यिनको प्रष्टा हुनाले यिनबाट प्रधक छौं, तिमी न चित्तका यी स्फुरणहरूको प्रकाशक हौं । जो सुखी र दुःखी देखिन्छ, त्यो तिमी होइनौ । तिमी त त्यो हौं, जसलाई यो देखा पर्छ । "यस प्रकार विचार गर्दा, म को हुँ ? म गृहस्टा ब्राह्मण, क्षेत्रिय, वैष्य, हिन्दु, मुसलमान, ईसाई, मनुस्य, देवता, युवा, वृद्ध, सुतेको उठेको आदि हुँ भन्ठान्नु चित्तका लहर (Hearfs wave) हुन् । यसमा जुन एकरस (Constant) छ सो आफ्नो स्वरूप हो । देश, काल र वस्तुमा परिवर्तन भइरहन्छ, किन्तु यिनीहरूको साक्षी जुन छ, त्यो यी भन्दा पर छ । त्यो अखण्ड ब्रम्ह हो । यो शरीर जुन अज्ञानले म मानिएको छ, संसारको एक अंश हो । यो संसार कहाँबाट उत्पन्न भयो ? सुतेको बेला यो अज्ञानमा लिन हुन्छ । र जागा हुँदा अज्ञानबाट निस्कन्छ । यस अज्ञानको पछाडि जुन चेतन बसेको छ, यसैमा सृष्टिको उदय विलय अज्ञानद्वारा हुन्छ, त्यस चेतनामा अज्ञान छदै छैन । त्यस्तै अर्को ठूलो प्रश्न छ, यस सृष्टिको कर्ता को हो ? जुन वस्तु

अज्ञानबाट आसित हुन्छ, त्यो वास्तममा हुँदै हुँदैन, जो छँदै छैन, केवल प्रतित हुन्छ, परमार्थमा त त्यसको कर्ताको कुरा पनि कल्पना मात्र हो । स्वप्नाको कर्ता–कार्य भाव स्वप्नाकालमा सत्य भए पनि परमार्थमा (जागृत) त मिथ्या नै हो । अर्थात सृष्टिको वास्तविक अस्तित्व नै छैन स्वप्ना जस्तै हो, त्यसैले यसको कर्ता हुने कुरा नै भएन । त्यस्तै अर्को गहन प्रश्न छ, यस सृष्टिको उत्पादन के हो ? जुन लियरले केही बनाईन्छ, त्यो बनाइएको पदार्थको उपादान हो घडा (घैंटा) को उपादान माटो तथा वस्त्रको उपादान कपास हो । घडाको आकारमा जति माटो छ, त्यति माटो घडाको उपादान हो । त्यस्तै संसारको उपादान के हो ? हामीलाई लाग्छ यो ज्यादै कठिन प्रश्न हो । तर कठिन प्रश्न पक्कै होइन बस्, यो अज्ञान नै यस सृष्टिको उपदान हो । वास्तवमा सृष्टिको उपदान पनि हामी नै हौं र यसका कर्ता पनि हामी नै हौं । घडामा माटो छ कि माटोमा घडा छ ? घडामा माटो छैन । घडाको नाम रूप माटोमा कल्पित छ । यसै गरी देश, काल, वस्तु अखण्ड चेतनमा कल्पित (Image) हुन् (चेतन) त्यो देश, काल र वस्तुमा छैन। यस प्रकारको चिन्तन ि वचार हो ।

आत्मा व्यापक र एक छ, त्यसै हुनाले आत्मा एउटै छ । अनेक छैन । आत्मा कर्ता–भोक्ता हुँदो हो त अनेक हुने थियो । एक हुनाले सुखी छ । अन्य अनेक दुःखी हुन्छ । कर्ता भोक्ता आदि धर्म विशिष्ट एकलाई स्वीकार गर्न हो, भने एकको सुखमा सबैको सुख, अनि एकको दुःखमा सबैको दुःख हुने प्रसङ्ग आउला तर यस्तो अनुभव हुदैन । यसैले कर्ता भोक्ता नाना (Coer) स्वीकार गरिएको छ । आत्मा कर्ता एवम् अभोक्ता हो अतः आत्मा एक छ । एउटै आत्मा सर्व शरीरहरूमा व्यापक छ ।

म को हुं ? संसार कसरी उत्पन्न भयो यसको कर्ता को हो ? र सृष्टिको उपादान के हो ? आदि भन्ने प्रश्नलाई अर्थात प्रश्नहरूमाथि दार्शनिक विधिले विचार गर्नु भन्दा पहिले "म को हुं ? भन्ने प्रश्नलाई मनोवैज्ञानिक ढङ्गले केही विचार गरौं । म नत पंचभुतले बनेको शरीर हुं, न इन्द्रिय नै, न भूत हुं न भुतगण (ghosts) काल र देश अनन्त छ । त्यसमा ब्रह्माण्डको सिमीत आयु तथा ब्रहमाण्डको विस्तार कति छ ? केही थाहा छैन । अतः यस परब्रह्मा परआत्मामा न देश छ न काल, न वस्तु, म छैन वा ज्ञान छैन भन्ने अनुभव कसैलाई हुन सक्दैन । म नै अनन्त (Infinite) देश, एवम् कालको त्यो अधिष्ठान (basis) हुं जसमा अनन्त कोटी ब्रह्माण्डहरूलाई कुनै

स्थान छैन । जसको वर्तमान समाप्त सकिदैंन, त्यो हो भुत (Past) कसैले हामीसँग समय सोध्यो भने हामी तत्काल घढी हेर्छौं । किन्तु जब हामी समय बताउन थाल्दछौं, त्यस बेलासम्म त सेकेन्डका कयौं भाग (Eachon of second) बितिसक्छन् । काललाई पक्रन असम्भव छ, काल अनन्त छ । साथै देश (Space) अनन्त छ । म देह भनेर बस्दछु, अनि पूर्व-पश्चिम, उत्तर-दक्षिण, माथि तल तथा भुत भविष्य वर्तमानको कल्पना खडा हुन्छ । अनि म नै यो, त्यो पूर्व- पश्चिम तथा भुत, भविष्यको निर्माता हुन्छ । देह त पञ्चभूतको उपचय (Corer) कोष हो ।

हाड-मासु, मेद स्थानायु रक्त, मलमुत्रको राशीको नाम देह हो । हामी यस देहमा न रगत हौ न मासु, न हाड, न स्नायू । अर्थात हामी देह होइनौ, जुन वस्तु आफ्नो होइन त्यसलाई आफ्नो मान्नु दुःखको कारण हुन्छ । कसैले घडी-घडी, कपडा-घर खेत-पसल आदीलाई आफ्नो मान्यौं भने त्यसको लागि झगडा हुन्छ । म देहलाई "म" मानेर दुःखी भइरहेको छु । यो हो "संसगिध्यास" । जिवनमा धेरै पटक भ्रम हुन्छ, "यो चिज मेरो हो" त्यसैले गर्दा हामी दुःखी हुन्छौं । पछि थाहा हुन्छ त्यो आफ्नो होइन । देह मेरो कसरी भयो ? हाम्रो पिठोले बनेको रोटी हाम्रो भने जस्तै, मेरो वस्तुहरूले बनेको हुँदा देह मेरो भनेको हो की ? ठिक छ, त्यसो भए देहको उपादान के हाम्रो हो ? देहमा जुन माटो, पानी, आगो, हावा र आकाश छन् के ती हाम्रो हुन् ? यदी हैनन् भने देह चाहिं कसरी हाम्रो भयो ? हामी त यस देहलाई मात्र होइन, यसको पुच्छर (नाम-रूप, पुज-परिवारलाई मेरो भन्दछौं । जब मानिसलाई पक्षघात हुन्छ, प्राण रहे पनि हात, गोडा उठाउँदा उठ्दैनन् । हामी अब त सहजै बुझ्न सक्छौ, आफ्नो यो देह माथि यो कस्तो स्वामित्व हो ?

आफ्नो श्रमले देह बन्ने भए के कोही सर्प, बिच्छी वा किरा बन्न चाहन्छन् ? तिम्रो देह तिम्रो आफ्नो श्रमले पनि बनेको होइन, अनि तिम्रो शरीर तिम्रो कसरी भयो ? कुनै पदार्थ आफ्नो पदार्थले बनेको भए, आफ्नो श्रमबाट बनेको भए किनेको भए वा शत्रुबाट जितेको भए आफ्नो हुन्थ्यो । कसैले देह तिमीलाई दानमा दिएको होइन, पैतृक सम्पत्ति झैं त्यो कानूनी रूपमा पाएको होइन, शत्रुलाई जितेर पाएको पनि होइन । यस देहमा तिमी दत्तक आएको पनि होइनौं । यस प्रकारले विचार गरेमा देहमा म मेरो भन्ने भाव कुनै पनि विधानबाट सिद्ध

हुँदैन । यो त मूर्खता पूर्ण स्वतन्त्रता हो, कि त्यसले भनिएको छ । "नाअहम भुतगणो दे होन नाअहम् चाअक्षगणस्तथ" अर्थात म अक्षगण (आँखा) कान, जिभ्रो, त्वचा, नाख आदि मध्ये कुनै पनि ईन्द्रिय होइनन् न इन्द्रिय समूह हुँ न इन्द्रिय समूह छु । यो इन्द्रियहरू सित मेरो मानिएको सम्बन्ध छ । म एक छु, यी पाँच दश छन् । यी त यन्त्र हुन् ।

♦♦♦

लघुकथा

# शिथिल तिर्सना



✍ **ईन्द्रकुमार श्रेष्ठ**

ऊ उनीप्रति पागल भइसकेको थियो । त्यसैले ऊ सदैब उनीसँगको भेटको प्रतीक्षामा हुन्थ्यो, स्पर्शको खोजीमा हुन्थ्यो, एकान्तको ताकमा हुन्थ्यो र कल्पनामै हराइरहन्थ्यो ।

छातीमा मनमोहक पहाडी सुन्दरता छ, आँखामा अनौठो मोहनी छ, मुस्कानमा असह्य जादू छ, दाँतमा अपूर्व शोभा छ, सारा शरीरमा लठ्याउने मादकता छ ऊ यस्तै के के के के सोच्दैं बस्थ्यो । भेटमा पनि यस्तै कुराहरू भन्थ्यो । कल्पनामा रमाउनमा र भन्नमा नै ऊ रमाइरहन्थ्यो ।

कति पटक उसले उनलाई भेट्नासाथ भनेको थियो, आग्रह गरेको थियो, फकाएको थियो । यद्यपि उनले मानेकी थिइनन् । उसले कति पटक विश्वस्त पार्दै भनेको थियो 'म छु नि, म छु नि, जे परे पर्ला, जे परे पर्ला ।'

दशौं पटकको अनुनय विनयपछि, एक दिन एकान्तस्थलमा आखिर ऊ पनि पग्लिई र राजी भई । विशेषतः जे परे पर्ला...ले उनलाई पनि लोभ्याएर तानि छाड्यो । त्यसैले उनले पनि एकान्तमा आफूलाई, उसको रमाइलोमा सुम्पिदिई । आहा ! उसले कति समयदेखि चाहेको कुरो पायो ! पाएर ऊ साह्रै रमायो, असाध्यै रमायो । एकैछिन उसले आफैंलाई हरायो । संसारै बिर्स्यो । त्यो पाँच मिनेटजतिको छोटो समयावधिमा ऊ, अति नै भारी भारी आभारी पनि भयो । तर शिथिल भएपछि उसले सम्हालिंदै भन्यो 'ल है म त केही पनि जान्दिनँ है ! जेसुकै होस् ।'

# अपराधको कारणको सिद्धान्त



✍ पूर्व प्र.व.उ.विक्रम गुरुङ

अपराधका कारणहरू बुझ्न विभिन्न कालखण्डहरूमा फरक विभिन्न दृष्टिकोणहरू अपनाइएको छ। अठारौं शताब्दीको मध्यसम्मको व्याख्या अनुमानमा (Assumption) मात्र आधारित थियो। अठारौं शताब्दीको अन्त्य र उन्नीसौं शताब्दीको शुरूको वर्षहरूमा अपराधको केवल एउटा कारकबाट (Single Factor) अध्ययन शुरू भयो। उन्नीसौं शताब्दीको मध्यदेखि, मात्रात्मक (Quantitative) र परिमाणात्मक (Empirical) अनुसन्धानको आधारमा तथा मूल स्रोत तथ्यहरू र तथ्यांकहरू प्रदान गरेर केही सरल तथा साधारण कारकद्वारा अपराधका कारणहरूको विवरण दिन थालियो । बिसौं शताब्दीको शुरूका तीन चारदशकहरूमा यद्यपी यो युगान्तिक दृष्टिकोण धेरै प्रचलित थियो तर वर्तमानमा सम्पूर्णताको सिद्धान्तको (Holistic theory) मान्यता अत्यधिक रहेको छ।

यस सिद्धान्त (Holistic) अन्तर्गत, अपराधको विश्लेषण एक वा धेरै कारकहरूको संग्रहको आधारमा नगरी, यसको सम्पूर्ण सन्दर्भको अंशको ( Part of total context ) रूपमा गरिएको हुन्छ जसमा प्रत्येक अपराधको अनन्त कारकहरू (Infinity of variables) भेटिन्छन्। यी कारणहरूमा व्यक्तिका शारीरिक रचना, उसको सामाजिक अनुभव, अपराधिक कार्य गर्दा उसको मानसिक अवस्था, उत्पन्न परिस्थितिमा उसको प्रतिक्रिया आदि समस्त तत्व समावेश गरिएको हुन्छ । त्यसकारण बहुपक्षीय भन्दा पूर्णताको यो दृष्टिकोण फराकिलो छ र यसले अपराधको सरल, साधरण कारणहरूको धारणालाई अस्वीकार गर्दछ ।

अनुभवजन्य (Empirical) अध्ययनमा, सम्पूर्णताको दृष्टिकोण अनुसन्धानकर्ताको लागि धेरै गाह्रो हुन्छ। विभिन्न कारणहरूको पारस्परिक सम्बन्धको सिद्धान्तलाई आजकल स्विकार गरिएको भए पनि अपराधको

कारणहरूको वैज्ञानिक विश्लेषणका लागि सम्पूर्ण कारक तत्वहरूको अध्ययन नगरी छनौंट गरिएको केही कारणहरूलाई लिएर अध्ययन गर्नु पर्ने मान्यता रहेको छ । छनौंट गरिएको कारणहरूको अपराधसँगको सम्बन्ध थाहा हुनु पर्दछ । यसरी छनौंट गरिएको कारणहरूको अध्ययन गर्दा कुन कुन परिस्थितिमा यी कारक तत्वहरूले अपराधलाई असर गर्दैन भन्ने पनि थाहा पाउनु पर्दछ ।

ईटालिय Cesare Beccaria भन्ने विद्वानले १८ औं शताब्दीमा आफ्नो पुस्तक 'An Essay on Crimes and Punishment' मा उल्लेख गरेका छन्- व्यक्तिको व्यवहार उनीहरूको सुख दुःखको (Pain and Pleasure) भावनामा निर्भर रहन्छ । व्यक्ति रमाईलो काम गर्न उत्साहित हुन्छ तर पीडादायी कामबाट उम्किन खोज्दछ । व्यक्तिले केही असामाजिक कार्यहरू आनन्द प्राप्तिको लागि गर्दछ । दण्डको डरले व्यक्तिको व्यवहारलाई नियन्त्रण गर्दछ । व्यक्तिहरूबाट हुने असामाजिक कार्यहरूको नियन्त्रण गर्नको लागि दण्ड सजाय तोकिनु पर्दछ जसले गर्दा अपराधीहरूलाई दण्ड सजायको डरले अपराध गर्नबाट रोक्न सक्दछ ।

ब्रिटिश दार्शनिक Jeremy Bentham ले अपराधी कानून, कानून सुधार (legal reform) आपराधिक व्यवहारसँग सम्बन्धित आफ्नो विचार व्यक्त गरेका छन् कुनै पनि अपराधीले उसले गरेको अपराधिक कार्यबाट जति सुख प्राप्त गर्दछ कानूनले त्यतीनै सजाय निर्धारण गर्नु पर्दछ । त्यस भन्दा बढीको दण्ड सजाय अनावश्यक रूपमा पशुवत, क्रुर तथा अन्यायपूर्ण हुनेछ ।

Cesare Beccaria को मत थियो दण्ड सजायको प्रकृती वा मात्रा अपराधीले गरेको अपराधको गम्भिरतामा आधारित हुनुपर्दछ । अपराधीले गरेको अपराधको कारणले हुन् सक्ने सामाजिक क्षतिको मूल्यांकनको आधारमा दण्ड सजायको निर्धारण हुनुपर्दछ । यस आधारमा Cesare Beccaria ले अपराधलाई तीन प्रकारले उल्लेख गरेका छन् -

**(i)** समाजका सबै सदस्यहरूको अस्तित्व समाप्त हुन सक्ने किसिमको अपराध

**(ii)** व्यक्तिको सम्पत्ति र सुरक्षालाई क्षति पुऱ्याउने अपराध

**(iii)** सार्वजनिक शान्ति भंग गर्ने किसिमको अपराध- यी तीन अपराधले समाजलाई पुग्ने विभिन्न क्षतिको प्रतिनिधित्व गर्दछ। त्यसर्थ प्रत्येक दण्डको मात्रा पनि फरक हुनुपर्दछ । Beccaria को दण्डको लक्ष्य अपराधीलाई कष्ट दिनु (Inflicting Pain) होईन

समाजलाई थप हानि हुनबाट बचाउनु र सम्भावित (Potential) अपराधीहरूलाई अपराध गर्नबाट रोक्नु थियो।

उक्त सिद्धान्तहरूको आधारमा यसका प्रमुख चार तत्व उल्लेख गरिएको छ ।

**(i)** प्रत्येक अपराधको लागि एउटा निश्चित दण्ड व्यवस्था हुनुपर्दछ र कुनै भेदभाव गरिनु हुँदैन

**(ii)** सजायको मात्रा सामाजिक आवश्यकता र जनकल्याणमा हुने क्षतिको आधारमा निवारक प्रभावमा (Deterrent influence)सीमित हुनुपर्दछ र सजाय अपराधको उद्धेश्यमा नभई कार्यको (Act) आधारमा हुनुपर्दछ

**(iii)** सबै व्यक्ति समान हुने भएकोले सबै आपराधिक व्यक्तिसँग समान व्यवहार गरिनु पर्दछ र समान किसिमले दण्ड दिनु पर्दछ

**(iv)**व्यक्तिको अधिकार र स्वतन्त्रताको रक्षा हुनुपर्दछ । यसबाट के स्पष्ट हुन्छ भने Beccaria अपराधीलाई कठोर यातना तथा प्राण दण्ड दिने सिद्धान्तको विपक्षमा थिए ।

यस सिद्धान्तका केही कमजोरीहरू पनि थिए जस्तैः

**(i)** सबै अपराधीहरूलाई तिनीहरूको उमेर, लिंग वा बौद्धिकतामा भेदभाव नगरी समान व्यवहार गर्नुपर्दछ

**(ii)** अपराधको प्रकृतिलाई कुनै महत्व दिइएन, जस्तैः अपराध साधारण हो वा जघन्य। त्यसरी नै, अपराधीको प्रकारलाई पनि महत्व दिइएन, जस्तैः पहिलो अपराध थियो, वा आकस्मिक वा पेशेवर अपराधी थियो।

**(iii)** कुनै व्यक्तिको व्यवहारलाई 'स्वतन्त्र इच्छा' को सिद्धान्तमा व्याख्या गर्नु र 'उपयोगितावाद' को सिद्धान्तमा दण्ड दिनु अव्यावहारिक दर्शन हो, जसले अपराधलाई अमूर्त मान्दछ र जसको वैज्ञानिक दृष्टिकोण निष्पक्ष र अनुभवजन्य मापनको अभाव हो।

(iv) यसमा न्यायसँगत आपराधिक गतिविधिहरूको लागि कुनै प्रावधान थिएन।

**(v)** उनीहरू आपराधिक कानूनमा सुधार गर्न चाहन्थे, बरू अपराधलाई नियन्त्रण गर्ने र अपराधको सिद्धान्तमा दण्डको कठोरतालाई कमी गर्ने, निर्णायक प्रणालीको गल्ती हटाउने, देश बाहिर निकाल्ने र फाँसीको सजायलाई अन्त्य गर्ने । कारागार पठाउने प्रक्रिया अपनाउने, र नैतिकता नियमित गर्ने ।

कुनै पनि व्यक्ति सम्भावित आपराधिक हुन सक्छ, तर ऊ अपराधी हुनको लागि दुई कारकहरूले निर्धारण गर्दछ। उसको प्रकृति र उसको वातावरणले प्रभाव पार्दछ । मन्दबुद्धि

बौद्धिक वंशानुगत हुन सक्छ, तर आपराधिकता वंशानुगत हुँदैन। यसको विपरित, समाजशास्त्रीहरू तर्क गर्छन् कि आपराधिक व्यवहार सिक्न सक्छन् र सामाजिक वातावरण अवस्था अनुसार हुन्छ । समाजको अवस्था वा वातावरण यस्तो हुन्छ कि जसको कारणले व्यक्तिले अपराध गर्दछ। उदाहरणका लागि, आर्थिक परिस्थितिमा रहेको पूँजीवादी प्रणालीमा मानिस आफैमा मात्र केन्द्रित हुन्छ र यसले उसमा स्वार्थ बढाउन उक्साउँछ। मानिस केवल आफ्नो लागि उत्पादनमा रूचि राख्छ, विशेष गरी अतिरिक्त फाइदा प्राप्त गर्न उसले नाफासँगै आदान प्रदान गर्दछ। अन्य मानिसहरूको आवश्यकतामा चासो राख्दैन। यसप्रकार पूँजिवादले सामाजिक दायित्वहीनतालाई जन्म दिन्छ, परिणामस्वरूप अपराध हुन्छ। भौगोलिक व्याख्याले मौसम, तापमान र आर्द्रता जस्ता भौगोलिक कारणहरूको आधारमा अपराधको मूल्यांकन गर्दछ। वास्तवमा त्यहाँ कुनै शंका छैन कि 'अपराध र आपराधिकरण' सम्बन्धी सबै सिद्धान्तहरूमा केही कमीहरू हुन्छन्। कुनै पनि सिद्धान्त आफैमा पूर्ण हुँदैन ।

हाम्रो समाजमा, लगभग सबै श्रेणीहरूमा अशान्ति बढिरहेको छ, किनकि सामाजिक सम्बन्ध र सामाजिक बन्धनमा विखण्डन भइरहेको छ। युवा, किसान, औद्योगिक कामदार, विद्यार्थी, सरकारी कर्मचारी र अल्पसंख्यक बीच अशान्ति व्याप्त छ। यो अशान्तिले तनाव र निराशालाई बढाउँदछ जसले गर्दा कानूनी र सामाजिक मापदण्डहरूको उल्लंघन हुने गर्दछ।

हाम्रो समाजमा अपराधीहरूलाई दण्ड र उपचारका लागि दुई विधि अपनाईन्छ काराबास, र केहीलाई जरिवाना पनि । कारागारमा राखी कैदीहरूलाई सजाय दिँदा र व्यवहार गर्दा उनीहरूलाई उदार र कठोर सन्तुलित नीति अवलम्बन गर्नुपर्दछ । कारागार प्रणालीलाई अझ प्रभावकारी बनाउन र अपराधीहरूलाई सुधार गर्नका लागि अन्य उपायहरूको पनि आवश्यक पर्दछ। विचाराधीन मुद्धाका बन्दीहरूलाई कारागारमा रहेका अन्य कैदीहरूसँग एकै कारागारमा राख्नु हुँदैन । कारागार प्रशासनले कैदीहरूको मुद्धाको फाईलहरू हेरेर, ब्यारेक तोकिनु अघि वा काममा दिनु अघि उनीहरूको उचित रूपमा विश्लेषण गर्नुपर्दछ। कारागारमा रहेका कैदीहरूलाई आफूले चाहेको कामको छनौट गर्ने स्वतन्त्रता दिनुपर्दछ ।निजी उद्योगहरूलाई कारागारमा ल्याउन प्रोत्साहित गर्नु पर्छ। कैदीहरूले उनीहरूको गुनासो व्यक्त गर्नको लागि प्रभावकारी माध्यम प्रदान गर्नुपर्दछ । अनिश्चित सजाय प्रणाली

लागू गर्नुपर्दछ, ६महिना भन्दा कम सजायको लागि कैदीहरूलाई कारागार पठाउने पद्धतीलाई निरूत्साहित गर्नुपर्दछ, राज्य स्तरमा जेल उद्योग ब्यूरो स्थापना गर्नुपर्दछ ।

अर्थात कैदीहरूलाई नयाँ जीवन सुरू गर्न प्रोत्साहित गर्ने कार्यक्रमहरू बनाउनु पर्नेछ। अर्को विकल्प कसूरदारलाई सुधारको लागि निरीक्षणमा राखेर गर्ने व्यवहार प्रोबेशन जेल (Probation Prison) हो। प्रोबेशन जेलको अर्थ अदालतले अपराधीलाई गरेको सजाय स्थगित गर्नु र उसलाई केही सर्तमा रिहा गर्नु ताकि ऊ समाजमा प्रोबेसन अफिसरको निगरानीमा वा प्रोबेसन अधिकारी बीना परीक्षणकालको लागि रहन सकोस। कारागार प्रणालीको अनुपातमा प्रोबेशन जेल (Probation Prison) मा केही फाईदाहरू हुन्छन् । प्रोबेशनमा छुटेका अपराधीहरूलाई कुनै कलंक लाग्दैन । प्रोबेशनमा रहेका व्यक्तिहरूको आर्थिक जीवन भंग हुन पाउँदैन । उसको परिवारहरूले कुनै किसिमको कष्ट सहनु पर्दैन । अपराधी भनिएको व्यक्तिको मनोभावना पनि कुन्ठित हुन पाउँदैन र सरकारको लागि आर्थिक भार कम पर्दछ। यसका पनि केही नकारात्मक पक्षहरू रहेका छन्, अपराध गर्ने व्यक्ति त्यही ठाउँमा रहन्छ जहाँ उसले अपराध गरेको थियो, उसलाई सजायको कुनै डर हुँदैन। तर यस पक्षलाई तर्क संगत मानिदैन ।

निष्कर्षमा सुधारको व्यवस्थालाई अझ प्रभावकारी बनाउन व्यवस्थापकिय रूचि र मानवतावादी रूचिको साथ साथै कारागार प्रशासनमा सुधारको आवश्यकता छ । ♦♦

## गीत



**होम थापा**

मैले जस्तै सम्भिmदिने भए तिम्ले पनि
रूनु किन पर्थ्यो आज माया माया भनि

दिएकोथे खुशीहरू पीडामात्र पाए
हाँसो दिदाँ आँशु पाउने कस्तो रैछ माया
तिम्रो जस्तै स्वार्थी माया भए मेरो पनि
रूनु किन पर्थ्यो आज माया माया भनि

बिर्सिएर गए तिम्ले मर्छु भन्थ्यौ आफै
आखिरीमा मलाई नै मार्यौ चालै नपाई
सक्ने भए तिमी जस्तै हुन म पनि
रूनु किन पर्थ्यो आज माया माया भनि

मैले जस्तै सम्भिmदिने भए तिम्ले पनि
रूनु किन पर्थ्यो आज माया माया भनि

# अबला र सबला
## भाग-२



✍ गोपाल चन्द्र भट्टराई

आफू दिनभरि काम गरेर लखतरान भएर साँझमा घर फर्कदा आफ्नो घरको चुलोमा कुनै अपरिचित महिला खाना पकाइरहेकि छ, 'तिमी को हौं' भनेर सोध्दा 'म तिम्री सौता हुँ' भन्छे भने कस्तो हुन्छ होला एउटी सोझी ग्रामीण महिलालाई ! त्यही भइरहेको छ अहिले गोमालाई ।

दुई हप्ता अगाडि घर छोडेर हिंडेको लोग्ने चैं घरमा देखिंदैन तर सौता हुं भन्ने आइमाई चैं 'तेरो लोग्नेको बच्चा मेरो पेटमा छ' भन्दैछे । आफू यत्तिका वर्ष बाँझी भनिएर बसेकी गोमालाई यो भन्दा पीडादायक र रिस उठ्ने अर्को के कुरा हुन सक्थ्यो र ! उसले भाँडभैलो मच्चाई भान्सा कोठामा, कर्कश स्वरमा कराई, भाँडाकुँडा हुऱ्याई, काट्न लखेटी उसकी सौता भनिएकी पार्वतीलाई र सबै थोक गरी जो उसको सामाथ्र्यमा थियो ।

तर दुर्भाग्य, उसको सामाथ्र्यको सीमा थियो । केही समय पछि आफ्नो शक्ति र सामाथ्र्यले भ्याउने यो भन्दा अरू केही रहेनछ भन्ने जब उसले बुझी, ऊ लाचार भएर चिसो भुइँमा थच्चिई । उसकी सौता भनिएकि पार्वती पनि अब आफू सुरक्षित छु भन्ने बुझेर सामान्य बन्दै गई र भान्साको अघि रोकिएको काम पुनः सुरू गरी ।

पार्वतीले अघि घोप्टिएको कसौंडीमा पानी थपेर फेरि भात बसाई र त्यहीं अँगेनाको छेउमा बसेर चुपचाप गोमाको बेदनाले भरिएको आर्तनाद सुनिरही । ऊ अचानक चर्चरी चिरीएको हृदयबाट निस्किएको रगतको आँशु झारिरेहेकी थिई, मनको बाँध फुटेर वेगसँग सुसाउँदै बगिरहेकी थिई । त्यसैले पार्वतीलाई गोमालाई सम्झाउन वा उसको परिस्थितीमा तुरून्तै हस्तक्षेप गर्न उचित लागेन । उसले गोमालाई उसकै हालतमा छाडिदिई ताकि ऊ हल्का होस्, उसको बेदना पोखिएर शान्त होस् ।

तर त्यस्तो भएन । गोमा त झन् झन् उर्लिएर बग्न थाली । बिक्षिप्त जस्तै बनी । खुट्टा भुँइमा लमतन्न

पसारेकि छ, अस्तव्यस्त कपाल उसको अनुहार भरी फैलिएको छ, लगातार रोइरहेकि छ, कहिले आफैंलाई चिथोरेकि छ, कहिले आफ्नै कपाल लुछेकि छ, न्याल सिंगान भएकी छ । उसको अत्यन्त हृदयविदारक अवस्था देखेर पार्वतीका समेत आँखा रसाए । पार्वतीले अब भने परिस्थिती सम्हाल्नै पर्ने देखेर बिस्तारै गोमाको छेउमा गई र अत्यन्त स्नेहपूर्वक उसका दुवै हातहरू समाई ।

"दिदी सम्हाल्नुहोस् आफूलाई...."

पार्वती थप बोल्न खोज्दैथिई, गोमाले उसका हात झड्कारेर पर हुत्याई र चिच्याई "मलाई नछो, मसँग नबोल" उसले राता राता आँखाले खाउँला जस्तै गरेर पार्वतीलाई हेरी ।

पार्वती नरम भएर बोली, "दिदी, अब कती पन्छाउनु हुन्छ मलाई ? कती अस्विकार गर्नुहुन्छ ? तपाईको मुटुमा अजंगको ढुंगो बनेर थिच्न आएँ म, अब यसलाई पल्टाउनै सकिन्न । अब यो भारी तपाईले बिसाउनै सक्नु हुन्न । त्यसलै अब छोड्नुस् रून, धेरै दुःखी नबन्नुस्, आफैं कमजोर भइन्छ । यस्तो बेलामा कमजोर हैन, शक्तिशाली बन्नु पर्छ । आफूमाथि आइपरेको यो विषम परिस्थितिलाई झेल्न शक्ति चाहिन्छ, त्यसैले शक्ति सञ्चय गर्नुहोस्, खर्च नगर्नुस् ।"

पार्वतीका प्रति अथाह घृणा मनमा भरिएको भए पनि उसको भाँति मिलेको कलात्मक बोलीको प्रवाह सुनेर गोमा छक्क परी । ऊ त कहिल्यै यसरी बोल्न जान्दिन । उसको बोली सुनेर आँशु बगिरहेका आँखाले ट्वाल्ल परेर उसले केही नबोली एकछिन पार्वतीलाई हेरी तर तुरुतै फेरि ऊ पार्वती प्रतिको घृणा र रिसले भरिई । आँखाबाट निसृत क्रोधाग्नीले पार्वतीलाई ठाउँको ठाउँ भष्म पारौंला झैं गरेर हेर्दै ऊ कराई, "मलाई नसिका कुक्कुर्नी, बढ्ता जान्ने भएर अर्ती दिने भईखाकी । अर्काको भाग खोस्न, अर्काको भाग्य लुट्न तँ जस्ता सौता बनेर आउँदा पनि म चुप बस्नुपर्ने ? बाठी भएर धेरै थुतुनो नचला, अहिले मार्दिन्छु यही दाउराले हानेर .......।" उसले नजिकैको दाउरो समाई ।

पार्वती यस पटक भने गोमाको रिससँग डराइन । उसले उस्तै शालीन र सौम्य तरिकाले भनी, "दिदी यसरी आवेशमा नआउनुस् । म आएर त्यत्रो प्रलय केही भएको छैन तपाईंको जीवनमा । मैले तपाईंको भाग, भाग्य केही खोसेको छैन । तपाईंसँग थियो नै के र मैले खोस्नलाई तपाईंको मनको भ्रम बाहेक ? यो श्रीसम्पत्ती, घरबार, लोग्नेको माया आफूसँग जे जे छ भन्ठान्नु भाको थियो नि, त्यो सबै तपाईंको भ्रम हो । तपाईंलाई लोग्नेले माया गर्दैनन्, माया गर्ने भए सौता ल्याउने थिएनन् । लोग्नेले त तपाईंलाई उनको स्वार्थ

पूर्तिका लागि शोषण मात्र गर्छन्, अन्याय अत्याचार र दमन मात्र गर्छन् । तपाईं त्यसैलाई लोग्नेले गरेको माया भन्ठान्नुहुन्छ, लोग्ने माथि आफ्नो एकलौटी अधिकार छ भन्ठान्नुहुन्छ । तपाईंको अधिकार भित्र तपाईंका लोग्ने कहिल्यै थिएनन् । उनी आफू खुशी गर्थे । तपाईंको आफ्नो लोग्ने उपर अधिकार भएको भए म कसरी यहाँ आउँथे ?"

पार्वतीका कडा, खरा तर सही जस्ता लाग्ने कुरा सुनेर गोमा अवाक भई । पार्वतीले उसलाई आफ्नो हैसियत बताइदिएर लघुताभाषले जलाउन खोज्दैथी वा उसलाई गिज्याएर अपमानित गर्न खोज्दैथी वा वास्तविकता बोध गराएर भ्रम मुक्त पार्न खोज्दैथी उसले बुझ्नै सकिन । उसले क्वाक्वार्ती पार्वतीलाई हेरिरही । पार्वतीले भनी, "तपाईंले यत्रो घरबार एक्लै सम्हाल्नुभाको छ, पसिनाको खोलो बगाएर यत्रो श्रृष्टि सिंच्नुभाको छ । तपाईंलाई एकछिन टुसुक्क बस्ने फुर्सद छैन, एकदिन हैन सधैं यस्तै छ । तपाईंको शरीरमा पसिना गनाउँछ, हातमा गोबर गनाउँछ, राम्रा लुगा गहना लगाएर चिटिक्क परेर शहर जाने दिन तपाईंको जीवनमा कहिल्यै आएन । यही थोत्रे गुन्यू चोलोमा जीवन बितेको छ । के तपाईंको लोग्ने तपाईं जस्तै छन् ? तपाईं जस्तै व्यस्त र थकित छन् ? छैनन् बुझ्नुभयो ? किनकी उनले तपाईंजस्ती अत्यन्त लगनशील, सोझी, असल, सित्तैमा काम गर्ने नोकर्नी पाएका छन् । उसलाई जतिखेर मन लाग्यो त्यतीखेर शरीरको भोक मेटाउने भोग्या पाएका छन् । तपाईं भएसम्म उसलाई कुनै चिन्ता छैन । उनी बेफिक्रिसँग बेतुकका गफ कथुरेर दिनभरि चिया पसलमा र साँझ परेपछि भट्टीमा रल्लिन्छन् । तपाईं थकित र गलित शरीर लिएर खाना बनाउनु हुन्छ, तपाईंलाई भोक लाग्छ तर नखाइकन उनलाई पर्खिरहनुहुन्छ, उनी आउछन्, कृतज्ञताको एक शब्द छैन, तपाईंले के गर्नु भयो, कती परिश्रम गर्नुभयो त्यसको कुनै कदर छैन बरू उल्टो आफ्नो स्वाद अनुसारको खाना भएन भने गालि, बेईजती जे जे हो त्यो तपाईं नै ब्यहोर्नु पर्छ । ऊ तपाईंको लोग्ने हैन, मालिक हो, तपाईं उपर उसको अधिकार छ, तपाईंलाई कँज्याएर, तपाईंका हाड घोटेर ऊ सुख भोग गरेर बसेको छ, मोज गरेर बसेको छ ।"

पार्वतीले बिस्तारमा अलि भावावेशमा आएर बोली । गोमा ट्वाल्ल परेर हेरेको हेर्‍यै भई । पार्वती जब एकछिन बोल्न रोक्किई, गोमाले आफूलाई अलि सहाली । भुईंमा पसारिएका खुट्टा तानी, आँशु पुछी र कपाल सोहोरेर पछाडि पट्टी जुरो बनाई ।

पार्वतीले फेरि भनी, "हेर्नुहोस् दिदी, तपाईंले म सँग रिसाउनु पर्ने कुनै कारण छैन किनकी तपाईंका लोग्नेले अर्को बिहे नगरी सक्नेवाला थिएनन्, तपाईंकी सौता त आउँथी आउँथी । अरू कोही आउनु भन्दा मै आएँ, राम्रै भो । कमसेकम म तपाईंलाई बुझ्न सक्छु । आफू बाँझी भएकैले लोग्नेले सौता ल्याउँदा, सौताले आएकै वर्ष छोरा पाउँदा, लोग्नेले आफूलाई पूर्ण रूपमा तिरस्कार गर्दा र लोग्नेको आँट पाएर सौताले पनि कटुवचन बोल्दा, दुर्व्यवहार गर्दा कस्तो असैह्य पीडा हुन्छ, बाँच्न कति मुस्किल हुन्छ भन्ने कुरा मैले जति अरू कसले बुझेको होला, कसले भोगेको होला........ । "पार्वती बोल्दाबोल्दै रोकिई, उसका आँखा भरिएर आए र आँशुको एक लहर उसका आँखाबाट गाला हुँदै तल झरे । गोमाले छक्क परेर पार्वतीलाई हेरी, उसले पार्वतीको कुरा नै बुझिन । अकमक्क परेर प्रश्नशुचक आँखाले रूँदै गरेकी पार्वतीलाई हेरिरही । आफू दुर्दशाको भूमरिमा परेर पत्कर झैं उडिरहेको अवस्थामा पनि गोमालाई कता कता लाग्यो सायद पार्वती पनि दुःखी छे, उसको पनि आफ्नै बेदना युक्त कथा होला, आखिर ऊ पनि त आफूजस्तै एउटी आइमाई न हो बिचरी ! उसको मनले सहानुभूतिको एउटा उछ्वास व्यक्त गर्‍यो।

तर पार्वतीले तुरुन्तै आफ्नो आँशु पुछी र सामान्य हुँदै बोली, "दिदी, म हुने खाने घरकी, सुखसयलमा हुर्केकी छोरी थिएँ । कलेज पढ्दै थें, राम्रो घरानाको एक्लो छोरो भनेर मलाई बिहे गरेर दिए । हाम्रो घर चैनपुर जाने मूलबाटोमा पर्थ्यो टाढा टाढाका गाउँबाट चैनपुर जाने र चैनपुरबाट गाउँ फर्किने मानिसहरूका लागि बास बस्न एकदम उपयुक्त ठाउँ थियो त्यो । त्यसैले मेरै सल्लाहले हामीले हाम्रो ठूलो घरलाई होटेलको रूपमा विकास गर्‍यौं र चलायौं । होटेल राम्रो चल्यो । जीन्दगी ठिकठाक बितिरहेको थियो । तर मेरो दुर्भाग्य म आमा बन्न सकिन् । वर्षौं बिते, म बाँझी नै रहें। यसै कारणले लोग्नेले मलाई दिनरात किचकिच गर्ने र कटुवचन बोल्न थाले । मलाई कुट्न, पिट्न, सबैका अघि अपमानित गर्न र अवहेलना गर्न थाले । यो सब अन्याय अत्याचार सहनु बाहेक मेरो कुनै विकल्प थिएन । यसै गरी दश वर्ष बिते । यस्तैमा एकदिन बेलुका मैले देखें, मेरा लोग्नेले एउटी हेर्दै अरमट्ठ परेकी आइमाई लिएर आए, त्यो मेरी सौता थिई । त्यो आइमाई अत्यन्त दुष्ट स्वभावकी, अत्यन्त कालो हृदय भएकी थिई । मलाई त्यसले देखि सहिन । हर दिन हर क्षण त्यसको दुर्वाच्य, कटुवचन, अपहेलना, अपमान

र तिरस्कार सहें मैले । तर त्यो आइमाईका हजार खराबी भए र के भो र, आएकै महिना त्यसले आफू गर्भवती भएको घोषणा गरी । मेरो लोग्ने गर्वले फुले भयो । उसले समाजका अगाडि घमण्डले छाती फुलाउँदै आफू बाबु बन्न लागेको खबर सुनायो मानौ की उसले अद्वितिय पुरूषार्थ गरेको होस् । तर त्यसपछि उसको म प्रतिको व्यवहार भने अझै अमानवीय र अत्याचारपूर्ण हुँदै गयो । मेरो अस्तित्व अत्यन्त मूल्यहिन दासीको जस्तो भयो । अपमान र हिनताबोधका आँशु पिएरै बित्न थाले मेरो दिनहरू । बिहे गरेको सात महिनामै मेरी सौतालाई व्यथा लाग्यो । उसलाई लिएर हतार हतार लोग्ने चैनपुर अस्पताल तर्फ लागे । होटेल चलाउने सम्पूर्ण जिम्मा मेरो भागमा आयो । हो, यसै बेला पहिलो पटक तपाईंका लोग्नेसँग मेरो चिनजान भयो । त्यस दिन होटेलमा उनी एक जना मात्र गेष्ट थिए । हामी दुवैले बोल्ने साथी भेट्यौं । मैले त कुनै मान्छेसँग लामो कुराकानी नगरेको वर्षौ भइसकेको थियो किनकी मलाई कसैले बोल्न लायकको मान्छे नै ठान्दैनथ्यो । सुनसान रातमा त्यसरी हामी गफमा हराउँदा हराउँदै म त बहकिएछु । बहकिएछु भन्दा पनि ममा एक किसिमको विद्रोही भाव पैदा भयो त्यतीखेर । जुन परिवार र समाजले मलाई मान्छेको दर्जा समेत दिइरहेको थिएन, म तिनीहरूका लागि किन आफैंलाई सम्हालौं ? मैले छोडिदिएँ आफैलाई बेलगाम र उन्मुक्त । उनी त लोग्ने मान्छे भए, त्यही दाउ हेरेर बसेका हुँदा हुन् तर मैले पनि कुनै बन्देज लगाइन उनको धृष्ट चालमा । पाँच दिन सम्म उनी त्यही होटेलमा बसे, म सँगै । मैले पनि वर्षौंको तिर्खा मेटें । त्यसपछि उनी गए । तर हप्ता दश दिनको फरकमा आइरहे । अब मलाई घरमा अरू मान्छे भएपनि राति सुटुक्क उनको कोठामा जान कुनै धक लाग्न छोड्यो । तर लगभग हाम्रो भेट भएको एक महिना पश्चात एउटा अत्यन्त अप्रत्याशित र आश्चर्यजनक घटना घट्यो। मैले एक बिहान अचानक आफू गर्भवती भएको महसुस गरें। म एकैपटक अथाहा खुशी र भयंकर डरको बिचमा च्यापिएँ । मलाई यतीका वर्षसम्म अनुत्पादक, बाँझी र निकम्मा भनेर दुर्व्यवहार गर्ने र ममा जबरजस्ती हिनताबोध थोपर्ने परिवार र समाजका अगाडि एउटा हुंकारका साथ चुनौती बनेर खडा हुने मसँग अब एउटा गतिलो आधार थियो । यस कुराको बोधले म अथाह खुशी भएँ । तर डर यस कुराको थियो कि मेरो गर्भमा हुर्किरहेको सन्तान मेरो लोग्नेको थिएन । हुन त मेरो सौताले पाउन लागेको बच्चा पनि मेरो लोग्नेको पक्कै हैन, आउने बित्तिकै

गर्भवती भई, सातै महिनामा ब्यथा लागेर अस्पताल गाकि छ । यसो बुझ्दा समस्या त मेरो लोग्नेमा रैछ, ऊ पो अनुत्पादक र उजाड रैछ । म यस्ती उम्दा, मलिली र उब्जाउ हुँदा हुँदै बाँझी भनिएर यत्तीका वर्ष अपहेलित र परित्यक्त बने । सौताको गर्भको बच्चा आफ्नो नभए पनि उसले त्यसको भेउ पाएन र त्यसैमा ऊ गौरवान्वित भयो । अप्ठ्यारो चैं अब मलाई पऱ्यो।"

मैले आफ्नो खुशी व्यक्त गर्ने अवसर नै पाइन । मेरो मनमा विस्तारै खुशी भन्दा डर बढेर गयो । प्रत्येक दिन, घण्टा वा पलको बिताइसँगै मनमा डर अरू थपिंदै जान थाल्यो । तपाईंका लोग्नेलाई यो कुरा थाहा थिएन । उनलाई खबर गर्नलाई न उनको घर काहाँ हो भन्ने मलाई थाहा थियो, न मसँग उनीसम्म खबर पुऱ्याउने कुनै माध्यम थियो । म यसै छटपटाइरहेकि थिएँ । तर अचानक एक साँझ उनी फेरि झुल्किए । पार्वती बोल्दा बोल्दै रोक्किई र गोमातर्फ हेरी । गोमा चुपचाप सुनिरहेकि थिई । आफ्नो वर्तमान परिवेश र परीस्थितिलाई एकछिन बिर्सेर वा थाँती राखेर ऊ पार्वतीको कथामा एक किसिमले दिलचस्पीका साथ बगिरहेकि थिई । यद्यपी पार्वतीले बोल्दा बोल्दै रोकिए पश्चात गोमाले आफ्नो उत्सुकता शाब्दिक रूपमा व्यक्त गरिन, तर उसका आँखाहरूले सोधिरहेका थिए, 'अनि त्यसपछि के भयो ?'

पार्वतीले एकछिन पछि भनी "भैगो दिदी, तपाईंको मनमा त्यत्रो चोट परेको बेलामा मैले आफ्नो कुरो बेलिबिस्तार लगाउँदा तपाईंलाई झर्को लाग्यो होला, पछि कुनै बखत कुरा गरौंला।'' पार्वतीले त अप्ठयारोमा पो पारिदिई गोमालाई । वास्तवमै ऊ उत्सुक थिई पार्वतीको कुरा सुन्नलाई तर कसरी व्यक्त गर्नु उत्सुकता ? उत्सुकता नै व्यक्त गरे पछि त पार्वतीलाई स्वीकार गरेको भै गयो नि ! हुन त उसले अस्वीकार गर्दैमा पार्वतीको अस्तित्व वा उपस्थिति अब उसको परिवेशबाट मेटिने अवस्था थिएन तर कमसेकम व्यक्तिगत रूपमा ऊ पार्वतीको उपस्थितिलाई तुरून्तै औपचारिक मान्यता नदिने अधिकार र हैसियत त राख्थी । तर गोमाले एक किसिमले हार स्वीकार गरी । अब जिद्धी गर्नु, ढिठ हुनु, झगडा गर्नुको कुनै तुक देखिन उसले किनकी आफूमा त्यो सामार्थ्य नभएको कुरा उसले आत्म मूल्यांकन गरिसकेकि थिई । त्यसैले आत्मसमर्पणको पहिलो शाब्दिक अभिव्यक्तिको रूपमा उसले झिनो स्वरमा भनी, "छैन झर्को लागेको ।"

पार्वतीले ठूलो स्वास फेरी र गम्भीर भएर भनी , "दिदी , तपाईंका लोग्नेले मलाई माया गर्दैनथे । अहिले

पनि गर्छन् भन्ने भ्रम छैन ममा । बस उनी आफ्नो शरीरको भोक मेट्न आउँथे म कहाँ । यो लोग्ने मान्छेको जात, किन आफ्नी स्वास्नीले प्रेमपूर्वक, भक्तिपूर्वक घरमा पस्केर दिएको प्रेमबाट कहिल्यै अघाउँदैन र भोको सुँगुर झैं अनन्तकालदेखि अर्काको घर बारी खोस्रिंदै हिड्छन् बुझिनसक्नु छ । त्यसदिन सम्म न मैले उनीसँग जान्छु भनेकी थिएँ, न उनले लान्छु भनेका थिए । मैले जान्छु नै भनेकी भए पनि म जस्ती बाँझीलाई किन पो लैजाँदा हुन् र उनले । त्यसबाहेक मलाई थाहा थियो उनको नजरमा म आफ्नो लोग्नेलाई धोका दिएर परपुरूष गमन गर्ने एउटी निम्न केटी चरीत्रहिन आइमाई बाहेक केही थिइँन । मेरो एउटै अर्थ, मूल्य र महत्व उनका लागि यत्ती थियो कि म सित्तैंमा प्राप्त हुने उनकी निजी वेश्या थिएँ ।''

"तर त्यसरात जब मैले आफ्नो गर्भमा उनको बच्चा हुर्कँदै गरेको कुरा सुनाएँ, उनले दायाँ बायाँ केही नसोची अत्यन्त उत्तेजित भएर तुरून्तै मलाई आफूसँग हिंड्न भने । लोग्नेमान्छे कति स्वार्थी जात हो तपाईं त्यहीबाट अनुमान गर्न सक्नुहुन्छ । हुन त मैले चाहेको पनि त्यही थिए र उनीसँग जानु बाहेक मेरो अर्को विकल्प पनि थिएन । तर अचानक मेरो मनमा तपाईंको तस्वीर आयो । मैले सोचें मैले यत्तीका वर्ष यो नर्कमा जुन कष्ट भोगें, अब एउटी म जस्तै निरीह अवलालाई म आफैं त्यही कुम्भिपाकमा धकेल्दैछु । मलाई विश्वास गर्नुहोस् दिदी, मलाई तपाईंको धेरै माया लाग्यो त्यतिखेर । म पहिले पहिले पनि तपाईंको बारेमा सोधिरहन्थें, उनी तपाईंको बारेमा बोल्न चाहँदैनथे । उनको बोली सुन्दा लाग्थ्यो उनी तपाईंलाई कुनै वास्ता गर्दैनन्, तपाईंका प्रति उनको हृदयमा दया, माया, सहानुभूति केही छैन ।''

"उनले तुरून्तै हिंड्नलाई कर गरिरहे, हुट्हुटी लगाइरहे । म चुपचाप केही नबोली बसिरहें। उनीसँग जाने प्रस्ताव म अस्वीकार गर्न सक्ने हालतमा थिइँन तर तपाईंलाई सम्झेर म तुरून्तै स्वीकार गर्न पनि हिच्किचाइरहेकि थिएँ । तर केही समयको मौनता पछि मैले सोचें, म यो मान्छेसँग नगए पनि तपाईंले सौता व्यहोर्नुपर्ने कुरा निश्चतै छ, जसरी जहाँबाट भए पनि एउटा छोरो पाइदिने स्वास्नी ल्याउने कुरामा दृढ भएको कुरा उनले मलाई पहिले नै सुनाइसकेका थिए । त्यसैले मैले सोचें, अरू कोही भन्दा मै ठिक छु । बाँझी हुनु र त्यसैको कारणले सौता व्यहोर्नु पर्दाको पीडा मैले जति अरू कसले अनुभव गरेको होला र ? मैले ठाने, आफ्नो अनुभवको आधारमा बरू म नै तपाईंको

अन्तर्मनको पीडा र बेदना बुझ्न सक्छु र तपाईंकी सहयोगी हुन सक्छु ।''

"तर उनको व्यग्र आग्रहलाई मैले तुरून्तै स्वीकार नगरेर मौन बसेको राम्रो भएछ । उनले ठानेछन् म उनीसँग जान अस्वीकार गरिरहेकि छु । त्यसपछि त उनी मलाई फकाउन, अनेक तरहले बिन्ती भाउ गर्न लागे । मैले मौकाको फाइदा उठाउँदै आफूलाई लागेको सबैभन्दा महत्वपूर्ण शर्त राखें, "बचन दिनुस्, तपाईं गोमा दिदी र मलाई कुनै भेदभाव गर्नुहुने छैन, दुवैलाई बराबरी माया र महत्व दिनुहुनेछ र दुवैका ईच्छा र चाहनाहरू सके सम्म पूर्ति गर्ने कोसिस गर्नुहुनेछ । उनले बचन दिए ।''

त्यो बिहान भालेको डाकमा हामी हिंड्यौ । उनले भने, 'पहिले चैनपूर गएर तिमीलाई डाक्टरी जाँच गराएर विस्तारै घर जाने ।' मलाई थाहा थियो, डाक्टरी जाँच उनी मेरो लागि हैन, बच्चाको लागि गराउन चाहन्थे । मैले नाइं भनिन, हामी चैनपूर गयौं, लगभग दुई हप्ता त्यहीं बस्यौं र हिजो बिहान यता घरको लागि प्रस्थान गर्‍यौं।''

पार्वतीले आफ्नो कथा टुंग्याई र अन्तिममा भनी , "दिदी, जे भए पनि म तपाईंकी सौता भएर आएँ, तपाईंको निजि आस्था, विश्वास र मायाको घरबार भताभुंग पारें, मलाई भगवानले अवश्य दण्ड देलान्, तर बिन्ती दिदी, तपाईं चैं मलाई माफ गरिदिनुस् ।''

गोमाको हृदयमा मडारिइरहेको पार्वतीका प्रतिको रिस, घृणा, डाह, ईर्ष्याको कालो बादल अचानक पानी बनेर वर्षन थाल्यो। उसका आँखाहरूमा पार्वतीका प्रति श्रद्धा जागेर आयो । उसको मनमा अपनत्वको भाव यसरी उर्लेर आयो कि पार्वतीलाई गम्लंग अँगालो हालेर मजाले रून मन लाग्यो उसलाई । गोमाले बर्बरी आँशु झार्दै भनी , "अब देखि मलाई दिदी नभन्नु, म नै तपाईंलाई दिदी भन्छु । तपाईं उमेरले, गुनले म भन्दा ठूली हुनुहुन्छ । म जस्ती अभागिनीको पनि कहिले काहीं भाग्य खुल्दोरैछ, मेरो भाग्यले तपाईंजस्ती जाती र असल सौता पाएँ । तपाईंको दाँजोमा म धेरै खराब आइमाई हुं, तपाईंको ठाउँमा म भईदिएको भए म कुनै हालतमा तपाईं जत्तिको असल हुनसक्ने थिइँन । तपाईंले भनेको ठिकै हो, मेरो सौतेनी ग्रह कुनै हालतमा मेटिनेवाला थिएन, अभागी पुर्पुरो लिएर आए पछि राम्रो मात्रै खोजेर कहाँ पाइन्छ र ! तर तपाईं त देउतै हुनुहुँदोरैछ दिदी, अब मलाई तपाईसँग कुनै गुनासो छैन । मैले वेहोशीमा तपाईसँग दुर्व्यवहार गरें, अपशब्द बोले, त्यसको लागि मलाई आफ्नै बहिनी सम्झेर माफि दिनुहोला ।''

"त्यसो होइन, दिदी तपाईं नै हो, मेरो भन्दा तपाईंकै बढी सम्मानित

स्थान हुनुपर्छ यो घरमा, मेरो भन्दा तपाईंकै अधिकार बढी हुनुपर्छ यो घरमा । मलाई पार्वती भनेर बोलाउनुस्, तिमी भन्नुहोस्, म तपाईंकी आज्ञाकारी बहिनी बनेर बस्न चाहन्छु ।''

पार्वतीको आदर्शतम रूप देखेर गोमा अवाक भई । यस्तो स्वच्छ, निर्मल, निस्पाप मान्छे सायद उसले कहिले देखे भेटेकै थिइन । पार्वतीका प्रति उसका रसिला आँखामा कृतज्ञताको चमक देखियो, शब्दमा उसलेत्यसलाईव्यक्त गर्न जानिन । पार्वतीले भने बुझी उसको आँखाको अभिव्यक्ति र हल्का मुस्कुराउदै भनी, "भैगो दिदी छोड्दिनुस् अब, जे भयो राम्रैका लागि भयो भन्ने सम्झिनुस् ।''

गोमाले पनि कालो बादलका बिचबाट चियाएको घाम जस्तै गरी रोदन मिश्रीत हाँसो हाँसी । ऊ आफ्नो मनको भाव व्यक्त गर्ने केही शब्दहरूको तारतम्य मिलाउन खोज्दैथी, पार्वतीले नै उछिनेर बोली "दिदी तपाईंले धरान देख्नुभएको छ ?'' "छैन त''

"म देखाउँछु तपाईंलाई, भोलि नुवाइ धुवाइ गरेर सबै तयारी गर्नुपर्छ, जती ढिलो गर्‍यो, त्यती मेरो पेट र अशक्तता बढदै जान्छ, फेरि जानै पाइँदैन तुरून्तै । त्यसैले पर्सि नै हिंड्नुपर्छ हामी ।''

गोमाले आफैंले सुनेको कुरा विश्वास गर्न सकिन । उसले भय र आश्चर्यको उच्चतम उत्तेजनामा आफ्नो अविश्वास प्रकट गरी "आम्मै नि धरान ? म जाने ? पर्सि नै ? कहीं नहुने कुरा ! घर, वस्तुभाउ कसले हेर्छ नि ?"

"लोग्नेले हेर्छन् नि वस्तुभाउ, उनले चैं काम गर्नु हुँदैन र !'' पार्वतीले सहज तरिकाले सम्झाई, "हो दिदी, पर्सि नै जाने, तपाईं र म । धरानमा मेरो मामाघर छ, त्यहीं बस्ने र तपाईंलाई घोपाको ठूलो अस्पतालमा जाँच गराउने । महिलाहरूको बाँझोपनको उपचार गर्न एकदम ठूलो डाक्टर छन् रे त्यहाँ, धेरैको सफल उपचार गरेका छन् रे उनले । तपाईंलाई पनि उनै डाक्टर कहाँ लिएर जान्छु । मलाई विश्वास छ तपाईंको सफल उपचार हुन्छ र तपाईं पनि आमा बन्न सक्नुहुन्छ । मैले अस्ति चैनपुरमा बस्दा मामासँग फोनमा कुरा गरेर सबै व्यवस्था मिलाइ सकेको छु । २०/२५ हजार जति खर्च लाग्ने रैछ, मसँग छ त्यती पैसा । कुनै चिन्ता मान्नु पर्दैन । अब खुशी हुनु भो ?'' पार्वती प्रफुल्ल भएर हाँसी ।

अत्यन्त अनपेक्षित स्रोतबाट निसृत हर्षको अप्रत्याशित र अती विपूल बाढीले गोमालाई त मानौ हठात् लपेट्यो आफ्नो लहरमा र बगायो । बाढीको बेगले एकछिन त ऊ निसासिई र अताल्लिएर

किनारको कुनै सहारालाई अँठ्याए झैं गरी अचानक उसले पार्वतीलाई अत्यन्त जोडले अंगालोमा कसी र निर्वाधसँग रूँदै भनी , "मेरी आमा, तिमी मेरी आमा हौ अघिल्लो जुनीकी ! पार्वती मैले कत्रो ठूलो तपस्या गरेकि रैछु अघिल्लो जुनीमा र त्यसको फल अहिले पाएँ, मेरी आमालाई पाएँ ।'' पार्वतीको अंगालोमा धेरैबेर रोइरही गोमा ।

♦♦♦

**कविता**

## न जित नत हार



✍ **रशना ढकाल**

न जित न त हार
न जित मन पर्छ न त हार मन पर्छ
जे दिन्छ समयले त्यो सहनै पर्छ
न रूप मन पर्छ न त रङ् मन पर्छ
जस्तो बनायो प्रकृतिले त्यसमै बस्नु पर्छ ।।

हे मेरो विधाता मलाई यस्तो शक्ति देउ
दुई हातले सधै सत्कर्म गर्न सकु...........२
यो मनमा कसैप्रति नहोस् पापको भारी
जीवन एक सागर हो जानु छ पारी..२
मलाई यो चाहिन्छ त्यो चाहिन्छ भन्न छोडिदेऊ
तिमीसँग जे छ त्यसैमा रमाइ देऊ ।।

यस्तो ठूलो सृष्टि गर्‍यौ मानवको
तर यो मानवले रूप देखायो दानवको ......२
धेरै घमण्ड इर्ष्याले भरेको उसको मन
धेरै कमी छ मानवमा बुझ्न उसको तन
अरूको हेरेर जल्न छोडी देऊ ।।

# सवारी दुर्घटना न्यूनिकरणमा नेपाल प्रहरी आधुनिक प्रविधितर्फ अग्रसर हुँदै



✍ प्र.ना.उ.ई.गण शेखर श्रेष्ठ

देशभरको ट्राफिक व्यवस्थापनलाई चुस्त र सहज बनाउन तथा सवारी दुर्घटना न्यूनिकरण गरी राष्ट्रले वर्षेनी बेहोर्नु पर्ने धनजनको क्षतिलाई न्यूनिकरण गर्न नेपाल प्रहरी संगठनले प्रहरी प्रधान कार्यालय, राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालयको प्रत्यक्ष अग्रसरतामा ट्राफिक प्रहरीको प्रभावकारी परिचालन, विभिन्न स्थानहरूमा ट्राफिक ईकाईहरूको स्थापना, ट्राफिक सम्बन्धी जनचेतना जगाउने, सवारी दुर्घटना भईसकेको अवस्थामा त्यस्तो दुर्घटनाहरूको सफल अनुसन्धान गर्ने, सरोकारवाला निकायहरूलाई दुर्घटना सम्बन्धी आवश्यक सूचना प्रवाह लगायत सवारी ऐनमा संशोधन एवं सडक पूर्वाधारहरू विकासमा पहल गर्ने जस्ता महत्वपूर्ण कार्यहरू सिमित स्रोत र साधनका बाबजुद पनि प्रभावकारी ढंगबाट सम्पादन हुँदै आएको छ ।

नेपालको परिवेशमा अव्यवस्थित शहरीकरण, शहरी क्षेत्रको बढ्दो जनघनत्व, अटोमोबाईल क्षेत्रमा भएको उन्नति, मानिसहरूको जीवनशैलीमा आएको परिवर्तनका कारण द्रुत गतिमा वृद्धि भईरहेको सवारी चापका कारण हाल ट्राफिक व्यवस्थापन र सडक दुर्घटना न्यूनिकरण पनि हरेक नागरिकको दैनिक सरोकारको रूपमा विकसित भएको सन्दर्भमा बढ्दो सडक दुर्घटना न्यूनिकरण र सुरक्षित एवं चुस्त ट्राफिक व्यवस्थापनको प्रत्याभुतिका लागि नेपाल प्रहरी संगठन समय-सापेक्ष वैज्ञानिक पद्धति र आधुनिक प्रविधि तर्फ पनि अग्रसर हुँदै आएको छ ।

सवारी दुर्घटना न्यूनिकरण, सवारी आवागमनमा सहजता ल्याउने र सवारी दुर्घटना भईसकेको अवस्थामा त्यस्तो दुर्घटनाहरूको सही रूपमा अनुसन्धान लगायतका कार्यलाई सजह बनाउन समय सापेक्ष वैज्ञानिक पद्धति अपनाउने क्रममा सडक दुर्घटना सम्बन्धी अभिलेखको खोज, संकलन र

भण्डारण गर्न, संकलित अभिलेखहरूको सुक्ष्म अध्ययन र विश्लेषण गर्न, वैज्ञानिक ढंगले कमी कमजोरीहरूको पहिचान एवं कारण पत्ता लगाउन र भईरहेका कमी कमजोरीहरूको निराकरणका उपायहरू पत्ता लगाउन योजना बनाउनु पर्ने, आधुनिक उपकरणहरूको प्रयोग गर्नु पर्ने, ट्राफिक सम्बन्धी तथ्यांकहरूको प्रविधि मार्फत केन्द्रिकृत रूपमा अभिलेख राख्नु पर्ने र विधुतिय माध्यम मार्फत सर्वसाधारण तथा अन्य सरोकारवाला निकायहरूलाई दुर्घटना सम्बन्धी आवश्यक सूचना प्रवाह गर्नुपर्ने आजको आवश्यकतालाई मनन् गरी प्रहरी प्रधान कार्यालयले नेपाल सरकार (मन्त्रीपरिषद्) को निर्णयबाटै राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालयको प्रत्यक्ष मातहत रहने गरी ट्राफिक इन्जिनियरिङ सम्बन्धी दक्ष र विज्ञ इन्जिनियरहरूको समूहका लागि दरबन्दी स्विकृत गराई राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालय (ट्राफिक ईन्जिनियर) को स्थापना गरेको छ ।

सवारी दुर्घटना न्यूनीकरण एवं ट्राफिक व्यवस्थापनका लागि नेपाल प्रहरी संगठनले एकातिर पुराना सडकहरूमा ट्राफिक इन्जिनियरिङ अनुसार Lane Marking, Traffic Sign, Zebra Crossing, Concave Glass, Foot-Path, Cycle Lane, plrt Drainage, Parking, Traffic Post, Traffic Island, Greenery, Check Point, Traffic Light, Street Light, CCTV, Under-Pass, Fly-Over Bridge, Overbridge आदिको व्यवस्था गराउन र नयाँ सडकहरू बन्दै खेरी ट्राफिक इन्जिनियरिङलाई पूर्ण रूपमा समावेश गराउन विभिन्न सम्बन्धित निकायहरूसँग समन्वय र पहल गरिरहेको छ भने अर्कोतिर तीव्र गतीबाट हुने सवारी दुर्घटना न्यूनिकरणका लागि Time Card लागु गर्ने, तीव्र गतीमा चलाईएका सवारी साधनहरूको नियन्त्रणका लागि गती नाप्ने RADAR Gun, LIDAR Speed Gun, CCTV जस्ता आधुनिक यन्त्रहरूको प्रयोग गर्ने, सडक दुर्घटना सम्बन्धि केन्द्रिकृत अभिलेख संकलन र भण्डारण गर्न Traffic Communication App -TCA) / Road Accident Information Management System -RAIMS) जस्ता Sophisticated Software हरू संचालन गरी आधुनिक प्रविधि उपयोग तर्फ पनि अग्रसर भईरहेको छ । त्यस्तै यातायात व्यवस्था विभागसँग समन्वय गरी निकट भविष्यमा सम्पूर्ण सवारी साधनहरूमा Embossed Number Plate र सार्वजनिक सवारी साधन

हुदै सम्पूर्ण सवारी साधनहरूमा GPS Tracking System को जडान गरी सुरक्षित यात्राको लागि समेत प्रयासरत छ ।

प्रविधि मार्फत केन्द्रिकृत रूपमा अभिलेख संकलन र भण्डारण गर्न र विधुतिय माध्यम मार्फत सरोकारवाला निकायहरूलाई दुर्घटना सम्बन्धी आवश्यक सूचना प्रवाह गर्न बनाईएका TCA / RAIMS Software हरूका बारेमा तल छोटकरीमा जानकारी दिईएको छ ।

Traffic Communication App (TCA)

**परिचयः**

सवारी दुर्घटना न्यूनिकरण तथा सुरक्षित यात्राको लागि सवारी तथा यातायात व्यवस्था ऐन २०४९ मा भएको व्यवस्था अनुरूप लामो दुरीमा संचालन हुने यात्रुवाहक सार्वजनिक सवारी साधनमा अनिवार्य दुई जना सवारी चालक हुनु पर्ने स्पष्ट कानूनी व्यवस्थालाई प्रविधि मार्फत सुनिश्चितताको लागि बाहिरी कुनै सहयोग वा योगदान बिना पूर्णतया नेपाल प्रहरीको लगानीमा २०७५ माघ २८ गते बाट यो App संचालन भईरहेको छ । यो App को दुई वटा Version हरू रहेको छ । v1.0 (२०७५/१०/२८- २०७६/०१/२७) & v2.0-२०७६ /०/२८- २०७६/०५/१५)।मिति २०७६/०५/१६ देखि हाल सम्म v2.0 लाई परिष्कृत गरी बनाईएको v2.2 प्रयोगमा ल्याईएको छ। यसको Google SearchIP AddressM 192.168.35.21 हो ।

**विशेषताः**

- यो Application Google Play Storejf Apple App Store बाट Install गर्न मिल्दैन ।यो App प्र.प्र.का. संचार निर्देशनालयका सम्बन्धित प्रहरी कर्मचारीद्वारा नै Install गर्ने व्यवस्था गरिएको छ ।
- यो App मा भईरहेको काम कारबाहीहरू Monitoring Software मार्फत संचार निर्देशनालय र राजमार्ग सुक्षा तथा ट्राफिक निर्देशनालयबाट हेर्न तथा अनुगमन गर्न सकिन्छ ।
- प्रहरी सम्बन्धी वा प्रहरीलाई क्षति हुने कुनै सुचना यो App मा राख्न नपर्नाले, Mobile को GPS लोकेशन खोलेर मात्र यो App चलाउन सकिने भएकाले र यो App चलाएको Mobile को IMEI र Sim Card को IMSI नम्बर Trace हुन जाने भएकाले यो App भरपर्दो र सुरक्षित छ ।
- सवारी यात्राको प्रस्थान बिन्दु र गन्तब्यमा अवस्थित ट्राफिक प्रहरी

पोष्टमा सवारी चालकको फोटो खिची, सवारी साधनको नम्बर, चालकको अनुमति पत्र नम्बर, कैफियत आदि सर्भरमा अपलोड गरिन्छ ।

- तोकिएका चेक प्वाईन्टहरूमा ट्राफिक प्रहरीहरूले चेकजाँचको क्रममा सवारी चालकको अनुमति पत्र नम्बर Entry (प्रविष्ट) गरी चालकको फोटो सहितको विवरणको आधारमा चालक बदली भए नभएको सहजरूपमा पत्ता लगाउन सकिन्छ ।
- चेक गर्न Internet अनिवार्य भएकाले Internet सुबिधा भएको स्थानहरूमै चेक प्वाईन्टहरू राखिएको छ ।
- सवारी चालकहरूको एक पटक upload गरेको फोटो र Entry गरेको Information हरू (सवारी साधनको नम्बर, चालकको अ.प.नं., कैफियत आदि) Store हुने हुँदा हरेक पटक एउटै डाटाहरू Entry गरिरहन नपर्ने।
- यो App सुरूमा संचालन मा ल्याउदा Entry को लागि केही समय लागेको थियो भने हाल धेरै नै डाटाहरू Entry भईसकेकाले छिटोछरितो हुँदै गएको अवस्था छ ।
- Entry मात्र गर्न Internet चाहिँदैन, तर Entry गरेको डाटा Server मा Upload हुनलाई Internet चाहिने भएकाले यसको संचालनको लागि Internet अनिवार्य चाहिन्छ । Upload नभए सम्म Entry गरेको भरमा यस्ले काम गर्दैन ।
- High Capacity को मोबाईल दिने सम्भावना रहेमा Check गर्ने काम पनि Offline बाटै गर्न मिल्ने गरी व्यवस्था गर्न सकिने।

**उपयोगिता र फाईदाहरू:**

- सवारी व्यवस्थापनमा ऐनको कार्यान्वयन हुने ।
- दुर्घटना न्यूनिकरणमा मद्धत पुग्ने ।
- यो App बाट लामो दुरीमा चल्ने यात्रुवाहक सार्वजनिक सवारी साधनमा चालक परिवर्तन भए नभएको पत्ता लगाउन सकिन्छ।
- लामो दुरीमा चल्ने सवारी साधन तथा सवारी चालकहरूको डाटाहरू/ सुचना केन्द्रिकृत रूपमा राख्ने र अनुगमन गर्ने काम सहज भएको छ ।
- सवारी साधनहरूमा चालक परिवर्तन नगरिएकाले कारबाही गरिएको संख्या पत्ता लगाउन सकिन्छ ।
- सवारी साधनहरूमा चालक परिवर्तन नगरिएकाले कारबाही थालिएबाट राजश्वमा समेत उल्लेखनीय योगदान

भएको छ ।

हाल सिमा नाकाहरूबाट नेपाल भित्रिने र बाहिरीने सवारी साधनहरूको संख्या यस App मा राख्न सकिन्छ ।

- यो App मा सिमा नाकाहरूबाट नेपाल भित्रिने र बाहिरीने नेपाली तथा विदेशी गाडीहरूको गाडी नम्बर, चालकको अनुमती पत्र नम्बर, Entry तथा Exit को मिति र समय आदि राख्ने व्यवस्था मिलाई Update गरेमा सिमा नाकाहरूबाट नेपाल भित्रिने र बाहिरीने नेपाली तथा विदेशी गाडीहरूको केन्द्रिकृत रूपमा रेकर्ड राख्न सकिने, मोनिटरीङ्ग हुने मात्र नभई अपराध अनुसन्धान कार्यमा समेत मद्धत पुग्ने ।
- देश भित्रका TCA App भएका प्रहरी कार्यालयहरूबाट पनि सिमा नाकाहरूबाट नेपाल भित्रिएका विदेशी गाडीहरूको रेकर्ड राखी ती गाडीहरूको लोकेशनको जानकारी समेत लिन सकिन्छ ।

**RAIMS (ROAD ACCIDENT INFORMATION MANAGEMENT SYSTEM)**

**(सडक दुर्घटना सुचना व्यवस्थापन प्रणाली)**

**परिचयः**

सडक दुर्घटना सम्बन्धी तथ्यांकहरूको प्रविधि मार्फत केन्द्रिकृत रूपमा अभिलेख राख्न र विद्युतिय माध्यम मार्फत सरोकारवाला निकायहरूलाई दुर्घटना सम्बन्धी आवश्यक सूचना प्रवाह गर्न यातायात व्यवस्था विभाग र प्रहरी प्रधान कार्यालय, राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालय बीचको समन्वय र सहकार्यमा RAIMS लागु भएको हो । सुरूको Google SearchIP Address M 103.235.199.109 लाई विस्थापित गरी हालै सुरक्षित Google Search IP Address:https://raims.nepalpolice.gov.np प्रयोगमा ल्याईएको हो । nepol.cd को Police Software मा गई सिधै सम्बन्धित निकायहरूले आ-आफ्नो Username र Password हालि Data Entry, Monitor/Control गर्नुका साथै डाटाहरू हेर्न पनि सकिन्छ । Memorandum या Understanding - MOU) सम्झौता मितिः २६ जुलाई २०१८ हो भन्ने कार्यक्रमको औपचारिक शुरूवात मिति २०७५/१२/१४ देखि हालसम्म काठमाडौं उपत्यका र काठमाडौं वीरगञ्ज कोरिडोरका जिल्लाहरू (धादिङ, चितवन, मकवानपुर, बारा र पर्सा) मा तोकिएको ट्राफिक प्रहरी युनिटहरूमा मात्र RAIMS संचालनमा छ ।

**परिभाषाः**

Mobile Application मार्फत सवारी दुर्घटनाहरूको तथ्याङ्क संकलन र तथ्य भण्डारण गर्ने web based प्रणाली नै Road Accident Information Management System (RAIMS) अर्थात सडक दुर्घटना सुचना व्यवस्थापन प्रणाली हो ।

**विशेषताः**

- RAIMS मा दुर्घटना संख्या, दुर्घटनाको अवस्था (Fatal, Serious, Damage/Minor), दुर्घटनामा संलग्न सवारी साधनहरूको किसिम, हताहत ड्राइभरहरूको संख्या, हताहत यात्रुहरूको संख्या, दुर्घटनामा संलग्न व्यक्तिहरूको उमेर र संख्या, दुर्घटनाको बखत मौसमको अवस्था, दुर्घटनासँग सम्बन्धित सडक वा राजमार्ग, ठक्करको किसिम आदि शिर्षकमा दुर्घटना सम्बन्धी विभिन्न विवरणहरू समावेश गरिनुका साथै दुर्घटनासँग सम्बन्धित फोटोहरू र स्केचहरू समेत अपलोड गर्न सकिने ।
- यो App मा भईरहेको काम कारबाहीहरू Monitoring Software मार्फत सुचना प्रविधि निर्देशनालय र राजमार्ग सुक्षा तथा ट्राफिक निर्देशनालयबाट हेर्न तथा अनुगमन गर्न सकिन्छ ।
- ट्राफिक प्रहरी स्वयं घटनास्थलमै गई सवारी दुर्घटनाहरूको सत्य-तथ्य डाटाहरू संकलन गरिने र ट्राफिक प्रहरी युनिट प्रमुखबाट Verification पश्चात मात्र Central Server मा Upload हुने ।
- सवारी दुर्घटनाहरूको सत्य-तथ्य विश्लेषणमा मद्धत पुऱ्याउने ।
- सवारी दुर्घटनाहरूको सुचना प्रवाह computerized तरिकाले हुने ।
- सम्मानित अदालतहरूमा स्विकृत हुने खालको सडक दुर्घटना सम्बन्धी प्रतिवेदन तयार पार्न सहयोगी हुने ।
- सवारी दुर्घटनालाई न्यूनिकरण गरी राष्ट्रिय नीति अन्तर्गत बलियो सडक सुरक्षाको आधार तयार पार्न नयाँ निर्माण हुने सडक/राजमार्ग/ढुवानीलाई सुरक्षित बनाउन डिजाइनको क्रममा सडक दुर्घटनाका कारण र रोकथामका उपायहरू पत्ता लगाउन आवश्यक दुर्घटना सम्बन्धी तथ्यांकहरू उपलब्ध गराउन सक्ने ।
- निर्माण भई सकेको सडक/राजमार्गमा दुर्घटना न्यूनिकरण गरी अझ सुरक्षित बनाउन र ब्ल्याक स्पटहरू पत्ता लगाउन आवश्यक दुर्घटना सम्बन्धी तथ्यांकहरू उपलब्ध गराउन सक्ने ।
- फिल्डमा गई दुर्घटनाको डाटाहरू collection गर्न भने Internet को आवश्यकता हुन्न, offline मा नै दुर्घटनाको डाटाहरू collection

गर्न सकिन्छ ।

- Entry मात्र गर्न Internet चाहिँदैन, तर Entry गरेको डाटा Server मा Upload हुनलाई Internet चाहिने भएकाले यस्को संचालनको लागि Internet अनिवार्य चाहिन्छ । Upload नभएसम्म Entry गरेको भरमा यस्ले काम गर्दैन ।

**उपयोगिता र फाईदाहरू :**

- ♦ ट्राफिक प्रहरी स्वयं घटनास्थलमै गई सवारी दुर्घटनाहरूको सत्य-तथ्य डाटाहरू संकलन गरी ट्राफिक प्रहरी युनिट प्रमुखबाट Verification पश्चात मात्र Central Server मा Upload हुने हुँदा भरपर्दो तथ्याङ्कहरू उपलब्ध हुने ।
- ♦ दैनिक, महिनागत, वार्षिक र कुल रूपमा सवारी दुर्घटनाहरूको विभिन्न तथ्यांक र सम्बन्धित विवरणहरू उपलब्ध गराउन सकिन्छ ।
- ♦ सवारी दुर्घटनाहरूको सत्य-तथ्य विश्लेषणमा मद्धत पुऱ्याउँछ ।
- ♦ सवारी दुर्घटनाहरूको भरपर्दो सुचना प्रवाह computerised तरिकाले गर्न सकिन्छ ।
- ♦ सम्मानित अदालतहरूमा स्विकृत हुने खालको सडक दुर्घटना सम्बन्धी प्रतिवेदन तयार पार्न सघाउँछ ।
- ♦ नयाँ निर्माण हुने सडक/राजमार्ग/ढुवानीलाई सुरक्षित बनाउन डिजाइनको क्रममा सडक दुर्घटनाका कारण र रोकथामका उपायहरू पत्ता लगाउन आवश्यक दुर्घटना सम्बन्धी तथ्यांकहरू उपलब्ध गराउन सकिन्छ ।
- ♦ निर्माण भइसकेको सडक /राजमार्गमा दुर्घटना न्यूनिकरण गरी अझ सुरक्षित बनाउन आवश्यक दुर्घटना सम्बन्धी तथ्यांकहरू उपलब्ध गराउन सकिन्छ ।
- ♦ सवारी दुर्घटनालाई न्यूनिकरण गरी राष्ट्रिय नीति अन्तर्गत बलियो सडक सुरक्षाको आधार तयार पार्न मद्धत गर्छ ।
- ♦ प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अन्तत्वगत्वा सवारी दुर्वटना र सवारी दुर्घटनाबाट हुने अप्रिय धनजनको क्षति न्यूनिकरणमा सहयोग पुऱ्याउछ।

**RAIMS को प्रक्रिया** :

- ♦ डाटा संकलनः दुर्घटना स्थल वा फिल्डमा खटिने ट्राफिक प्रहरी कर्मचारीहरूबाट ।
- ♦ रिपोर्टिङः

-सम्बन्धित ट्राफिक प्रहरी युनिटको इन्चार्जमार्फत संकलित दुर्घटना सम्बन्धि डाटाहरू Verification र Correction पश्चात मात्र Central Server मा Upload गरिन्छ ।

- ♦ भण्डारणः प्रहरी प्रधान कार्यालय, सुचना प्रविधि निर्देशनालय ।
- ♦ सुचना प्रवाह :

-प्र. प्र.का. राजमार्ग सुरक्षा तथा ट्राफिक

निर्देशनालय मार्फत आम जनमानस लगायत विभिन्न संस्थाहरूलाई सडक दुर्घटना सम्बन्धी सुचना सम्प्रेषण गरिन्छ ।

**RAIMS संचालनको अवस्था** :

अनुगमन/नियन्त्रण/प्रशिक्षण -राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालय

**(ट्राफिक इन्जिनियरिङ)**

- Super Admin, Server System, प्रशिक्षण-सूचना प्रविधि निर्देशनालय
- अनुगमन -म.न. ट्रा. प्र. महाशाखा
- स्टेसनहरू (६३)- डाटा ईन्ट्री गर्ने ट्राफिक प्रहरी ईकाइहरू
- २ नं.प्रदेश ट्राफिक प्रहरी कार्यालय, पथलैया र बागमति प्रदेश ट्राफिक प्रहरी कार्यालय, रामनगरलाई मातहत ट्राफिक ईकाईहरूको अनुगमन गराउन USER ID खोल्नका लागि Software प्रदायक र यातायात व्यवस्था विभागसँग पहल भईरहेको।
- सडक विभाग र यातायात व्यवस्था विभागको लागि समेत RAIMS को USER ID खोलिएको हुँदा RAIMS को सम्पूर्ण सूचना सडक विभाग र यातायात व्यवस्था विभागले Google Search IP Address: https://raims.nepalpolice.gov.np मा गई आफ्नो USER ID र पासवर्ड प्रयोग गरी हेर्न सकिन्छ ।
- हाल काठमाडौं-विरगंज कोरिडोरका ६६ वटा (राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालय लगायत) ट्राफिक प्रहरी कार्यालयहरूमा मात्र RAIMS संचालनमा रहेकाले यसै आर्थिक वर्ष २०७७/७८ भित्र म.न.ट्रा. प्रहरी महाशाखा मातहतका ४ वटा, २ नं. प्रदेश ट्राफिक प्रहरी कार्यालय मातहतका ५८ वटा र बागमति प्रदेश ट्राफिक प्रहरी कार्यालय मातहतका ४७ वटा गरी जम्मा १०९ वटा बाँकी ट्राफिक प्रहरी कार्यालयहरूमा RAIMS संचालनका लागि यातायात व्यवस्था विभागमा पहल भईरहेको । (यातायात व्यवस्था विभागका प्राविधिक सल्लाहकार ज्यूबाट प्राप्त जानकारी अनुसार RAIMS संचालन गर्न आवश्यक स्रोत साधनका लागि बजेट आईसकेको र COVID-19 का कारण प्रक्रिया अगाडि बढाउन नसकिरहेको)
- अर्को चरणमा नेपालभरिकै ट्राफिक प्रहरी कार्यालयहरूमा RAIMS संचालनका लागि यातायात व्यवस्था विभागमा पहल भइरहेको ।

♦♦♦

कथा

# पक्की घर



✍ देवकी के.सी

मिमिरे उज्यालो नहुँदै मखमलीले दैलो लितपोत गर्ने काम नसके सम्म उनी माथि सासु ससुराको टोकसो वर्षिन थाल्थ्यो । सासु आमाको पालामा एककोश टाढाको कुवाबाट पानी बोकेर घर धान्नु पर्थ्यो रे सासुआमा बेलाबेलामा आज सम्म पनि बताउनु हुन्छ विगतमा आफूले खेपेको पानीको त्यो दुःख, अहिले आँगनमा धारो आईपुगेर मखमलीले सासुआमाले जस्तो पानीको लागि दुख त खेप्नु परेको छैन ।

मखमलीले दैलो नलिप्दै कहिले त चिप्लेकीराले दैलो लिपिसक्थ्यो । रातो माटोले लिपेको दैलोमा चिप्लेकीराको सेतो र्‍यालले बुट्टा भरेको देख्दा मखमलीलाई दिक्क लाग्थो । यी चिप्लेकीराले पनि मेरो काममा दखल दिने बाहेक केही गर्न जानेनन् मखमली भन्थि ।

बिहान सूर्यनारायण नउठ्दै जाग्नु, दैलो लितपोत गर्नु, दमको रोगी सासु ससुराको सेवा गर्नु, दुई वटा गाई, दुई वटा भैसी, आठ दश वटा बाख्रा र कुखुरको सेवा गर्नु मखमलीको बिहानको नित्यकर्म भन्दा फरक पर्दैन । कलिला दुई छोरी र एक छोरा, भत्कने हालतमा पुगेको सानो झुपडी, आमा, बुबा, गाईभैसी कुखुरा बाख्रा, पाखो बारी आफ्नो भरमा छाडेर साउदी अरबमा पसिना पोख्न गएको लोग्नेको सम्झनामा तड्पिदै गृहस्थी धान्नु पर्ने मखमलीको बाध्यता थियो ।

एउटा पक्की घर बनाउने र छोराछोरीको उज्वल भविष्य निर्माणको सपना बोकेर अरबको तातो घाममा सेकिन पुगेको लोग्नेको थातथलो एकक्षण विश्राम नगरी थेग्दै थिइन् मखमली । माटोको घर कहिले भित्तामा मुसोले दुलो बनाउँथ्यो । पाखुरा गल्ने गरी दैलो लितपोत सक्यो । चिप्लेकीराले आफ्नो रङ पोखेर अशोभानिय बनाइदिन्थ्यो । बाख्राका साना पाठापाठी र कुखुराले समेत फोहोर गर्ने खोस्रेर लिपेको दैलो भत्काउँथे। चुहिन लागेको घरको छानो पनि मर्मत संभार समेत हुन सकेको थिएन । त्यसमाथी घरको एक पाखो ढल्केर

तीन ठाउँमा कम्मर मर्काएर नाचिरहेकी नर्तकीझै भएको थियो। घर कमजोर भएर होला मुसाले पनि खेदो गर्दो रैछ कि क्या हो ? मुसाले दिन दिनै नयाँ दुलो पार्न थालेको थियो । एकातिर प्वाल टाल्यो अर्कोतिर फेरी नयाँ प्वाल पार्ने । विचरा ! मखमली हैरान हुन्थी मुसाको प्वाल टालेर । अलि बेस्सरी बतास चल्न थाले मखमली डराउथी घर ढल्छ कि भनेर अझ पानी परेको बेला त मखमलीको आँखा झिम्मिक्क हुदैनथ्यो घरकै चिन्ताले ।

लोग्नेले अलि अलि पठाएको पैसा पनि दमका रोगी सासुससुराको उपचार र छोराछोरीलाई स्कुल भर्ना गर्दा सकिहाल्यो । वर्षात लाग्नु भन्दा पहिले घर मर्मत गर्ने मखमलीको धोको पनि पूरा हुन सकेन । गोजी रित्तो र पाखुरा बलियो नहुँदा घर मर्मत गर्न मखमलीले कसैको साथ नपाउँदै वर्षायामको उदय भयो ।

वर्षायामको सुरूवातसँगै वर्षातले आफ्नो उग्ररूप धारणा गर्न थाल्यो । निरन्तर सगरबाट वर्षिरहेका पानीका थोपा र जताततै उर्लिएको भेल र चुहिएको घरको छानोलाई हेर्दै मखमलीले कल्पना गर्थी, एउटा पक्की घरको । आफूलाई सधैं माटोको घर लितपोत गर्दा पाएको दुःख सम्झेर मखमली भन्ने गर्थि एउटा पक्की घर बनाएर मात्र बुहारी भित्र्याउंछु ताकि बुहारीले मैले जस्तो लितपोतमा धेरै समय खर्च गर्नु नपरोस् । मेरा दुई छोरीहरूलाई पनि यस्तै पक्की घरमा बिहे गरेर पठाउंछु जसले गर्दा उनीहरूले पनि मैले जस्तो लितपोतमा दुःख नपाउन । उसको एउटा सपना थियो पक्की घरको मखमली आफैसँग भन्ने गर्थि मेरो जुनी त घर लितपोतमै बित्यो अब मेरा सन्तानहरूले घर लितपोतमै आफ्नो पूरा जिन्दगी बिताउनु नपरोस् ।

वर्षात रोकिने भन्दा लम्बिने संकेत नै शतप्रतिशत देखिन थाल्यो । वर्षात जति लम्बिदै गयो । त्यति मखमलीको घरको छानो चुहिन थाल्यो । घरका भित्ताहरू पानीले भिजेर गल्दै गए । जति पानी दर्कन्थ्यो आकाशबाट त्यो भन्दा सयौं गुणा बढी मखमलीको मुटु डरले थर्कन्थ्यो । चुहिएको छानो र गलेको भित्ता देख्दा देख्दै पनि छोराछोरी च्यापेर मखमली ढुक्कले निदाउँन खोज्थि तर सक्दिनथी ।

गाउँमा जताततै पहिरो जान थालेको थियो । देशभर बाढी र पहिरोले आक्रान्त पारेको समाचार रेडियोले बारम्बार बताउथ्यो । कतिपय गाउँका घरहरू पहिरोको जोखिम बढेलगतै गाउँलेहरू आफन्त कहाँ शरण लिन पुगी

सकेका थिए । तर मखमली कता कसरी पो जाओस् कलिला छोराछोरी दमका रोगी बुढा सासु ससुरा र बस्तुभाउ छाडेर ।

सासु ससुरा दुबैलाई अलि बढ्ता दमले च्याप्न थालेको थियो । उपचारको लागि स्वास्थ्य चौकी लैजाने बाटो पनि पहिरोको शिकार भइसकेको थियो । जति पानीका धारा सगरबाट वर्षदै जान्थे त्यति मखमली भगवान सँग बिन्ती गर्थि मेरो घरमा कुनै विपत्ति नआओस् भनेर । सायद नेपालको बाढी पहिरोको समाचार थाहा पाएर होला साउदीबाट लोग्नेले फोन गरेर भन्ने गर्थ्यो चिन्ता नलिनु घर परिवारको राम्रो ख्याल राख्नु मखमली हिउँदो लागे पछि म आउँछु अनि बनाउनु पर्छ हाम्रो सपनाको पक्की घर ।

यताको व्यथा सुनाएर सात समुन्द्र पारी हाड घोटी रहेको लोग्नेको व्यथा के बढाउनु भन्दै मखमलीले लोग्नेलाई भन्ने गर्थि म यताको राम्रो ख्याल गर्छु, त्यता हजुर आफ्नो ख्याल गर्नुस् । हिउँदमा लोग्ने आए पछि पक्की घर बनाउने कल्पनामा हराउँदा एकक्षण भए पनि वर्षातमा पाएको दुःखलाई भुल्ने गर्थि मखमली । तर यर्थाथता आफ्नो अगाडि देख्दा दुःखका पहाडनै आफु माथि खस्न थालेको महसुस गर्थि उ ।

वर्षातले थपिदिएको घरको चिन्ताले मखमलीका आँखा अनिदो नै रहे । उसको भोक पनि त्यसै विलायो । चिन्ताले मखमली आफै पनि वर्षातले भिजेको घर भैं गल्न थालेकी थिई । पहिरोको सन्त्रास गाउँमा व्यापक बन्दै गएको थियो । वर्षातकै कारण बिजुलीका पोलहरू ढल्दा गाउँ अन्धकार हुनुको साथै सूचना संचार विहिन हुन थालेको थियो । पहिरोले रूख ढाल्दा बाटाहरू अवरूद्ध हुन पुगे । साना तिना खोल्सा र खोलाले पनि उग्र रूप लिन थाले ।

गाउँका अन्य घर जस्तै एकरात मखमलीले रूँगेको त्यो घर पनि नाम निशाना नरहने गरी वर्षायाममा पापी पहिरोको शिकार भयो । मखमली र उनका छोराछोरी, सासु, ससुरा गाई, भैसी बाख्रा कुखुरा कहाँ पुगे कहाँ । त्यो रात मखमलीको सहित पाँच घर आफ्नो निशाना नरहने गरी पहिरोको शिकार भए । बाढी पहिरोले गर्दा उद्दार टोली पनि समयमा पुग्न सकेन । दुई दिन पछि प्रहरी र स्थानिय युवा क्लबका टोलीले मखमलीको परिवारको सबैको शव जसोतसो निकालेर पाखा लगायो । हिलोले लतपतिएको मखमली को लाशले चिच्याएर बोले भैं लाग्थ्यो । कहिले पूरा हुन्छ मेरो सपना एउटा पक्की घर बनाउने । अनि त्यो पक्की घरमा आफ्नो परिवारलाई सुख सित राख्ने । ♦♦♦

# नेपालमा सङ्घीय राज्य अन्तर्गत प्रदेश सरकारहरूको वर्तमान स्थिति र सुधारका उपायहरू



✍ गम्भीरबहादुर हाडा

संघीय शासन प्रणालीको शुरूवात तेह्रौं शताब्दीमा स्वीजरल्याण्डबाट भएको मानिन्छ । संघीय राज्य त्यस्तो राज्य हो जसमा छुट्टै अस्तित्व र अधिकारयुक्त साना राज्य-संघहरू आफू आफूमा पर्याप्त स्वायत्तता र स्वतन्त्रता उपभोग गर्ने गर्छन् र महत्वपूर्ण मुद्धाहरूमा साझा धारणा राख्दै केन्द्रीय राज्यमा संगठीत हुन्छन् । संघीय प्रणालीमा संघहरूको राज्य निर्माणमा निश्चित उद्धेश्य हुन्छन् । साथै एकात्मक राज्यबाट संघात्मक प्रणालीतर्फ रूपान्तरण हुँदा निश्चित विषयवस्तुमा सम्झौता भए पनि संघहरूलाई अधिकाशं मुद्धाहरूमा स्वायत्तता प्राप्त हुन्छ । संघीय राज्य प्रणली के हो र यसले कस्ता अधिकारको बाँडफाँड गर्दछ भन्ने सन्दर्भमा Diecy को धारणा महत्वपूर्ण देखिन्छ। फेडरलिज्म (Federalism) शब्द लेटिन भाषाको फेडस (fedus) शब्दबाट लिइएको हो । यसको अर्थ सन्धि अथवा सम्झौता हुन्छ । संघात्मक सरकार त्यस्तो सरकार हो, जहाँ संविधानद्वारा देशको शक्ति केन्द्र र तल्ला तहका सरकारमा विभाजित गरिन्छ । सामूहिक उद्धेश्य प्राप्तिको लागि राज्यहरू संघीय सरकारको रूपमा रूपान्तरित हुन्छन् । यसरी आबद्ध भए पनि सहभागितामा केन्द्रीय सरकार गठन गरी उसलाई निश्चित आधार प्रदान गर्नुका साथै आफ्नो स्वायत्त शासनको अधिकार सुरक्षित राखी स्थानीय, प्रान्तीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्बन्ध एवम् व्यवहार निर्धारण गरेका हुन्छन् । डायसीको भनाई छ : 'संघात्मक राज्य एक यस्तो राजनीतिक उपायको अतिरिक्त अरू केही होइन जसको उद्धेश्य राष्ट्रिय एकता र राज्य अधिकारहरूमा सम्बन्ध कायम गर्नु हो । स्टिफेन लिकका अनुसार 'संघात्मक सरकार कुनै एक्लो राज्य हुँदैन। विश्वमा जनसंख्याको ४० प्रतिशत जनता रहेका २८ वटा मुलुकहरू सङ्घीय छन् । धेरै ठूलो जनसंख्या भएका प्राय सबै लोकतान्त्रिक मूलुकहरू

संघिय रहेका छन् । लोकतान्त्रीकरण सँगै अर्जेन्टिना, ब्राजिल र मेक्सिको बढी भन्दा बढी संघिय बन्दै छन् र पहिले एकात्मक र शेको वेल्जियम, इथोपिया र स्पेन अहिले संघिय बनेका छन्। द्वन्द्वपछिको वातावरणमा बोस्निया, लोकतान्त्रिक गणतन्त्र कंगो, इराक सुडान र दक्षीण अफ्रिकामा समेत संघियता अपनाइएको छ । विश्वका सङ्घीय मुलुकहरूमा अर्जेन्टिना, अष्ट्रेलिया, अष्ट्रिया, बेल्जियम , बोस्नीया, हर्जगोभिना, ब्राजिल, क्यानडा, कोमोरोस, लोकतान्त्रिक गणतन्त्र कंगो, इथियोपिया, जर्मनी, भारत, इराक, मलेसिया मेक्सिको, माइक्रोनेसिया, नाइजेरिया, पाकिस्तान, रूस, सेन्टकिटर एण्ड नेभिस, दक्षिण अफ्रिका, स्पेन, सुडान, स्विजरल्याण्ड, संयुक्त अरब इमिरेट्स, संयुक्त अधिराज्य अमेरिका र भेजेजुएला पर्दछन् । सामाजिक र आर्थिक संरचना तथा संस्थागत आधारमा सङ्घहरू फरक फरक हुन्छन् ।

नेपालमा २०७२ साल असोजमा जारी भएको नेपालको संविधानले नेपाललाई विधिवत रूपमा संघियतामा लगेको छ । त्यसमा पनि २०७४ सालमा भएको तीनै तहकै निर्वाचन पश्चात नेपाल तीन तहको सरकार गठनसँगै संघियता कार्यान्वयनको चरणमा गएको छ। अहिले संघिय सरकार सातवटा प्रदेश र ७५३ वटा स्थानीय सरकार भएको संघीय प्रणलीको शुरूवात भएको छ । यस सँगै नेपालको वित्त नीति तीन तहको सरकारमा बाँडिएको छ । तीन तहमा बाँडिएको सरकारको कामसँगै स्रोत परिचालनको सन्दर्भमा पनि तीनै तहलाई विशेष व्यवस्था गरिएको पाईन्छ । नयाँ व्यवस्था अनुसार संघले जेठ १५ गते बजेट प्रस्तुत गर्दछ, प्रदेशले असार १ गते र स्थानीय सरकारले असार १० गते बजेट प्रस्तुत गर्दछन् । नेपालको संविधान २०७२ को अनुसूचि ५ मा संघको अधिकार सूचिको व्यवस्था गरेको छ भने अनुसुची ६ मा प्रदेश सरकारको अनुसूचि ७ मा संघ र प्रदेशको साझा अधिकार सूचि रहेको छ । अनुसूचि ८ ले स्थानीय तहको अधिकार सूचि र अनुसूची ९ ले तीनै तहको साझा अधिकार सूचिको व्यवस्था गरेको देखिएको छ । संविधानमा भएका यी अनुसूचिहरूले तीनै तहको काम गर्ने कार्यक्षेत्र र स्रोत परिचालन गर्ने श्रोतका बारेमा व्यवस्था गरिएको पाईन्छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले संघ प्रदेश र स्थानीय तह बीच राजस्वको अधिकार राजस्व बाँडफाड अनुदान ऋण बजेट व्यवस्थापन सार्वजनिक खर्च र वित्तिय अनुशासन सम्बन्धमा व्यवस्था गरेको छ । हाल स्थानीय

सरकारमा ६ महानगरपालिका र ४६ गाउँपालिका र ११ उपमहानगरपालिका रहेका छन् । अहिले सबै स्थानीय तहलाई कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका समेतको अधिकार दिएर सिंहदरबार कै हैसियत दिइएको छ। जनताले अपेक्षा गरेको समग्र विकासलाई अब भने स्थानीय तहले दूर दराजसम्म पुऱ्याउने बाटो खुलेको छ ।

**प्रदेश सरकारको वित्तको तुलनात्मक स्थिति**

आर्थिक वर्ष २०७६/२०७७ को फागुनसम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १२.९ प्रतिशतले वृद्धि भई रू. ६ खर्ब १० अर्ब ६८ करोड पुगेको छ । संघीय आय १५.८ प्रतिशतले वृद्धि भई रू ५ खर्ब २६ अर्ब २२ करोड पुगेको छ । यस अवधिमा संघीय सरकारको बजेट घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.३ प्रतिशतले कमी भई रू. ८४ अर्ब ४६ करोड रहेको छ । आर्थिक वर्ष २०७५/२०७६ को फागुनसम्म यस्तो घाटा रू. ८६ अर्ब २९ करोड रहेको थियो । आर्थिक वर्ष २०७६/ २०७७ को फागुनसम्म संघीय सरकारको राजस्व बचत गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १.२ प्रतिशतले कमी आई रू. २८ अर्ब ९३ करोड रहेको छ । आर्थिक वर्ष २०७५/ २०७६ को फागुनसम्ममा संघीय सरकारको राजस्व बचत गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १.२ प्रतिशतले कमी आई रू. २८ अर्ब ९३ करोड रहेको छ । आर्थिक वर्ष २०७५ २०७६ को फागुनसम्ममा यस्तो बचत रू. २९ अर्ब २७ करोड रहेको थियो । आर्थिक वर्ष २०७४/७५ मा कूल गार्हस्थ्य उत्पादनको अनुपातमा संघीय सरकारको बजेट सन्तुलन १०.४ प्रतिशत घाटामा रहेकोमा आर्थिक वर्ष २०७५/२०७६ मा यस्तो घाटा ९.७ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७५/२०७६ मा संघीय सरकारको राजस्व बचत कुल गार्हस्थ्य उत्पादनको ०.४ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७५/ २०७६ मा संघीय सरकारको कुल आय ०.५ प्रतिशतले वृद्धि भई रू. ७ खर्ब ७४ अर्ब ६ करोड रहेको थियो । यस अवधिमा कुल संघीय सरकारी खर्च २.१ प्रतिशतले वृद्धि भई रू. ११ खर्ब १० अर्ब ४६ करोड रहेको थियो । आर्थिक वर्ष २०७४/२०७५ मा संघीय सरकारको बजेट घाटा रू. ३ खर्ब १७ अर्ब ९ करोड रहेकोमा आर्थिक वर्ष २०७५/२०७६ मा यस्तो घाटा ७.० प्रतिशतले वृद्धि भई रू. ३ खर्ब ३६ अर्ब ४० करोड रहेको थियो । आर्थिक वर्ष २०७५/२०७६ मा कुल गार्हस्थ्य उत्पादनमा संघीय

सरकारको कुल खर्चको अनुपात आर्थिक वर्ष २०७४/२०७५ को तुलनामा ३.६ प्रतिशत विन्दुले घटेर ३२.१ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७५/२०७६ मा कुल गार्हस्थ्य उत्पादनसँग चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थापनको अनुपात क्रमशः २०.७ प्रतिशत, ६.९ प्रतिशत र ४.४ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७५/७६ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा संघीय सञ्चिती कोष र विभाज्य कोषमा जम्मा भएको कुल राजस्व २४.० प्रतिशत रहेको थियो । यस अवधिमा कर र गैरकर राजस्व कुल गार्हस्थ उत्पादनको क्रमश २१.३ प्रतिशत र २.७ प्रतिशत रहेको थियो ।

आर्थिक वर्ष २०७५/२०७६ मा संघीय राजस्व कुल गार्हस्थ उत्पादनको २१.२ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७५ /२०७६ सम्म तिर्न बाँकी सार्वजनिक ऋण र कुल गार्हस्थ उत्पादनको अनुपात ३०.३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७६/२०७७ को फागुनसम्ममा यो अनुपात ३०.३ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७५/२०७६ मा कुल गार्हस्थ उत्पादनमा तिर्न बाँकी वैदेशिक ऋण र आन्तरिक ऋणको अनुपात क्रमशः १७.२ प्रतिशत र १३.१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७६/७७ को फागुनसम्ममा यस्तो अनुपात क्रमश १८.६ प्रतिशत र ११.७ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०७६/७७ को फागुनसम्ममा संघीय सरकारले रू. ४२ लाख आन्तरिक ऋण परिचालन गरेको छ । आर्थिक वर्ष २०७४/७५ मा आन्तरिक ऋण परिचालन कुल गार्हस्थ उत्पादनको ४.८ प्रतिशत रहेकोमा आ. ब. २०७५/७६ मा २.८ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७५/७६ मा कुल ऋण सेवा- ऋणको साँवा ब्याज भुक्तानी खर्च कुल गार्हस्थ उत्पादनको २.३ प्रतिशत रहेको थियो । सोही अवधिमा सरकारको ब्याज र अन्य सेवा खर्च कुल गार्हस्थ उत्पादनको अनुपातमा ०.६ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७१/२०७२ पछि कुल गार्हस्थ उत्पादनको ऋण सेवा खर्च क्रमशः घटदै गएको छ ।

**वर्तमान पन्ध्रौ योजना २०७६-२०८१ मा संघीय शासन प्रणाली**

**सोच**

समन्वय, सहयोग र सहकार्यमा आधारित समावेशी संघीय शासन प्रणाली

**लक्ष्य**

संघीय शासन पद्धतिबाट प्राप्त हुने लाभमा सबै नागरिकको समान पहुँच र अवसर सुनिश्चित गर्ने।

**उद्धेश्य**

१. लोकतन्त्रवाट प्राप्त हुने लाभको

समानुपातिक, समावेशी र न्यायोचित वितरणको अवस्था सिर्जना गर्नु

२. सन्निकटताको सिद्धान्त अनुसार कार्य सम्पादन गर्ने अवस्था सिर्जना गर्नु

३. स्थानीय तहबाट राजनीतिक एवम् प्रशासनिक नेतृत्व विकास गर्नु,

संघ प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने अनुदान रकमको कानून बमोजिम विनियोजन र खर्च हुन सकेको छैन । वित्तिय संघियता कार्यान्वयनको लागि प्रदेश र स्थानीय तहको क्षमता विकास हुन सकेको देखिदैन। संविधानका अनुसूचीमा उल्लेखित कार्यहरू सम्पादनको लागि तथा साझा अधिकारको कार्यान्वयन गर्न कानून निर्माणमा केही ढिलाईले द्विविधा र असहज ल्याएको छ । यसको साथसाथै अन्तर तह द्वन्द्व, प्रतिस्पर्धा र प्राकृतिक स्रोतको उपयोगमा आई समस्यामा देखिन सक्ने समन्वयको अभावलाई सम्बोधन गर्न कठिनाई सिर्जना गरेको पाईन्छ । रूपान्तरणिय सामाजिक परिचालनको मर्म अनुसार योजना तर्जुमा कार्यान्वयन तथा अनुगमनको अध्यादेशमा लक्षित वर्गको संलग्नताा न्यून रहनु र समाजका हुने खाने वर्गको संलग्नता न्यून रहनु र समाजका हुने खाने वर्ग र राजनैतिक दलका नेताहरू कै हालीमुहाली र बर्चस्व रहिरहेको देखिन आउँछ । स्थानीय स्तरको योजना तर्जुमा र कार्यान्वयन प्रकृयामा अति राजनितिकरण हुनु र योजना कार्यान्वयन गर्ने नीति फितलो रहेको छ । स्थानीय स्तरमा निर्माण तथा कार्यान्वयन गरिने योजनाहरूमा मानवीय तथा सामाजिक विकासको क्षेत्रमा भन्दा पूर्वाधार विकासका क्षेत्रमा जनचासो तथा योजना र कार्यक्रमहरूको माग बढिरहेको देखिन्छ । पूर्वाधारको विकासलाई मात्र विकास भन्ने प्रवृत्तिको भावना रहेको देखिन्छ । तर विकास भन्ने वित्तिकै आर्थिक सामाजिक धार्मिक सामाजिक आर्थिक राजनैतिक र नैतिकताको विकास हुनु पनि त्यत्तिकै जरूरी हुन्छ । स्थानीय निकायहरूको अवैज्ञानिक सांगठानिक ढाँचा ठुलो संख्या, परम्परावादी, प्रशासनिक कार्यशैली तथा कमजोर मूल्यांकन प्रणालीले गर्दा पनि समस्या र चुनौती रहेको छ ।

संघियतामा मुलुक रूपान्तरण भए पछि प्रशांसनिक र प्राविधिक पक्षमा रूपान्तरण हुनुपर्ने हो । राजनितिक संस्कारले त रूपान्तरणको नेतृत्व नै गर्न सक्नु पर्ने हो । तापनि परम्परागत कार्यशैलीको वितरण र अनुकरण भएको प्रतीत हुन्छ । प्रशासन सुधारको एकीकृत ढाँचा बन्न सकेको देखिदैन । विषयगत क्षेत्रगत एकल काठे (sectoral Isolation) प्रकृतिमा

खासै सुधार हुन सकेको छैन । सरकारका तह धेरै र स्रोत उपयोग स्थान धेरै हुंदा संघियता खर्चिलो हुन जान्छ । यदि मितव्ययिता र दक्षता आत्मसात गरिएन भने वित्तिय संघियताले नतिजा दिन कठिनाई पर्न आउँछ । समन्वयको अभाव, प्रशासनमा नेतृत्वको कमी, प्रशासनबाट आवश्यक सहयोग प्राप्त नभएको अधिकार प्रत्यायोजनमा आवश्यकता अनुसार एकरूपता नभएको आदि जस्ता प्रदेश सरकारमा समस्या देखा परेका छन् । यसको साथसाथै स्थानीय तहको कोषबाट कानून विपरित जथाभावी आफू निकटका व्यक्ति वा संस्थालाई आर्थिक सहायता बापत ठूलो रकम वितरण गर्ने गराउने र पछि कमिसन लिने गरेको अख्तियार दुरूपयोग अनुसन्धान आयोगले जनाएको छ । यस्तै आफ्नो अधिकार क्षेत्र भित्र पर्ने विषयमा मात्र कर लगाउनु पर्नेमा केही स्थानीय तहहरूले कानूनद्वारा प्रदत्त अधिकार क्षेत्र नाघेर निर्णयहरू गर्ने गरेको पाइएको छ । विकासका एउटै कामलाई दोहरो देखाई झुठ्ठा बिल भर्पाइ एवं विवरण बनाई भुक्तानी लिने गरिएको देखिन्छ । कानूनले तोकेको आवश्यकता प्रकृया पूरा नगरी उपभोक्ताहरूलाई पेश्की दिने काम बिना नै फछ्यौट गर्ने काम सम्पन्न नभई कार्य सम्पन्न प्रतिवेदन बनाउने कार्य गरेको पाईन्छ । स्थानीय तहको बेरूजु ३८ अर्बभन्दा बढी पुगेको छ । महालेखा परीक्षकको ५७ औं वार्षिक प्रतिवेदन २०७७ अनुसार स्थानीय तहको वेरूजु ३८ अर्ब २३ करोड पुगेको छ । यो कुल बेरूजु ५.१५ प्रतिशत पुगेको छ । पछिल्लो समय केन्द्रिय सरकारको बेरूजु घट्दै गए पनि स्थानीय तह र प्रदेशको बढ्दै गएको छ। बेरूजु सबैभन्दा बढी प्रदेश २ का स्थानीय तहमा देखिएको छ भने सबैभन्दा कम गण्डकी प्रदेशका स्थानीय तहमा छ । स्थानीय तहले ४० वटा कानून बनाउनु पर्ने भए पनि कानून निर्माण गर्न नसकेको आवश्यकता अनुसार कर्मचारी पदपूर्ति गर्न नसकेको लेखा प्रणाली राख्न नसकेको सञ्चिति कोषको सदुपयोग नगरेको महालेखाले औंल्याएको छ । स्थानीय तहको बजेट संघिय निकायमा निर्भर भएको अनुत्पादक र वितरणमुखी कार्यक्रम बनाएको दिगो विकास लक्ष्यको अन्तरीकरण नगरेको चौमासिक आयव्यय पेश नगरेको स्वार्थ बाझिने काम गरेको पनि महालेखाले जनाएको पाईन्छ । स्थानीय तहसँगै प्रदेशको बेरूजु पनि बढ्दै गएको छ । प्रदेश सरकारको बेरूजु हेर्ने हो भने आठ अर्ब ४७ करोड ८० लाख पुगेको देखिन आउँछ ।

नेपाल सरकारले प्रदेश तथा स्थानीय तहमा आवश्यक वैदेशिक सहायत परिचालन गर्ने स्पष्ट कार्य विधि र निर्देशिका तयार गरिनु पर्दछ । संघ प्रदेश र स्थानीय तह तथा अन्तर प्रदेश, प्रदेश र स्थानीय तहबीच कार्यमूलक सम्बन्ध स्थापित गर्नु पनि त्यत्तिकै आवश्यक रहेको छ । दुरसंचार फ्रिक्वेन्सी र रोयल्टीको बाँडफाँड सम्बन्धमा हाल देखिएको समस्या समाधानको लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्त आयोग मार्फत थप अध्ययन तथा अनुसन्धान गर्नुपर्छ । उपलब्ध वित्तिय स्रोतको बहुआयामिक उपयोग गर्न अल्पकालीन मध्यकालीन र दिर्घकालिन कार्यक्रम बनाई MTEF/ बजेटसँग तादाम्य हुने गरी स्रोत परिचालन र खर्च गर्ने गरिएमा राम्रो हुन आउँछ । यसको साथसाथै नेपाल सरकारबाट प्रदेश र स्थानीय तहमा विभाज्य कोष मार्फत जानुपर्ने रकम मासिक रूपमा हिसाब गरी उपलब्ध गर्ने गराउनु पर्दछ । बित्त संघियलालाई प्रभावकारी बनाउन क्षमता विकास र स्पष्ट कार्यविधिहरूको खाँचो छ । दोहोरो खर्च र जनतालाई दोहोरो करको भार नपार्नका लागि प्रभावकारी अनुगमन र नियमन गर्नु आवश्यक रहेको छ । अन्यथा जनताले तिरेको राजस्व दुरूपयोग हुने सम्भावना हुन आउँछ । नेपाल सरकारले सन् २०३० सम्ममा दिगो विकासका लक्ष हासिल गर्न चीन, भारत र बंगलादेशले यातायात क्षेत्रमा हासिल गरेको प्रगतिबाट फाईदा लिन मुलुकको अर्थतन्त्रलाई मजबुत बनाउन र रोजगारी सिर्जना गर्न ग्रामीण एवं स्थानीय यातायात पूर्वाधारलाई पहिलो प्राथमिकता दिन सडक पूर्वाधारमा लगानी गर्नु अति आवश्यक छ । संघियतामा प्रवेश गरेको मुलुक नेपालले योजना आयोजना र बजेटसँगै पूर्ण र पारदर्शी खर्च व्यवस्थालाई केन्द्र बिन्दुमा राख्नुपर्ने देखिन्छ । ऋण लिनु अघि स्थानीय तहमा के कुरामा स्पष्ट हुनुपर्छ भने विकासका लागि गरिने लगानीमा त्यो कति उपलब्धि पूर्ण हुन्छ । प्राप्त ऋणले कति काम गर्न सक्छ थोरै पूजीले धेरै काम गर्न सक्छ सक्दैन लगानीको वातावरण र व्यवस्थापन हुन सक्छ सक्दैन जस्ता विविध आयामबाट हेरिनु आवश्यक छ । आशातित उपलब्धि प्राप्त हुने वा नहुने भन्ने प्रष्ट भएर मात्र लगानी गरिनु जरूरी छ । योजना निर्माणका प्रत्येक तह र चरणमा जनसहभागिताको सुनिश्चित गर्ने र झ्यालबाट योजना छिराउने संस्कृति तथा प्रवृत्तिको अन्त्य गरिनुपर्छ । योजना तर्जुमा अभ्यासमा अति गरिब दलित, जनजाति, महिला, सिमान्तकृत

अल्पसंख्यक अदि वर्गलाई केन्द्रमा राख्ने या महत्व दिने गरिएमा अझ राम्रो हुनेछ । स्थानीय योजना तर्जुमाको अभ्यासमा विज्ञहरूको उपयोग गर्नेको साथै दिगो तथा वातावरणीय संरक्षण सम्बन्धी योजनाहरू कार्यान्वयनमा विशेष जोड दिनुपर्छ। तोकिएको समयमा योजना सम्पन्न नगर्ने उपभोक्ता समितिहरू तथा ठेकेदारहरूलाई कारबाही गर्ने कडा कानूनको व्यवस्था गरी कार्यान्वयन गर्ने गराउनु पर्दछ । स्थानीय योजना तर्जुमाका सम्बन्धमा सरोकारवालाहरूलाई तालिम गोष्ठी आदिको व्यवस्था गरी सचेतना अभिवृद्धि गर्ने र विकास कार्यक्रम सञ्चालन गरिदा अनुगमन र मूल्याङ्कनको प्रकृयालाई बढी सशक्त बनाउनुपर्दछ । वित्तिय पहुचलाई समावेशी बनाउन माग पक्षलाई सक्रिय बनाउन सरकार र वित्तिय क्षेत्रले थप प्रयास गर्नुपर्ने देखिन्छ । कर्जालाई मानव अधिकारको रूपमा स्थापित गर्ने ग्रामीण बैंकका पूर्णताको अभियान सफल भएमा नेपालमा पनि सकारात्मक असर पर्न सक्दछ । अन्यथा समाजको तल्लो तहमा रहेका नागरिक स्वीकार योग्य धितो, नेटवर्क, कर्जा तिर्न सक्ने क्षमता आदिको नाममा अझै गरिबी र अभावको जालोमा रहिरहने छन् । तसर्थ ग्रामीण क्षेत्रमा गरिबीको समस्या निराकारणको लागि बैंकिङ्ग क्षेत्रले महत्वपूर्ण भूमिका निभाउनु पर्छ ।

नेपालमा पिछडिएका ग्रामीण समुदाय जहाँ निर्दोष तथा अनविज्ञ जनताहरू गाउँमा विभिन्न समस्याहरूसँग दिनरात लड्न प्रयत्नशिल भईरहेका हुन्छन् । तिनीहरूलाई वास्तविक विकास गराउनको निम्ति विकासमा संलग्न कार्यकर्ता तथा जनप्रतिनिधिहरूले आत्मविश्वासका साथै कटिबद्ध हुनु अति नै आवश्यक पर्दछ । व्यक्तिगत प्रभावको आधारमा स्थानीय नेतृत्वको शोषण तथा बौद्धिक ह्रास हुने वातावरणको सिर्जना गर्नुहुँदैन । कुनै पनि सहयोग तथा सहभावको दुरूपयोग हुन नपाओस्, त्यसको रेखदेख तथा नियन्त्रण हुनुपर्दछ । संचार साधनको कमी भएको क्षेत्रमा जनताले बुझ्ने किसिमबाट विकासको प्रचार प्रसार स्पष्ट रूपमा भईरहनु पर्दछ । विकास कार्यक्रमको लक्ष्य भौतिक साधनको मात्र अभिवृद्धि नगरी स्थानीय जनताको मनोवृद्धिमा परिवर्तन ल्याउने पनि हो । यसले मानिसको सोचाई एवं कार्य प्रवृत्तिलाई सधैं प्रगति पथमा अग्रसर गराउँदछ ।

**सहायक ग्रन्थहरू**

- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ (नमूना), नेपाल

सरकार राष्ट्रिय योजना आयोग सिंहदरबार काठमाडौं ।
- तारानाथ घिमिरे, संघात्मक व्यवस्था (सिद्धान्त, अवधारणा र व्यवहार मोलुङ्ग बहुउद्धेश्यीय कम्पनी प्रा. लि पहिलो संस्करण २०६५ मंसिर ।
- प्रा.अमन श्रेष्ठ स्थानीय तहको नयाँ संरचना (विश्लेषणात्मक टिप्पणी सहित) सम्पादक महेश प्रकास सिवाकोटी अवोध सुवेर्द राष्ट्रिय सूचना मञ्च पुतलिसडक, काठमाडौं, नेपाल दोश्रो संस्करण २०७४ । हरिहर पोखरेल, संघिय सात प्रदेश नेपालको संविधान (विकास क्रम र विशेषता) ब्रदर बुक्स प्रकाशन प्रा.लि. काठमाडौं, २०७२ असोज काठमाडौं ।
- दामोदर रेग्मी नेपालमा संघियताका अवसर र चुनौतीहरू
- संघियता र स्थानीय स्वायत शासन
- राज्यको पुनसंरचना र संघियतामा स्थानीय सरकारको सवैधानिक व्यवस्थाको सन्दर्भ, गाउँ विकास समिति राष्ट्रिय महासंघ नेपाल मंसिर २०७१
- नवराज भट्टराई सरकार संस्थाहरू र स्थानीय ग्रामीण शासन विद्यार्थी पुस्तक भण्डार काठमाडौं तेश्रो संस्करण २०७२
- नेपालमा संघियता र राज्य पुनः संरचना मानव अधिकार तथा सामाजिक रूपान्तरण अभियान नेपाल २०६६ असार ।
- प्रा.डा.चन्द्रमणि अधिकारी संघिय नेपालमा वित्तिय व्यवस्थापन चुनौती र भविष्यको मार्ग चित्र, बैंक समाचार, कृषि विकास बैंक वर्ष ४२ अंक ५ २०७४ माघ
- बामदेव शर्मा अधिकारी, संघियताको वित्तिय व्यवस्थापन तथा राजस्व प्रणाली, गन्तव्य आर्थिक सुशासन, नवौं वार्षिक प्रकासन २०७६
- डा.प्रकाश कुमार श्रेष्ठ नेपालमा संघिय सरकारी वित्त व्यवस्थापनको व्यवस्थापनको व्यवस्था आर्थिक संगालो, नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघ, थापाथली २०७५ ।
- रमेश कुमार के.सी राज्य पुनसंरचना र संघिय शासन प्रणाली आर्थिक मीमा.स नेपाल वित्तिय कर्मचारी संघ, नेपाल राष्ट बैंक वर्ष १० २०७१ चैत्र
- महेश दाहाल, विकेन्द्रिकरण र स्थानीय स्वायत शासन, प्रयास, चुनौती र भावी रणनिति हुलाक The plst वर्ष ४४ पूर्णाङ्क १७१, पौष २०६३ हुलाक प्रशिक्षण केन्द्र ।
- रमेश ढकाल स्थानीय तहको वित्तिय व्यवस्थापन र नियन्त्रण, लेखा परीक्षण

पत्रिका वर्ष ३८ अंक ८८, असार २०७६ महालेखा परीक्षक विभाग, बबरमहल, काठमाडौं ।

- पुरूषोत्तम नेपाल नेपालमा वित्तिय विकेन्द्रीकरण सिद्धान्त र व्यवहार राजस्व वर्ष २५, २०६१ पौष अंक ३ राजस्व प्रशासन तालिम केन्द्र हरिहर भवन

- गोपीनाथ मैनाली संघियता र नीति समन्वय प्रशांसनिक मासिक वर्ष ६ अंक ६, २०७५ श्रावण

- सुवास शर्मा , स्थानीय बित्त र यसका श्रोतहरू, प्रशासनिक मासिक, वर्ष ७ अंक ८ कार्तिक २०७६

- जनक राज गौतम स्थानीय निकायः सार्वजनिक परीक्षण र सामाजिक परीक्षण बीच समानता र भिन्नता स्वशासन वर्ष १८, २०७१ असार नेपाल सरकार संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय पुल्चोक, ललितपुर । ♦♦

**कविता**

## आधुनिकता

✍ **हरिकृष्ण सिलवाल**

गाउँघरको बस्ती अब शहरतिर लाग्यो
जन्मिएको घर गाउँ आज नौलो लाग्यो ।।
मकै, रोटी, ढिँडो, पुवा गाउँ छोडी भाग्यो
पत्रु खाना पकेटहरू आज अघि लाग्यो ।।

आधुनिक भए सबै सम्पन्नता आयो
नेपालीले दासताको मनोवृत्ति पायो ।।
कोल, घट्ट, छपनीको दर्शन पाइन छाड्यो
अँगेनीको तीनखुट्टे वदान कता भाग्यो ।।

गाउँघरको सीप चलन कतातिर लागे
हाम्रोपन, हाम्रो संस्कार गाउँ छाडी भागे ।।
विस्थापित भो अर्गानिक हाम्रो बाली नाली
आज हामी बन्न गयौं आधुनिक खाली ।।

लघुकथा

# छोरीको प्रश्न



✍ हरिप्रसाद भण्डारी

"बा अब कति दिनमा घर पुगिन्छ ?" छोरीले सोधी ।

"अघि भर्खर सोधेकी हैनस् ?" बाउ झर्कियो ।

"घर पुगेपछि बाजेबजैलाई भेट्न पाइन्छ । आइँपाडीको दुध खान पाइन्छ । मनेसँग खेल्न पाइन्च ।"

आमातिर हेर्दै उसले भनी, "सानो मने ठूलो भैसक्यो होला है आमा ?"

"खै छोरी !" हिँड्दाहिँड्दै सुन्निएका खुट्टातिर हेर्दै सुन्तलीले भनी ।

"आमा ! हिँड्न गाह्रो भो ?"

सुन्तली केही बोलिन । उसका आँखा रसाए ।

"अलि छिटो हिँड् । साथीहरू पर पुगिसके । ढिलो गरे एक्लै परिन्छ !" लोग्नेले अत्तायो ।

"ए कता जान लागेको ? त्यता नजाऊ, अगाडि बाटो छेकेर बस्याछन् । अघि जाने मान्छेलाई क्वारिन्टाइनमा हाले ।

तिमीहरू पनि परौला ।" एक जना वृद्ध व्यक्तिले भने ।

"लौन नि के गर्ने होला ?" सुन्तली आत्तिई ।

"सरकारले एक गाउँबाट अर्को गाउँमा छिर्न नदिनु, ठाउँको ठाउँ रोक्नु भनेको सुन्या छैनौ ? कठै ! काँ पुग्नु पर्ने हो ?" वृद्धले दया देखाए ।

"के आपत् आइलाग्या होला ? पेटभरि खान पाइन्छ भनेर शहराँ गाको झन् बिजोग भो ।

यो नयाँ रोगले घर न घाट बनायो । घर जान पनि नपाइने भो ! हे दैव !" सुन्तली रून थाली ।

"समयले यस्तै पाऱ्यो के गरम् ! मान्छेले दुःख पाएको देख्दा छाती पोल्च । पोलेर के गर्नु !" वृद्धले लामो सास फेर्दै भने ।

"अब के गरम् हजुर ?" सुन्तलीले बिलौना गर्न थाली ।

"एउटा उपाय छ ।"

"के उपाय ?"

"यहाँबाट खोलामा झर, बगरै बगर तल जाऊ अनि माथि उक्लेर बाटो समात । यो बाहेक अर्को उपाय छैन ।हाम्रा साथीहरूले भेटे भने जान दिन्नन् । म पनि तिनै मान्छे छेक्ने काम गरेर आएको हुँ । गाउँलेहरू पालैपालो मान्छे छेक्न बसेका छन् ।"

"बाटै छैन त ?" तल पुगेपछि सुन्तलीले गुनासो गरी ।

"खोलाका बगरमा पनि बाटो हुन्छ त ?" लोग्नेले भन्यो ।

त्यै बेला छोरीले सोधी, "बा अब कति दिनमा घर पुगिन्छ ?"

♦♦♦

**कविता**

# मृत्यु



✍ **प्र.ज. टीकाराम दुलाल**

वृद्धा बालक के जवान सब जो पुग्छन् तिम्रो घर
के दिन्छौं र तिमी भुलेर दुनियाँ बस्छन् त्यतानै तर
गोरी छौं कि तिमी बिछट्ट रूपकी खै छौं बडो सुन्दर
जो मान्छे पनि भेट्दै जब तिमी फिर्ने यहाँ को छ र

सासै दान दिएर बस्छ किन हो प्राणी सबै जो पनि
तिम्रो साथ छ के अमूल्यपन त्यो भन्दैन यस्तो भनि
जसले देख्छ तिमी सित उतै जानै खुसी बन्दछ
यस्तो रैछ र जान्छु है भनि कतै कोही न कैं भन्दछ

जान्छन् मानिस आफू त्यो नगरमा सम्बन्ध नाता भुलि
तिम्रै साथ हुने भनेर बिचरा फासी र चढ्छन् सुलि
तिम्रै खातिर भेट्छु यो जहरको पानी पिएका पनि
तिम्रो हात समात्न जीवन मिठो हत्या गरेका अनि

जो जस्तो धनि होस् वा गरिबनै खाओस् वा औषधि
को को लानु छ एक यो घडिपला छानेर लान्छौं तिमी
मर्यादा क्रम हुन्छ पालन तिमी गर्दै गरेनौं कतै
बा आमा पहिला छदै जिजुबुबा नाती उठायौं कठै

आफ्नै न्याय छ जे गरे पनि अहों तिम्रो अनौठो यहाँ
त्यो ईज्लास कठोर न्यायलयको पोखौं गुनासो कहाँ
भेट्ने साहसले गरे रहर खै भेट्नै नमिल्ने अरे
आफ्नै मात्र कुरा सुनेर दुनिया राख्छौं पकड्मा हरे

तिम्रो नीति विधान कानून सबै यस्तो छ होला भनि
भन्छन् धर्म र शास्त्रले अलिकता आदर्श वाणी पनि
आत्मा मात्र लिएर यो शरीर खै छोड्छौं यतै पार्थिव
कस्तो चाल चलेर यो हुन गयो भेट्दैन वैज्ञानिक

# समुदाय केन्द्रित प्रहरीका कार्यक्रम



✍ **सुदर्शन अधिकारी**

समाजमा शान्तिसुरक्षा र अमनचैन कायम गर्ने जनताका जीउधनको सुरक्षा, अपराध नियन्त्रण, दैविक विपत्तिमा सक्रिय उदारजस्ता विविध कार्यक्रम र सो कार्यहरू आफ्नो स्थापना कालदेखिनै प्रभावकारी ढंगले सम्पादन गर्दै आएको सुनौलो इतिहास प्रहरी संगठनको रहेको छ । आज हाम्रो समाज कुनै न कुनै रूपले प्रहरी संगठनका क्रियाकलापसँग गासिएको छ । चौबिसै घण्टा चोक चोकमा गस्ती गर्ने देखि लिएर जुनसुकै आपराधिक घटनाहरू भएमा तत्कालै उपस्थित हुने भनेकै प्रहरी राष्ट्र सेवक नै हुन । प्रहरीले विगतदेखि वर्तमानसम्म विभिन्न प्रकारका कार्यक्रम सञ्चालन गर्दै जनधन तथा नागरिकका सचेतनाका लागि पनि थप कार्यक्रम ल्याई प्रभावकारी रूपले कार्यान्वियन गर्ने क्रम निरन्तर छ । पछिल्लो समय समुदाय प्रहरी साझेदारी कार्यक्रम निकै प्रभावकारी रूपमा अगाडि बढेको अनुशक्ति सर्वत्र गरिदैछ ।

नेपालको इतिहासलाई हेर्ने हो भने समाजमा शान्ति सुरक्षा स्थापित गर्ने उद्धेश्यका लागि सन् १८६० मा चौकीहरूको स्थापना भएको पाइन्छ । जुन कार्यको श्रेय सन् १८५२ मा राणा प्रधानमन्त्री जंगबहादुरको दुरदर्शिताको वुच कमिसनलाई नै जान्छ । उक्त कमिसनको सुझावमा १२ सवाल शिर्षकको महत्वपूर्ण नियम लागु गरी उक्त नियम उलङ्घन गर्नेलाई दण्डको व्यवस्था समेत भएको पाइन्छ । समयको गति र पूर्वाधारहरूको तिव्र रूपले विकास हुने क्रममा स्थायी रूपमानै चौकीदार तथा सुरक्षाकर्मीको आवश्यकताको बोध गर्दै सन् १८७८ मा अर्धसैनिक प्रकृतिको मिलिसिया प्रहरी गठन गरे । जसलाई नै नेपाल प्रहरी व्यवस्थाको थालनी भएको महत्वपूर्ण घडिको चित्रण गरिन्छ । सोही मिलिसिया र अमिनी दुवैलाई तत्कालिन प्रधानमन्त्री चन्द्रसमशेर

राणाले भारतमा तालिमका लागि पठाई उनले १८७४/७५मा प्रहरी नियमको निमार्ण गरी जारी समेत गरे । त्यस पछि नै तालिममा सहभागी भएका प्रहरीहरूनै नेपालमा सिमा सुरक्षार्थ खटिइ स्थानिय क्षेत्रको शान्ति सुरक्षासमेतका जिम्मेवारी दिईयो ।

पछि वि.स. १९९५मा जुद्धशमशेरले जिउ धनबाहेको दैविक प्रकोपमा समेत सघाउनु पर्ने र कालो बजारी नियन्त्रण गर्ने साथै उद्योग कलकारखनाहरूमा अशान्ति हुन नदिन र सरकार विरोधी कार्य हुन नदिन अनि चिट्ठिपत्र आदान प्रदान गर्ने जस्ता कार्यहरू प्रहरीलाई सुम्पिए । तत्कालिन समयसम्म नै नेपालका जम्मा दशवटा मात्र सवारी साधनको नियन्त्रणका लागि नेपाली सेनाको रामदललाई काजमा खटाएको ईतिहास भेटिन्छ । तर उनीहरूले लगाउने टोपी र व्याचमा भने नेपाल 'मिलिटरी पुलिस' लेख्ने अवस्था रहेको थियो । हालको प्रहरी थालनी नै त्यसै नामबाट भएको मानिन्छ । सवारी साधनको व्यवस्थित ढंगले सञ्चालन गर्न गराउनका लागि पनि ट्राफिक प्रहरी अनेकौं कष्टपूर्ण डिउटी बाह्रै महिना दिन रात नभनेर सडकमा घाम होस् या पानी धुलो धुँवा खपेर कर्तव्यनिष्ट भएर नागरिकको सेवाप्रति निरन्तर खटिरहेका हुन्छन् । त्यतिमात्रै नभई लागूऔषध नियन्त्रण दंगा नियन्त्रण महिला तथा बालबालिकाको सुरक्षा तथा सामुदायिक सेवामा प्रहरीको प्रभावकारी उपस्थितले आमनागरिकले आफ्नो टोल समुदाय र राष्ट्र नै शान्ति सुरक्षाको अनुभूति गरी आफ्नो पेसा व्यवसाय निर्धकरूपले सञ्चालन गर्दै आएको सत्य तथ्य सर्वत्र छर्लङ्ग छदैछ ।

समाजमा जति संख्या वृद्धि भयो, पूर्वाधारका विकास भए पनि विविध खालका घटनाहरू घटिनै रहने गर्छन् । अनेकौं वास्तावमा आपराधिक कार्यहरू संलग्न हुनेहरूको ठूलै जमात सधैं सक्रिय नै रहन्छ । चोरी, डकैती, लुटपाट, हत्या, हिंसा, बलात्कार, अपहरण, मानव बेचबिखन, चेलीबेटीलाई यौन व्यापारमा लगाउने, मानव अंग बेचबिखन लगायतका धेरै प्रकारका आपराधिक कार्यहरूमा लाग्ने जो कोहीलाई प्रहरीले आफ्नो कौशलतापूर्ण प्रशिक्षण ज्ञान र इमान्दारीताले जहाँ गए पनि पक्राउ गरेर दण्डको परिधिमा ल्याई छाड्ने गर्छन् । साइबर क्राइम होस् या बाल शोषण वा बालबालिका अपहरण नै किन नहोस् सबैको नियन्त्रण तथा समाजमा शान्तिपूर्ण वातावरण सिर्जनामा सदा सक्रिय रहने प्रहरी वास्तवमा हाम्रो गौरव हुन् । आफ्नै देशमा विपत्ति आइपर्दा

सदातत्परतासाथ खट्ने आगलागी, बाढी, पहिरो, भूकम्प, हावाहुरी दुर्घटना आदिमा सक्रिय भएर नागरिक सुरक्षा उद्धार उपचार आदिमा लाग्ने प्रहरी नै सच्चा राष्ट्रसेवक देशभक्त र जनता प्रति उतरदायी संगठन हो ।

आम नागरिकहरू आ-आफ्ना समस्या लिई संगठनमा पुग्दा सक्दो छिटो कार्य सम्पादन गर्ने क्रममा मुस्कान सहितको हर्षित मुद्रामा व्यवहार प्रस्तुत गर्ने मुस्कान सहितको प्रहरी सेवा नै सञ्चालनमा ल्याएको थियो । जसले तत्काललै चर्चा पनि पायो । राष्ट्रले वर्षेनी ठूलो रकम शान्ति सुरक्षा र अमनचैन कायम गर्नकै लागि विनियोजन गरी झण्डै असी हजार हाराहारीमा रहेका प्रहरीलाई परिचालन गर्दछ । आफ्नो देशमा मात्रै नभई विश्वका विभिन्न राष्ट्रमा गई शान्ति स्थापना कार्यमा पनि उतिकै सक्रिय रहन्छ । जुन मुलुकमा दण्दले गाँजेको छ । त्यस देशमा शान्ति मिशन अन्तर्गत खटिएर आफ्नो कौशलतापूर्व जिम्मेवारी वहन गरी विश्वमा नै नाम राख्न समेत सफल हाम्रो प्रहरी संगठनले आज नेपालीको मन जित्न सफल भएको छ । प्रहरीहरू वर्दीका हुन् भने नागरिक समाजका सबै मानव बिना वर्दीका प्रहरी नै हुन् । हामीले आफ्नो क्षेत्रबाट निस्वार्थ भई सहयोग गर्नुपर्छ । प्रहरी संगठनबाटै पहिले प्रहरी र उनीहरूका परिवारका सदस्यलाई स्तरीय र सहज उपचार प्रदान गर्ने उद्धेश्यले सञ्चालित प्रहरी अस्पताल आज सर्वसाधरणका लागि पनि ज्यादै सहज र प्रभावकारी उपचार सुलभ ढंगले प्राप्त गर्न सक्ने वातावरण सिर्जना भएको छ । सरसफाईहरूका लागि पनि उतिकै सचेत प्रहरी हरेक शनिबार नदिनाला टोल तथा सम्पदा स्थल वरपर सफाई अभियानमा सक्रियरूपले खटिएका हुन्छ । जसले वातावरण प्रदुषण कम गर्न सहयोग र सहर सफा राख्नमा सहयोग पुगेको छ ।

उत्सव मेला चाडपर्व आदिमा पनि प्रहरीको बलियो उपस्थितिले सबैलाई उत्साहित मात्र बनाएको छैन हामीमा पनि आफ्नो समाजमा सामाजिक सेवामा लाग्ने जागरूपता वृद्धि गराएको छ । शिवरात्री कृष्णअष्टामी हरितालिका तीज, बडा दशैं, घोडेजात्रा, गाईजात्रा, भोटोजात्रा इन्द्रजात्रा लगायतका हाम्रा उपत्यकाका महत्वपूर्ण जात्राको अवसरमा नागरिकलाई सुरक्षा प्रदान गर्ने कार्यमा सदा तयार सहयोगी बनेर खट्नुले पनि जिम्मेवार भएको पुष्टि गर्दछ ।

पर्यटन प्रहरीको रूपमा हाम्रो देशमा महत्व राख्ने पर्यटन विकासमा पनि योगदान पुऱ्याइरहेको हुन्छ । ठाउँ

ठाउँमा चेकजाँचका कार्य पनि उतिकै महत्वपूर्ण र कठिन कार्य हो । जुन सहजै सम्पादन भइरहेका छन् ।

आफ्नो घर परिवार इष्टमित्र बाल बच्चा सबै त्यागेर एक मात्र उद्धेश्य भनेकै राष्ट्र सेवा नै बनाएर आफ्नो श्रम मानसिक र शारीरिक दुवै कार्यलाई विना स्वार्थ सम्पादन गरी सदा देशप्रति जनताप्रति र कर्तव्यप्रति प्रतिबद्ध भएर लाग्ने संगठन वास्तवमा नेपाल प्रहरी दाजुभाई दिदीबहिनी नै हुन् । खाना खान पस्केर हात पनि हाल्न नपाउदै आकास्मिक रूपले कुनै घटना भएको खबर पुगेमा कति पनि विलम्ब नगरी त्यहाँ प्रभावकारी उपस्थित जनाउने पहिलो व्यक्तिमा प्रहरी नै हुन्छन् । यसले पनि पुष्टि गर्छ कि सधैँ कार्यप्रति तम्तयार अवस्थामा रहने चुस्त संगठन प्रहरी हो ।

वर्षभर कार्य गरेर बिदाको रूपमा पाइने सहुलियतलाई समेत आफ्नो घरपरिवारको माझमा बिताउन पाउदैनन् । दशैं तिहार जस्ता पर्व मात्र नभइ तिज होस् या अन्य पितृकार्य देवकार्य आफ्नो घरमा हुदाँ सम्म चाहेर पनि बिदा नमिल्नु, कार्यस्थल जिम्मा लिने अर्को व्यक्ति नहुनु तथा कार्य जिम्मेवारी छाड्न नमिल्ने अनेकौं कारणले आफू सहर्ष आफ्नो कार्यस्थलमा रहनु पर्ने अवस्था हुँदैछ । प्रहरी संगठन भित्र आफ्ना सबै सहकर्मीको हितका लागि प्रहरी कल्याण कोष सञ्चालन गरि थप सुविधा पनि प्राप्त गर्ने स्वर्ण अवसर पनि प्राप्त छ । प्रहरीहरूको श्रीमती संघ, प्रहरी विद्यालय अस्पताल, तालिम केन्द्र लगायत विभिन्न संस्थाहरूको सक्रियताका कारण अझै चुस्त र पारदर्शी ढंगले पेट्रोलपम्म सञ्चालन गरी सर्वसाधरणहरूले सुविधा प्राप्त गर्न सकेका छन् । प्राय त्यस्ता पेट्रोल पम्म सदा भीडभाड हुन्छ किन भने संस्थाप्रति विश्वास र नामको प्रतिष्ठापूर्ण व्यवहार नै हो । परिमाण पूरा हुने गुणस्तरीय पेट्रोलियम पदार्थ हुने विलको राम्रो व्यवस्था भएकोले नै सधैं लाइनमा बसेर तेल भर्नुपर्ने भएको देखिन्छ । स्वास्थ्य शिक्षा वातावरण सेवा सुरक्षा शान्ति र अमनचैन कार्यमा मात्रै नभई रेडियो कार्यक्रम मार्फत सूचना नाटक टेलिभिजन र प्रहरी द्वैमासिक पत्रिका समेत वि.स. २०१६ सालदेखि निरन्तर प्रकाशन गर्दै समस्त साहित्य अनुरागीहरूलाई आकर्षित गर्ने कार्यमा सफल भएको छ । समाजमा सचेतना अभिवृद्धि गर्न विभिन्न कार्यक्रम सञ्चालन हुँदै आएकोले पनि प्रहरीप्रति समुदाय निकै निकट सहयोगी र महत्वपूर्ण व्यवहारको विकास भएको पाइन्छ ।

◆◆◆

# एकादशी, चतुर्मास र तुलसी



✍ **अच्युतप्रसाद पौडेल 'चिन्तन'**

आषाढ शुक्ल हरिशयनी एकादशीदेखि आरम्भ हुने चतुर्मासको क्रम बैकुण्ठ चतुर्दशीदेखि सम्पन्न हुन्छ । हरिबोधिनी एकादशी नामैले स्पष्ट छ कि बोधिनी भन्नाले ब्युँझने अर्थ लाग्छ । सुतल लोकमा बलिका ढोकामा आषाढमा शयन अर्थात सुतेका श्रीविष्णु ब्युँझेर बैकुण्ठतिर लाग्ने दिन । चार महिनासम्म घर आँगनीमा पूजा गरी सजाइएको तुलसीको बिहे स्वयं श्रीविष्णुसँग गराइने हामो धार्मिक मान्यता रहेको छ । एकादशी पर्वमा हाम्रो देशको राजधानी उपत्यकामा रहेका भक्तपुरको चाँगुनारायण, ललितपुरको विशंखु नारायण, काठमाडौंको फपिङ्ग स्थित शेष नारायण अनि स्वयंभू पछाडिका इचँगु नारायणको दर्शन गर्न जाने भक्तहरूको भीड नै देखिन्छ । एकादशी होस् व चतुर्मास सबैजसो दिनहरूमा शिर भाग भनिएको शिवपुरीको काखैमा रहेको बूढानीलकण्ठमा भक्तहरूको पाइला राख्ने ठाउँ हुँदैन । पूर्वीय धर्म दर्शनप्रति हुरूक्क हुने नेपालीहरूको अत्यन्तै यस्ता विभिन्न पवित्र क्षेत्रहरू विश्व सम्पदा सूचीमा समेत परेका छन् । अत्यन्तै ठूलो पुण्य प्राप्त भई मानव मात्रले मानवीय सेवामा समर्पित हुन सिकाउने एकादशीको उदय र महत्व बारे शब्दले वर्णन गर्न कठीन छ ।

सृष्टिको उषाकालमा ब्रह्माजीको अंश, वंशमा तालजङ्घ असुरको उदय भयो । उसको पुत्र मुर दानवको उदयले संसारलाई भयभीत बनायो । देवताहरू राज्यच्यूत भए । शिव आज्ञाले श्रीविष्णुले मुर दानवलाई बध गर्ने आदेश दिंदा श्रीविष्णु नै युद्धक्षेत्रमा पराजित भई भारतीयक्षेत्र वदरीकाश्रमको सिँहावती गुफामा सुत्नु पर्ने भयो । शयन गरिएका विष्णुका शरीरबाट सम्पूर्ण तेज सहितको एक कन्याको उदय भयो । ती कन्यासँग सम्पूर्ण शस्त्र अस्त्रदेखि युद्धकलाको सम्पूर्ण ज्ञान थियो । ती कन्या त्यही मुर दानवसँग युद्ध गर्न लागिन् । नृशंस र संहारकारी मुर दानव पराजित भयो तिनै कन्याबाट ! श्रीविष्णु पनि आफू जागा भएर ती कन्यालाई

वरदान माग भन्दा उनले आफ्नो नाम एकादशी रहनु पर्ने र तीर्थमा श्रेष्ठ, विघ्ननाशक, सिद्धिदाता, धन, धर्म, मोक्षको कारक भई मानवलाई चाहे अनुसारको सिद्धि दिन सकूँ भन्ने वरदान मागेकीले "हुन्छ" भन्ने श्रीविष्णुको आदेश अनुसार सत्य युगदेखिनै एकादशीको उदय र महत्व बढ्दै आएको हो ।

शुक्ल र कृष्ण गरी दुई भेद भए पनि उस्तै सिद्धि दिने एकादशी हरेक महिनाको दुई वटाको दरले वर्षभरिमा चौबीसवटा र पुरूषोत्तम मास समेत दुईवटा गरी जम्मा २६ वटा हुन्छन् । त्यसमध्ये तुलसीरोपण एकादशीको नामले चिनिने एकादशी भने जेष्ठ शुक्ल एकादशी "निर्जला" एकादशी भने जेठ महिनामा पर्छ । तुलसीको मञ्जरीदल छर्ने एकादशी पनि भनिन्छ यस दिनलाई ! यसपटक यो पर्व कोरोना लकडाउनकै सेरोफेरो ०७७ साल जेठ २० गते मंगलबार पर्न गयो भने हरिशयनी एकादशी अर्थात तुलसी सार्ने एकादशी आषाढ १७ गते बुधबार परेको छ । चतुर्मासको समापन हरिबोधिनी एकादशी भने आउने मंसिर १० र ११ गते २ दिन परेको छ । त्यस्तै यसपाली पुरूषोत्तम मास समेत असोजमा पर्न गएकाले ०७७ सालका एकादशी २६ वटा परेका छन् ।

सामान्यतया द्वादशीयुक्त एकादशीलाई एकादशी भनिन्छ । दिनको प्रातः समय एकादशी, मध्यदिनभरि द्वादशी र भोलिपल्ट सूर्योदयअघि त्रयोदशी तिथि स्पर्श भएको एकादशीलाई त्रिस्पृशा एकादशी भनिन्छ । यस्तो पर्व परेमा अन्य एक हजार वटा एकादशीको पुण्य एकैदिनको उपासनाबाट लिन सकिन्छ । एकादशीमा दिन या रात उपासना गर्नाले ब्रह्महत्या, गोहत्या सम्मको दोषबाट मुक्ति पाइने र सयौं अश्वमेध यज्ञ गरेको समेत फल पाइने हुन्छ । शुक्लपक्षको पुनर्वसु नक्षत्रले युक्त भएको एकादशी जया हो शुक्लपक्ष श्रवण नक्षत्रले युक्त विजया हो, द्वादशी रोहिणी नक्षत्र परे जयन्ती हुन्छ र पुष्य नक्षत्र परेमा पापनाशिनी हुन्छ । यस्तो नक्षत्र विशेषको एकादशी परेमा १ वर्षसम्म नित्य १ पाथी तिल दान गरेको वा एक हजार एकादशीको उपवास गरेको पुण्य प्राप्त हुन्छ । कलियुगमा मानिसको उमेर समय निकै नै थोरै भएकाले यस्ता विशेष दिनहरू पहिल्याई पुण्य लुट्ने प्रयास गर्नु सर्वोत्तम हुन्छ । फलाहार, जलाहार वा निराहारबाट एकादशी उपासना गर्ने गरिन्छ । एकादशी सकेमा जल समेत ग्रहण नगरेर गरिने उपासना हो । नखाएर मात्रै व्रत उपासना हुने भने होइन । मुख्य कुरा वाणीको व्रत, श्रवणको

व्रत, आचरण, तन, मन, धनको पवित्रता, इन्द्रिय निग्रह, देवपूजा, हवन, जप, अनुष्ठान, दान, क्षमाशीलता, सबै नै उपासनाका स्वरूपहरू हुन् । एकादशीमा अन्न खास गरी चामलमा मानिसका दुष्कर्म (पाप)हरू बस्ने भएकाले अन्न नै ग्रहण गर्नु परे पनि चामलको भात र परिकार ग्रहण नगर्ने विधान छ । महिनामा एक दुई दिन अन्न त्यागले शरीरको पाचन क्षमता मेटाबोलिजम सिष्टम राम्रो भई शरीर निरोगी हुन्छ र मुख्य जठराग्नि पनि बलियो हुन्छ । आयुर्वेदले पाचन प्रणाली बिग्रने कारण नै सबै किसिमका रोगको उदय हुने बताएको छ । हिजो आजको वातावरण र जंकफूड, फाष्टफूड र पेय पदार्थहरूले हाम्रो स्वास्थ्यलाई कहाँ पुऱ्याएको छ सबैलाई थाहै छ ।

व्रतको प्रभाव भने मनको दृढ संकल्प नै हो, मनोवल वृद्धि हो, चित्तशुद्धि हो, धर्म परायण र सात्विकभावको विकास हो । सत्य, धर्म, सदाचार व्यक्ति, समूह, समुदायबाट समग्र राष्ट्र निर्माणमा सहयोग पुग्छ । मनोमालिन्य र द्वन्द्वपूर्ण व्यक्ति र समाज भए भने मुलुक भनौं वा राष्ट्र अथवा पूरै ब्रह्माण्ड नै उजाड बन्ने कुरामा पनि दुई मत छैन । हिरोसिमा, नागाशाकी, ट्वीन टावर वा अन्य टाढा जान पर्दैन । देवत्वभावले दानपारमिताले सबैको संरक्षण हुन्छ । वैदिक चिन्तनको स्रोत भूमि नेपालमा रहेको धर्म, संस्कृतिको आज अन्य मुलुकहरूले पनि अनुसन्धान, अध्ययन गर्दैछन् । भावना शुद्ध गरी कार्य गरेमा त्यस्तै योजना, उद्धेश्य, रणनीति, कार्यक्रमसँग सहभागी हुन सकेमा समग्र मुलुकको आर्थिक विकास छिटो र समानुपातिक पनि हुन सक्छ । हामी सबैले चाहेको शान्ति र अमनचैन त स्वतः हुन्छ । देशमा शान्ति र अमनचैन छ , सबै निर्धक्क छन् भने राज्यले हात हतियार वा आपराधिक कृयाकलाप विरूद्ध ठूलो रकम खर्च गर्नु पर्दैन त्यसमा गरिने खर्च सजिलै विकास निर्माणतिर लगाउन सकिन्छ । देशमा राम राज्य भई हाल्छ, करको नाममा जनताको ढाड सेक्न पनि पर्दैन । सुरक्षाकै लागि ठूला ठूला बुलेट प्रुफ गाडी, यानहरूको आवश्यकता पर्दैन । हाम्रै गरिब र अल्प विकसितमा जेठो गनिने देशमा मोदीदेखि सि जिन पिंगसम्मको भ्रमणमा भएको सुरक्षा सावधानी बारे सबैलाई जगजाहेरै छ । हाम्रै धरोहर चाड पर्व दशैं तिहारमा सुरक्षा चुनौति देखिएकै हो । हाम्रै जनकपुरमा त्रेतायुगमा सुन जुहारतमा साँचो ताल्चा लाउन नपर्ने, औषधीका नाममा सामान्य सिटामोलसम्म प्रयोग गर्नु नपर्ने रामायणमा लेखिएको छ ।

काम्य र नित्य गरी व्रतको दुई

स्वरूप छन् । उद्धेश्य एवम् कामनापरक काम्य उपासना हुन्छ । कुनै इच्छा नराखी गरिने व्रत उपासना नित्य उपासना हो र एकादशी अनुष्ठान नित्यकर्ममा पर्छ । नित्य र निस्काम व्रतको प्रभावले झन् बढी उद्धेश्य सफल बन्ने हुन्छ कारण मानिसलाई आवश्यक भुक्ति र मुक्ति दबै प्राप्त हुन आवश्यक छ जुन एकादशी अनुष्ठानबाट मात्र सम्भव छ । एकादशी व्रत निरोगी हुन्छ, सुखी र समृद्धशाली हुन्छ । जुवा, कुभाषण, मिथ्या, परनिन्दाबाट टाढा हुन्छ । चोरी, हिंसा, क्रोधबाट टाढा हुन्छ भने आवेग र तनावरहित जीवन संचालन हुने हुँदा व्यक्ति, समाज र पूरै राष्ट्र शान्त र समृद्ध हुन्छ ।

एकादशीको दिन बिहानै तुलसीको र श्रीविष्णुको विशेष पूजा गरिन्छ। तुलसीको महत्व जीवनको उदयदेखि अन्त्यसम्म रहेको छ । कुश, तुलसी, पीपलको महत्व पूर्वीय संस्कृतिमा विश्वास गर्नेहरूका लागि जीवनको हृदयझैं महत्व रहेको कुरा वैदिक साहित्यमा सर्वत्र चर्चा भएको पाइन्छ ।

आषाढ शुक्ल एकादशीदेखि चतुर्मासको आरम्भ हुन्छ । वास्तुपद्धति अनुरूप प्रत्येक तिथि र बारका स्वामीहरू अलग अलग रहेका छन् । द्वादशीका स्वामी विष्णु हुन्, विष्णु भन्नु तुलसी नै हो । तुलसीको शाब्दिक अर्थ 'तु' भन्नाले तुरीय अवस्था मानवको मस्तिष्क ज्ञानको अभिव्यक्ति बुझिन्छ । 'ल' को अर्थ वैराग्यको प्रतीक हाम्रो स्थल शरीर भाग शेष अर्थात 'लक्ष्मण' बुझिन्छ र 'सी' को अर्थ हुन्छ हाम्रो हृदयको प्रतीक भक्ति 'सीता' हो ! हाम्रो मस्तिष्कमा ज्ञान र विज्ञान, हृदयमा प्रेम (भक्ति) र बाह्य शरीरमा वैराग्यको त्रिवेणी भन्नु नै तुलसी उपासनाको मूल ध्येय हो ।

वास्तु शास्त्रअनुसार बनेका या नबनेका घर, महल, मठ, मन्दिरहरूमा र चतुर्मास अवधि (आषाढ देखि कार्तिकसम्म) मा तुलसीको विशेष चिन्तन हुने गर्छ । तुलसीवृक्ष, उपासना वा मोठ भएका घरमा वास्तुदोष रहदैन भनेर विभिन्न शास्त्रहरूले उद्बोधन गरेका छन् । आवास गृहहरूमा अन्य वृक्ष, रूखहरूले छायाँ परेका भए वास्तु दोष मानिन्छ भने तुलसीवृक्षको छायाँ परेमा वास्तुदोष मेटिन्छ ।

वास्तु परम्पराअनुसार लुतसीको मोठ, गमला आदि सजाउने कार्य उत्तर, पूर्व या पूर्वोत्तर गर्नुपर्छ । तुलसी वृक्षबाट विघ्न, बाधाहरू हट्छन् । मनका भय, अशान्तिहरू दूर हुन्छन् । रोगनाशक शक्ति हुन्छ तुलसीमा ! आपत् उद्धारक बीज शक्तितुलसीको उपासना गरेरै अपहरित सीतालाई रावणरूपी क्रोध, भय, हिंसाको अनि तनावको स्थितिबाट मुक्त गर्नु भएको थियो श्रीरामले ! पञ्चवटीक्षेत्रमा आफ्नै हातले जलसेचन गर्दै तुलसीप्रार्थना गरेको र उनै राम द्वापरयुगमा कृष्ण भई

धर्ती अवतरित भएर वृन्दावन सुरम्य भएको हो । वृन्दा भन्नु तुलसी नै हो, यसको विशालताले त्यो क्षेत्र वृन्दावन भएको हो । अघिल्लो जन्ममा 'गुणवती' ले तुलसी उपासना गरेकीले पछि श्रीकृष्णकी पत्नी सत्यभामा भएकी हुन् र उनका पिता सूर्य र तुलसीको उपासनाको कारण 'सत्राजित्' भएका र पति 'चन्द्रदेव' पछि अक्रुर भई श्रीकृष्णका महा-मन्त्री बनेका हुन् । अघिको 'तुलसी' सत्यभामाको घर आँगनीको 'कल्पवृक्ष' भएको हो ।

तुलसी वृक्ष क्षेत्र आफैमा पवित्र त हुन्छ नै नयाँ ऊर्जा पनि यसले दिन्छ । मृत्यु शय्यामा पुग्न लागेकाहरूलाई यसले 'मृत्युसञ्जीवनी' को काम गर्छ । आयुर्वेदशास्त्रका प्रणेता 'धन्वन्तरी' ले तुलसीलाई सम्पूर्ण आयुर्वेद शास्त्रको प्राण भन्नुभएको छ । पूर्वीय दर्शनमा भरपूर विश्वास गर्ने हाम्रा लागि तुलसी जीवनको आरम्भदेखि मृत्युपर्यन्त जीवन साथी नै हो । तुलसी मञ्जरी (सुकेको पात) हरदम रहने घर, आवास गृहहरूमा प्रेत, पिशाचहरूको भय हुँदैन । शरीर निरोगी समेत हुन्छ । आजभोलि 'हर्वल टि', 'तुलसी चिया' बिहानै पिउने चलन देखिएको छ । वास्तुपद्धति अनुसार घरको पछाडि वा दक्षिणक्षेत्रमा तुलसी, मोठहरू गमलाहरू नराख्न बताइएको छ । पितृहरूका लागि तुलसी अनिवार्य हुन्छ । गाई, गोठ, गौशाला परिसर र तुलसीक्षेत्र परिसरमा ठूला ठूला कष्टहरू सहन गर्ने क्षमता हुन्छ ।


तुलसी दर्शनले शरीरको सबै प्रकारको अभिष्टफल प्राप्त हुन्छ भन्ने सिद्धि भनौं साध्य पनि प्राप्त हुन्छ । घरघरमा तुलसीको स्थापना गर्नाले परमेश्वर सदा शिव सदैव प्रसन्न हुनुहुन्छ । तुलसीदललाई वैधृतियोग, व्यतीपातयोग, भृगुबार, मङ्गलबार, औंसी, पूर्णिमातिथि, द्वादशी, अशौचसमय (मृत्युसूतक) र जन्मसूतकमा टिप्नु हुँदैन । तुलसीका सुप्रसिद्ध आठ नामहरू मध्ये 'वृन्दा', 'वृन्दावनी', 'पुष्पसारा' 'नन्दिनी' हो जसको अर्थ हुन्छ सारा विश्वलाई पवित्रतम बनाउने ! विश्व ब्रह्माण्डको उदय धर्तीको मूल तत्व पाँच भौतिक पदार्थ (माटो, पानी, वायु, अग्नि, तेज) हो । जलवायु, तेज, आकाश तत्वबाट सृजित यो सूक्ष्म ब्रह्माण्ड हाम्रो शरीरलाई वास्तु शास्त्रकै विषयवस्तुको समिश्रण भनिएको छ । विशाल ब्रह्माण्डको प्रतीक संसार पनि वास्तुशास्त्रकै विषयवस्तुको समिश्रण हो । वास्तुशास्त्रको स्रोत अग्निपुराण, अर्थ ववेद, उपनिषद्हरूदेखि मत्स्यपुराणसम्म र अनेकौं पूर्वीय धरोहर, साहित्य नै हुन् । यसै अन्तर्गतको छुट्टै पुराण ब्रह्मवैवर्त पुराणले तुलसीको व्यापक चर्चा गरेको छ । तुलसीसँग वायुप्रदूषण मुक्त गर्ने

क्षमताको साथै जल प्रदूषणको मुक्तिको क्षमतासमेत रहेको छ । यमुनातटमा द्वापरयुगमा तुलसी वृक्ष भए पनि हाल कलियुगका नदी किनारमा तुलसी वृक्ष निषेध छ । जीवनका सञ्चालक जलशायी विष्णु र विष्णुको प्रतीक तुलसी अनि वर्षा ऋतुसँग घनिष्ट सम्बन्ध छ । वर्षाको पूर्वाभ्यास सँगसँगै अन्नको मूलस्रोत जल भण्डार वितरण यसै आषाढदेखि नै हुने गर्छ । विस्तारै जलको वर्षा कम हुँदै जीवनको मूल स्रोत अन्न भण्डारको थालनी कार्तिक मार्गसँगै तुलसीको पूजा समापन समेत हुने गर्छ । जीवनको उदय भनौं सृष्टि जलबाटै हुने हो र रक्षा अन्नबाटै हुने हो । जल र अन्न दुवैका लागि वायु अनि पृथ्वी (माटो) आवश्यक छ । सँगसँगै पाक शक्ति (अग्नि/तेज) पनि आवश्यक छ । यी सबैको समष्टि भन्नु वास्तु पद्धतिको संरचना हो । जीवन पनि वस्तुकै परिचायक वा पर्याय नै हो । यसर्थ जीवन र हाम्रो समस्त जगत व्यवस्थित सञ्चालनका लागि प्राप्त पूर्वीय चिन्तन मुताविक आफूलाई सहज ग्रहण गर्ने क्षमता राख्दा आफू, आफ्नो परिवार, समूह, समाज, राष्ट्र र पूरै विश्व एउटा परिवारमय हुन पुग्छ ।

♦♦

**कविता**

## फर्केर आऊ घर



✍ **बेनी बहादुर थापा**

तिँदु, कटुस ऐंसेलु र घमरू यो यहीं नै मिल्दछ,
चुत्रो, काफल हर्रो बर्रो कनता यी यहीं नै मिल्दछ ।
यी तीनलाई त त्रिफला पनि भनौं दवाई नै हुन्छ र,
यस्तै उद्यम केही लौ गर तिमी फर्केर आऊ घर ।

लैचे, कालिच, फेरी वन कुखुरा, तित्रा र बट्टै पनि,
ढुकुर, जुरेली र हलेसो, धनिया, कैयन यी पंक्षी पनि ।
यी मिल्छन् यीनको त मासु पनि लौ, यो देश यस्तो छर,
माटोको ममता छ लौ यदि भने फर्केर आऊ घर ।

केरा, स्याउ र सुन्तलाहरू सबै भरपुर तयारी गर,
अनार, अंगुर फेरी आँप कैयन्, सारा तयारी गर ।
मेवाहरू कटर औ भईकटर यी फल तयारी गर,
राम्रो ठाउँ महाँ छ ऊ यदि भने नर्सरी तयारी गर ।

कागती, निबुवा र ज्यामीरहरू यस्तै अमिलोहरू,
जातजातका अमिला सबै रसहरू, पेलेर राख बरू ।
अचारमा अमिलो नभई नहुने यो यस्तो बाध्य छर,
यस्तै उद्यम केही गरी बस बरू, फर्केर आऊ घर ।

# महिला हिंसा न्यूनिकरणमा प्रहरीको भूमिका



✍ प्र.नि. शंकर खड्का

नेपालको संविधान मौलिक हक अन्तर्गत समानताको हकमा कुनै पनि नागरिकलाई जाति, धर्म, वर्ण र लिङ्गको आधारमा भेदभाव गरिने छैन भन्ने व्यवस्था भए पनि व्यवहारमा लागु भएको पाईदैन । शारीरिक, मानसिक तथा महिलाविरूद्ध हुने कुनै पनि प्रकारको हिंसाजन्य कार्यलाई नेपालको संविधान २०७२ ले निषेध गरेको जुन चाहिँ कानूनद्वारा दण्डनिय हुने छ भनि धारा ३८ को उपधारा ३ मा उल्लेख गरेको छ । महिला भएकै कारणबाट गरिने विभेद, शारीरिक, मानसिक, आर्थिक तथा यौनजन्य रूपबाट दिईने पीडा, प्रतिबन्ध लगायतका जुनसुकै तरिकाबाट महिलाको आत्म सम्मानमा पुऱ्याउने सबै किसिमका आघातलाई महिला हिंसाका रूपमा बुझ्नुपर्छ ।

महिला हिंसा अहिलेका समयमा मात्र आएको हिंसा होईन, यो परम्परादेखि नेपाली समाजमा हस्तानतरित हुँदै आएको नकारात्मक विकृति हो । महिलालाई दोस्रो दर्जाको नागरिक ठान्नु र त्यही किसिमको व्यवहार गर्नु तथा जन्म उत्सवदेखि मृत्यु संस्कारसम्म पनि भेद्भावको शिकार बनाईन्छ । महिला र पुरूष विद्यमान सामाजिक विभेदका कारणले पनि महिला माथि हिंसा बढेको छ । महिला माथि हत्या, यौन दुर्व्यवहार, अपहरण, बेचबिखन, बलात्कार, कुटपिट, आगो लगाउने, विष ख्वाउने, एसिड प्रहार गर्ने, बोक्सीको आरोप लगाउने, यातना, वेश्यावृद्धि, मानव बेचबिखन, दाईजो प्रथा, हत्या, तथा दैनिक घर-व्यवहारमा बन्चित गराउने, आत्मसमानमा चोट पुग्ने बोली जस्ता कार्य दिन प्रतिदिन भई राखेका छन् ।

नेपालमा प्रत्येक वर्ष महिला हिंसाविरूद्ध दिवस मनाइन्छ । प्रत्येक वर्ष हिंसाविरूद्ध सोह्र दिने अभियान चल्छ । हामीले महिलाविरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि, १९७९ लाई अनुमोदन गरी

स्वीकार गरेका छौं । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून, राष्ट्रिय महिला आयोग, प्रहरी कार्यालयमा महिलाका समस्या समाधान गर्नको लागि महिलातथब बालबालिका सेवा केन्द्र , स्थानीय निकायमा न्यायीक समिति छ जतिसुकै कानूनको व्यवस्था भए पनि महिला हिंसा दिन प्रतिदिन बढ्दै गएको छ । सरकारले महिलाको विकासका निम्ति ठूलो रकम छुट्याएको छ । तापनि महिलाविरूद्ध हुने हिंसामा न्यूनीकरण नभएर वृद्धि हुँदै आएको देखिन्छ । यति मात्र नभई हिंसाको रूप परिवर्तन भई नयाँ प्रकृतिका हिंस्रक घटना देखिन थालेका छन् । बालविवाह, बहुविवाह, यौनजन्य दुर्व्यवहार, बलात्कार, महिलाको हत्या, इच्छाविरूद्धको विवाह, जातीय भेद्भाव, गाउँघरमा जबरजस्ती मेलमिलाप गराउने, प्रशासन माथिको अविश्वास, वैदेशिक रोजगार, गरिबी, अशिक्षा, ईन्टरनेट, साईबर, फेसबुक, मोबाईल फोनको विकास त्यसप्रति बढदै गईरहेको नेपाली समाजको पहुँच यसले परिवारहरू विखण्डन गरिदिएको छ ।

नेपाली समाजमा व्याप्त जुवातास र मदिरा बिक्रि वितरण तथा सेवन जस्ता सामाजिक विकृतिहरू पनि महिला माथि हुने हिंसाको लागि जिम्मेवार छन् । विभिन्न संचार माध्यममा आउने समाचारका अनुसार नेपालमा जघन्य प्रकृतिका महिला हिंसा र बलात्कारका घट्नाहरू मदिरा सेवनको कारणले हुने गरेका छन् । मदिराको कारणले श्रीमतीले भोग्नु परेको वास्ताविक घट्ना वर्णन गर्न चाहान्छ, श्रीमान् दिनभर तास खेल्ने, गाउँघर डुल्ने आयआर्जनको कुनै पनि कार्य नगर्ने तर श्रीमतीले धेरै माया गर्ने "एकदिन श्रीमतीले श्रीमानको लागि धेरै मिहिनेत गरेर घरमा नै घरेलु मदिरा उत्पादन गर्छिन, साँझको समयमा श्रीमान घरमा आउँछन्, त्यसपछि श्रीमतीले रक्सी र खानासँगै दिन्छिन् समय बित्दै जान्छ रक्सीले श्रीमान मात्दै जान्छन्, रक्सीले मातिसकेपछि सँगै बसी राखेको श्रीमतिलाई बिनाकारण लातै लातले कुट्छन्"। रक्सी बनाउने श्रीमती, रक्सी पस्केर दिने श्रीमती, रक्सीले मातेपछि पिटाई खाने श्रीमती अनि हाम्रो समाज कतातिर छ त ?

समाजका मानिसको दबाब र प्रभाव तथा सरोकार निकायले यस्ता घटनाहरूलाई सामान्य रूपमा लिने सक्दो गाउँघरमा मिलाउन खोज्ने त्यता नमिलेको खण्डमा प्रहरी कार्यालयमा आउने यहाँ आए पनि पीडितले पीडकको बिरूद्ध जाहेरी नदिने हुनाले प्रहरीले पनि बाध्य भएर मिलापत्र गराउनु पर्ने हुन्छ, यसले गर्दा कतिपय

मिलापत्र गराउँदा राम्रो भएको हुन्छ भने कतिपय पीडितले न्याय पाएको हुंदैन पीडकको मनोबल उच्च हुने हुनाले फेरी यस्ता घट्नाहरू दोहोरिएको हुन्छ ।

नेपाल प्रहरीले महिला हिंसा न्यूनिकरणको लागि समाजमा प्रभावकारी भूमिका खेलेको छ । महिला हिंसा न्यूनिकरणको लागि ७७ जिल्ला तथा ईलाकास्तरमा महिला सेलको व्यवस्था गरेको छ, सबै प्रहरी कार्यालयलाई महिलामैत्री बनाईएको छ । महिला हिंसा सम्बन्धीका उजुरी महिला प्रहरीले नै हेर्ने गरेको, उजुरीलाई गोप्य राख्ने तथा मुद्धामा साङ्केतिक नाम राख्ने गरेको, पीडित महिला तथा साक्षीको सुरक्षाको व्यवस्था गर्ने, उनीहरूको बयानलाई पनि गोप्य राख्ने गरेको, महिला हिंसा सम्बन्धीका उजुरीलाई प्राथमिकता दिने गरेको, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको पालना तथा कार्यान्वयन गर्ने गरिएको छ । नेपाल प्रहरीले लागु गरेको समुदाय प्रहरी साझेदारी कार्यक्रम मार्फत समुदाय स्तरमा महिला हिंसा न्यूनिकरण गर्नको लागि स्थानीय सरकार, समुदाय, आमा समूह, क्लब तथा विद्यार्थीसँग मिलेर विभिन्न जनचेतनामूलक कार्यहरू गर्ने त्यो सम्बन्धी अडियो, भिडियोहरू प्रसारण गर्ने जस्ता कार्यहरू नेपाल प्रहरीले गर्दै आएको छ ।

महिला हिंसा न्यूनिकरणको लागि प्रहरीको सक्रियताले मात्र पुग्दैन, यसको लागि सरोकारवाला सबै निकाय, विभिन्न संघ संस्थाहरू पनि सक्रिय हुन आवश्यक छ । स्थानीय सरकारले यो सम्बन्धी विभिन्न जनचेतनामूलक कार्यहरू गर्ने, वास्तविक पीडितहरूको पहिचान गर्ने, कानूनी उपचारको लागि सहयोग गर्ने । जबरजस्ती मिलापत्र नगराउने तथा मिलनको लागि दबाब सिर्जना नगर्ने स्वतन्त्र रूपमा हिंसामा परेका पीडितहरूलाई उनीहरूको भावना अनुसार काम कारबाही गर्न दिने पर्दछ । यसरी हिंसामा परेका महिला तथा बालबालिकाको छिटो छरितो न्याय उपलब्ध गराउनको लागि सरकारले पारिवारिक अदालतको गठन गर्न आवश्यक छ जसले गर्दा सहज तरिकाले अदालतमा पीडितले उजुरी गर्ने वातावरण बन्छ अनि मात्र पीडितले न्याय समयमा प्राप्त गर्न सक्छ ।

दक्षिण एसियाका देश भारत र पाकिस्तानमा पारिवारिक अदालतको व्यवस्था छ जुन अदालतले पारिवारिक सम्बन्धीका मुद्धाहरूको मात्र फैसला गर्ने गरेको छ । महिला हिंसाको अन्त्य गर्नको लागि नेपालमा सामाजिक जागरण ल्याउन आवश्यक छ विभिन्न

किसिमका आन्दोलन भए त्यसले देशमा परिवर्तन पनि भयो तर सामाजिक चेतना परिवर्तन छैन त्यसैले त्यस्तो गर्न सकिने चेतनाको विकास हुनु आवश्यक छ । देशमा विभिन्न किसिमका परिवर्तन भए तर मानव जातीको सोचमा परिवर्तन नभएको कारणले यस्ता किसिमका घटनाहरू दिन प्रतिदिन बढ्दै गएका छन् ।

नेपाली समाजमा भएको सामाजिक विकृति, कुसंस्कार जरैबाट उखाल्नको लागि हामी सबैको ध्यान जावस । प्रहरीको एकल प्रयासले मात्र सम्भव हुँदैन । यसमा स्थानीय सरकार, प्रहरी, संचारकर्मी र यसमा आबद्ध विभिन्न संघ संस्थाको सामुहिक प्रयासले मात्र सम्भव छ । नेपाल प्रहरीको उद्धेश्य स्थानीय सरकारसँग मिलेर प्रत्यकको घरघरमा गएर यो सम्बन्धी चेतनामूलक कार्यक्रम गर्नु हो । अतः हामी सबैले हातमा हात काँधमा काँध मिलाएर अगाडि बढेमा समाजमा हुने विभिन्न किसिमका सामाजिक अपराधलाई निर्मूल पार्न सक्छौ । ♦♦♦

## मुक्तक



✍ **एच.के.धिताल**

रूमाल चिनो दिई बदलामा मुटु चिरा पारेर गई
भर्खर फुल्दै गरेको फूलमाथि असिना झारेर गई
म जस्तो गाउँलेलाई के थाहा मायामा चलखेल हुन्छ
माया गरे जस्तो गरी मायाको बोट अन्तै सारेर गई

शब्दमा मायाको बयान हुन सक्दैन
बाँयामा दायाँको बयान हुन सक्दैन
जुन जहाँ सुहाउँछ त्यही नै ठिक छ
रात्रीमा छायाँको बयान हुन सक्दैन

भाग्य पनि सबैको आफ्नो आफ्नो हुंदो रैछ
सधैं हाँस्ने मान्छे कहिलेकाहीं रूदो रैछ
यस्तै हो, फूल फुल्छ झर्छ, नियतिको नियम
बस्नु पर्ने मान्छे जाँदा मुटु मै छुदो रैछ

*-झोर, काठमाडौं।*

बालकथा

# सम्मान



✍ **उद्धवप्रसाद प्याकुरेल**

"आमा, मलाई केही नास्ता बनाइदिनुस् है, म हात मुख धोएर आउँछु ।" यति भन्दै शुभम फुत्त बाहिर निँस्किए । आमा छक्क पर्नुभयो र बाहिर निस्कँदै गरेको शुभमलाई हेर्नुभयो । "नबोलाइकन बिहान कहिल्यै चाँडो उठ्दैनथ्यो । हैन, आज के भएछ यसलाई" सोच्दै आमाले चिया र सुख्खा गहुँको रोटी नास्ता ठिक पारिदिनु भयो ।

शुभम हात मुख धोएर आए । आमाले ठिक पारिदिएको चिया नास्ता खान लागे ।

"बाबु शुभम ! तँ आज किन चाँडै उठिस् त ! सन्चो भएन कि के हो ?" आमाले शुभमको कपाल सुम्सुम्याउँदै सोध्नुभयो ।

"हैन आमा, तपाइँ पनि अचम्मको कुरा सोध्नु हुन्छ । म ढिलो उठ्दा चाँडै उठ्नु पर्छ भन्नुहुन्छ । चाँडै उठ्दा किन चाँडै उठेको ? सोध्नुहुन्छ । मलाई सन्चै छ । आज प्रोजेक्ट वर्क गर्नु छ । त्यही भएर चाँडै उठेको । अबदेखि म सधैं चाँडै उठ्छु ।" शुभमले हाँस्दै भने ।

"सधैं ढिला उठ्ने मान्छे आज एक्कासी नबोलाइकन चाँडै उठेपछि सोध्नु परेन त ?" आमाले पनि हाँस्दै भन्नुभयो ।

शुभमले धमाधम नास्ता खाइसके । "आमा म अलि ढिलै हुन्छ आउन म हिंडे है," भन्दै शुभम घरबाट निस्किए ।

"हैन, यो केटालाई के लहड चलेछ आज ? हा हा हा ...... " दश कक्षामा पढ्ने अमोद र मिलन गिज्याउँदै हाँस्दै हिंडे । शुभमले उनीहरूको कुरा सुने पनि नसुने झैं गरी आफ्नो काम गरिरहे ।

"ऊ हेर हेर शुभम के गर्दैछ एक्लै, जाउन त्यसलाई जिस्क्याउन," कक्षा चार पाँचमा पढ्ने गाउँ टोलकै साथीहरू चम्पा, सिजन, चुनरी, शीतल शुभमको नजिकै आए र गिज्याउन लागे । शुभम गिज्याइबाट किन्चित

डग मगाएनन् । सुनेको नसुन्यै गरेर आफ्नो काम अगाडि बढाइरहे । उनीहरू शुभमलाई गिज्याएरै बसिरहे ।

छेऊ घरे छिमेकी काकी घाँसको भारी लिएर आइपुग्नु भयो र भन्नुभयो, "छ्या छ्या छ्या छ्या यो शुभम त काम नलाग्ने रहेछ । त्यो फोहोर पानीमा के खेलेको होला त ? पख् तेरी आमालाई भन्दिन्छु म ।" भन्दै हिंड्नु भयो । शुभमले काकी आमालाई हेरेर खिस्स हाँसे तर आफ्नो काम छाडेनन् । साथीहरू भने छेऊ छाउमा आएर यसो गर उसो गर भनेर हाँस्दै गिज्याउँदै शुभमकालाई काम अह्राउँथे । शुभमले कुनै प्रवाह गरेनन् ।

केही बेरमा शुभमका स्वास्थ्य विषय पढाउने सर आइपुग्नुभयो । "ऊ सर आउनुभयो सर भागौं भागौं सरले देख्नुभयो भने मार्नुहुन्छ ।" चम्पाले भनिन् । सबै जना भागे र धारामाथिको बारीको कुनामा गएर लुके ।

सरको हातमा नुहाउने साबुन, तौलिया र फेर्ने लुगा थियो । सर धारा नजिकै आएर ठिङ्ग उभिनुभयो र भन्नुभयो, "शुभम तिमीले अन्त खेल्ने ठाउँ पाएनौं ? यस्तो फोहोर ठाउँमा खेल्ने हो ?"

सरको आवाज सुनेर शुभम झस्याङ्ग भए । उनले एकोहोरो सरलाई हेरिरहे । उनको हातगोडाभरि गाउँभरिका बच्चाका थाङ्ना धोएर जमेको दिशा लागेको । उनी सरसँग अलि डराए पनि । हिजो स्वास्थ्य पढ्दा सरले भनेको कुरा सम्झिए । उनको डर भाग्यो । उनले निडर भएर भने," सर यो मैले खेलेको हैन । धारा, पाटी पौवा, मठ मन्दिर, बाटोघाटो जस्ता सबै सार्वजनिक स्थल सफा राख्नुपर्छ हिजो पढाउँदा हजुरले नै भन्नुभएको हैन ?"

"स्याबास शुभम स्याबास, तिमीले मेरो पनि आँखा खोलिदियौं । म सधैं त्यही कुरा पढाउँथे र यही फोहोर धारामा नुहाई धुवाई गरेर जान्थें । पढ्ने र पढाउने ज्ञान भयो तर सरसफाई कहिल्यै गरिएन । पढेर ज्ञान बटुल्नका लागि मात्र पढ्नु हैन सँगसँगै गर्नुपनि पर्छ । ल अबदेखि तिम्रो साथमा म पनि छु ।"

अब सरले शुभमलाई गाली गर्नुहुन्छ पिट्नुहुन्छ । अब मज्जा आउने भयो भनेर बारीको कुनामा लुकेर बसेका साथीहरू छक्क परे । उनीहरू पनि धारामा आए । धारा वरिपरिको झार उखेल्न लागे । जमेर बसेको पानी खोलखाल पारे । धारा सफा भयो ।

शुभम धाराको सरसफाइ सकेर घर गए । स्कुल जान ढिला हुन लागिसकेको थियो । आमाले खाना पस्किँदै भन्नुभयो, यतिका बेर कहाँ

गएका थियौं ? गृहकार्य पनि गरेको छैन होला ?" शुभमले खाना खाँदै भने, "मैले गृहकार्य गरेर आएको हो आमा ।" खाना खाएर उनी स्कुल गए ।

"आहा ! आज त धारा पनि कति सफा पो भए छ ?" दिँउसो पधेंर्नीहरूले एकआपसमा कुरा गर्दै थिए । छेऊ घरे काकी पनि आउनुभयो । धारामा सबैतिर हेर्नुभयो र भन्नुभयो, "ओहो ! मैले त फोहोर पानीमा किन खेलेको भनेर शुभमलाई गाली पो गर्दै थिएँ । उसले त पँधेरो सरसफाइ पो गरेको रहेछ !" त्यतिखेरै शुभमको आमा पनि धारामा आउनुभयो । छेऊ घरे काकीको कुरा शुभमकी आमाले सुनिरहनु भएको थियो । आमाले पँधेरामा सबैतिर हेरेर भन्नु भयो, स्याबास छोरा, तिमीले हामीलाई राम्रो पाठ सिकायौं । अबदेखि यो पँधेरो सफा राख्ने काम हामीहरूको हुनेछ । "पँधेर्नीहरू सबैले शुभमको प्रशंसा गरे ।

दिउँसो स्वास्थ्य विषय पढ्ने घन्टीमा सरले शुभमको प्रशंसा गर्दै भन्नुभयो, "आज शुभमको कामदेखि म धेरै खुसी भए । हामीले पढ्ने मात्र हैन, पढेको कुरालाई सँगसँगै व्यवहारमा गर्नु पनि पर्छ । ल, अबदेखि हामी जे पढ्छौं त्यो गर्छौं पनि ।" सबै विद्यार्थीले हो मा हो मिलाए । त्यतिखेरै शुभमको नेतृत्वमा सरसफाइ समूह बन्यो । उनीहरूले कहिले कहिले कहाँ कहाँ सरसफाइ गर्ने भनेर योजना बनाए । योजना अनुसार घर विद्यालय जाने बाटो सफा गरे । विद्यालय वरिपरि सरसफाइ गरे । त्यसदिन देखि "जे पढिन्छ त्यो गरिन्छ," भन्ने नारा नै बन्यो । यस नारामा सबै विद्यार्थी परिचालित भए ।

बालबालिकाको सरसफाइ अभियानको काम देखेर अभिभावकहरू दङ्ग भए । अभिभावकहरू पनि बालबालिकालाई सहयोग गर्न लागे । घर, गाउँ, टोल, धारा, पाटी, पौवा, मठ मन्दिर विद्यालय फोहोर हुँदाको असर र सफा हुँदाको फाइदा बालबालिकाबाट बुझ्न लागे । अभिभावकहरूले पनि टोल सरसफाइ समूह बनाए । एक घर एक पक्की चर्पी बनाउने निर्णय गरे । सोहीअनुसार घरघरमा चर्पी बन्न लागे । घर, गाउँ, टोल, धारा, पाटी, पौवा, मठ मन्दिर विद्यालय सफा देखिन लाग्यो । गाउँमा रोग व्याधी पनि हट्यो । सबै गाउँले खुसी देखिन्थे । सबै विद्यार्थी खुसी देखिन्थे ।

एक दिन विद्यालयको वार्षिक कार्यक्रम भयो । त्यस कार्यक्रममा विद्यालयले सरसफाइ अभियान चलाएकोमा सबै वक्ताहरूले खुलेर प्रशंसा गर्न लागे ।

स्वास्थ्य शिक्षकको बोल्ने पालो

आयो । उहाँले भन्नुभयो, "यो प्रशंसा र धन्यवाद विद्यालयलाई हैन कक्षा चारमा पढ्ने छात्र शुभमलाई दिनुपर्छ" भन्दै अभियानको सुरुवात हुनाको कारण बताउनुभयो । उपस्थित सबै अभिभावक र विद्यार्थीबाट गडगडाहट ताली बज्यो । कार्यक्रममा शुभमलाई पुरस्कारसहित सम्मान गरियो ।

शुभम पुरस्कृत भईरहँदा चम्पा र शीतल चउरको छेउमा बसेर कुरा गर्दै थिए । चम्पाले भनिन्, "त्यस दिन शुभमलाई गिज्याउनुको सट्टा र सर आउँदा लुक्न जानुको सट्टा हामीले पनि सघाउन सकेको भए हामीलाई पनि सम्मान हुने रहेछ नि ।" शीतलले भने, "अँ, शुभमले सम्मान पाउनु हामीले पनि सम्मान पाए जतिकै भएन र ?"

◆◆◆

**कविता**

# आषाढ महिना

✍ **पदमलाल लामिछाने**

आयो आषाढ महिना सब जग रमायो
पौरखी सहासी किसानले हलो समायो ।
गडगड गर्दै मेघले अमृत वर्षायो
छमछम गर्दै नदिले खलबल मचायो ।।

जुरमुराई तरूण लता सिर ठाडो पारी
हेर्छन् रसिक भैं ती सब वारिपारी ।
दौडी रहेछ मेघमाला जलकुण्ड बोकी
किसानको अब त लौ मन प्रफुल्ल भो की ?

छैन कसैलाई फुर्सत घडी एक मात्रै
हिलो, धुलो र पानीसँग मितेरी गाँस्दै ।
घन्किन्छ स्वर लहरी ठिटा ठिटीहरूमा
उर्लिन्छ मन अति वयस्क र वृद्धाहरूमा ।।

चम्किन्छ काली घटा मानौं त्यो बिद्युत सरी
गर्छिन् सिन्चित धर्ती भनौ अमृत सरी ।
छैन भेटघाट आपसमा कुनै जनको
गर्छन् कृषकले काम रही अति चनाखो ।।

बस्दैन कोही घरमा वृद्धावस्थामै पनि
आयो लौ कृषकको शुभ त्यो मुहुर्त बनि ।
दुबै छन् करबिरे अति चम्किला ज्याबल
यै हो कृषकको सफलता अति प्रवल ।।

***-प्रतापुर बर्दिया ।***

# अनुशासन र आचार संहिता



प्र.नि.घनबहादुर थापा

प्रत्येक व्यक्ति, घरपरिवार, समाज, संघ संगठनमा अनुशासनको कुरा जोडदार रूपमा उठाएको पाइन्छ । धेरै सदस्यहरू कार्यरत संघ संगठनमा त सदस्यहरूलाई नैतिक मर्यादाभित्र राख्नका लागि अनुशासनलाई उच्च प्राथमिकता दिइएको हुन्छ । त्यसमाथि सुरक्षा निकायमा त झन् अनुशासनको विशेष महत्व रहन्छ । त्यसकारण सुरक्षा निकायले नयाँ सदस्यलाई सेवा प्रवेश पछिको आधारभूत तालिमदेखि नै अनुशासनलाई उच्च प्राथमिकतामा राखेर यसको पूर्ण पालना गराउनका लागि विशेष जोड दिएका हुन्छन् ।

कतिपय विद्वानहरूले अनुशासनलाई संगठनको गहना भनेका छन् । नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित नेपाली बृहत् शब्दकोशमा अनुशासनको अर्थ यसप्रकार उल्लेख गरिएको छ : १. सामाजिक, नैतिक, धार्मिक, राजनीतिक आदि नियम-नियमावलीको मर्यादा वा सो मर्यादाभित्र रहने कार्य । २. आदर्श आचरण र त्यसको पालना । ३. मान्य वस्तु र मान्य जनप्रतिको आस्था । ४. शिक्षा, तालिम, शिक्षण । ५. शिक्षणक्रियाको एक पद्धति । ६. आफूमन्तिरकालाई काबूमा राख्ने कार्य, अदप । ७. नियमितता, सुव्यवस्था, शान्ति सुरक्षा । ८. संयम आत्मसंयम । प्रस्तुत आठ प्रकारका अर्थ जसले हरेक व्यक्ति आ-आफ्नो नैतिक एवम् ऐन नियमको परिधिभित्र रहनुपर्ने तर्फ इङ्गित गर्दछन् ।

यसैगरी कुनै पनि संघ संगठनले लागू गर्ने आचार संहिता एउटा त्यस्तो व्यवहारिक निर्देशिका हो, जसले त्यस संगठनका सदस्यहरूले के गर्न हुन्छ र के गर्न हुँदैन भन्ने प्रष्ट निर्देश गर्दछ । आचार संहिताको अर्थ बारेमा नेपाली बृहत् शब्दकोशमा, "आचरण र व्यवहारको परिष्कृत नैतिक नियम प्रतिपादन गरी लेखिएको शास्त्र वा विद्या" भनि परिभाषित गरिएको छ । हरेक संगठनले आफ्नो संगठन अनुकूल आचार संहिता लागू गर्ने र यो सोही संगठनका सदस्यहरूको

आचरणसँग सम्बन्धित हुने भएकोले यसलाई अनुशासन तथा विद्या सिकाउने शास्त्रको रूपमा लिन सकिन्छ ।

आचार संहिताले नियमको पालना गर्न सिकाउने र आफ्नो पेशालाई कसरी मर्यादित र गरिमामय बनाउन सकिन्छ भन्दै कर्मचारीलाई एउटा निश्चित परिधिभित्र राखेर अनुशासित र मर्यादित बनाउने भएकोले आचार संहिता र अनुशासन बिच अन्योन्याश्रित सम्बन्ध रहन्छ । अर्को तर्फ आचार संहिता व्यक्तिको नैतिकता तथा सदाचारसँग जोडिएको हुन्छ । यसको उद्धेश्य सेवालाई मर्यादित बनाउँदै सदस्यहरूलाई जनहितमा समर्पित बनाउने भएकोले पनि अन्तत्वगत्वा यो उद्धेश्य पनि अनुशासनसँगै जोडिन पुग्छ ।

व्यक्तिलाई अनुशासनमा राख्न परापूर्वकालमा उल्लेख भएको स्मृति वचनको एक सन्दर्भ यहाँ उल्लेख गर्न सान्दर्भिक ठान्दछु । मोदिनी बर्मा र बलिराजको वि.सं १४६१ को ताम्रपत्रबाट भन्ने उल्लेख गर्दै प्रा.डा. सूर्यमणि अधिकारीले 'बाइसे राज्यको इतिहास' नामक आफ्नो पुस्तकको पृष्ठ ३१७ मा लेख्नु भएको छ, "भूमिदान गर्ने व्यक्ति साठी हजार वर्षसम्म स्वर्गमा रहन्छ, दान गरेको भूमि हरण गर्ने वा त्यसो गर्न अनुमति दिने व्यक्तिले त्यति नै वर्ष नरकमा बस्नु पर्नेछ ।" मूलतः यो दातव्यलाई अझ अनुल्लङ्घनीय बनाउन दान पत्रमा अंकित गरिएको स्मृतिवाक्य र वचनवद्धता हो । तर मान्छेले स्वर्ग वा नरक भोगेकै छैन । त्यसैले भूमिदान गर्न प्रोत्साहन गर्न र दान गरेको भूमि हरण नहोस् भन्ने हेतूले मान्छेलाई अनुशासनमा राख्नका लागि मनोवैज्ञानिक असर पार्न यस्तो वचनबद्धता गराउन खोजिएको देखिन्छ ।

नेपाल प्रहरीले आफ्नो स्थापनाकालदेखि नै आफ्ना सदस्यहरूमा उच्च अनुशासन कायम राख्ने कुरामा जोड दिंदै आएको छ । सदाचार, स्व-अनुशासन र निष्ठालाई सामाजिक व्यवहारका उल्लेख्य पक्षको रूपमा आत्मसात गरी यिनलाई प्रहरी व्यावसायिकताका अमूल्य गहना मानेको छ । यस गहनाप्रति प्रतिबद्ध बनाउन तालिम पाठ्यक्रममै व्यवस्था गरी बाह्य तथा आन्तरिक प्रशिक्षणमा उचित ज्ञान, सीप प्रदान गर्दै आएको छ । यसले साकार रूप लिएको पनि विदितै छ । तथापि अनुशासन पालना गर्ने क्रममा उतार चढाव आइरहने र जान अनजानमा कहिलेकाहीं एकाध प्रहरी कर्मचारी चुक्ने गरेको पनि पाइन्छ । त्यस्ता कर्मचारीहरू उपर विभागीय कारबाही समेत हुने गरेको छ । यद्यपि चामलमा पनि बियाँ हुन्छ भनेझैं धेरै सदस्य भएको संगठनमा यदाकदा एक

र दुई जनाबाट अनुशासन उल्लङ्घन भएमा पूरै संगठनलाई आक्षेप लगाउने, मुछ्ने एकाध मान्छेको जुन प्रवृत्ति छ त्यो सर्वथा गलत हो ।

अनुशासन पालना गर्ने गराउने सन्दर्भमा नेपाल प्रहरीले प्रहरी ऐन तथा नियमावली बमोजिम समयानुकूल आदेश निर्देश गर्दै आएको छ । सो क्रममा प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीज्यूले २०७७ भदौ २८ गते प्रहरी प्रधान कार्यालयमा आयोजित एक कार्यक्रम बिच नेपाल प्रहरीका कर्मचारीहरूले पालना गर्नुपर्ने आचार संहितासम्बन्धी कार्यादेश, २०७७ सार्वजनिक गर्नुभयो । कार्यादेशको परिपालना गर्दै जानुपर्ने, कार्यादेशले प्रहरी संगठनलाई सही मार्गमा लैजान दूरगामी रूपमा सकारात्मक प्रभाव पार्ने, जसले प्रहरीको छविलाई थप राम्रो बनाउन विशेष मद्धत पुऱ्याउने विचार कार्यक्रममा उहाँले व्यक्त गर्नुभयो । विशेष अध्ययन मनन गरी व्यवहारिक पक्षलाई मध्यनजर गरी लागू गरिएको उक्त कार्यादेशको सारसङ्क्षेप यस प्रकार रहेको छ :-

♦ नागरिकको जीउधनको सुरक्षा, सार्वजनिक सम्पत्तिको रक्षा, अपराध नियन्त्रण एवम् अनुसन्धान गर्ने महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्न अहोरात्र खटिने नेपाल प्रहरीका प्रहरी कर्मचारीहरूको आचरण एवम् व्यवहारमा समयानुकूल सुधार गर्दै सकल दर्जाका प्रहरी कर्मचारीलाई शिष्ट, मर्यादित, जबाफदेही, कर्तव्यनिष्ठ, नैतिकता र अनुशासनप्रति प्रतिबद्ध बनाउन वाञ्छनीय भएकोले प्रहरी नियमावली, २०७१ को नियम १९६ बमोजिम प्रहरी महानिरीक्षकबाट "नेपाल प्रहरीका कर्मचारीहरूले पालना गर्नुपर्ने आचार संहिता सम्बन्धी यो कार्यादेश,२०७७" जारी गरिएको ।

♦ प्रहरी कर्मचारीले सेवा प्रवाह गर्दा, सेवाग्राहीसँग व्यवहार गर्दा वा व्यक्तिगत एवम् पेशागत कर्तव्य निर्वाह गर्नु पर्दा अनिवार्य रूपमा सेवाग्राहीसँग कुनै प्रकारको आग्रह वा पूर्वाग्रह वा द्वेष भाव नराखी समान व्यवहार गर्ने, प्रहरी संगठन र कार्यरत कार्यालयको गरिमा बढाउने किसिमको उच्च नैतिकता देखाउने ।

♦ प्रहरी कर्मचारीहरूले समयको पालना गर्ने, व्यक्तिगत आचरण तथा अनुशासनमा रही आफ्नो काम, कर्तव्य इमानदारी र तत्परताको साथ पालना गर्नुपर्ने । जाति विशेष, लिङ्ग विशेष, धर्म विशेष, सम्प्रदाय विशेष, शरीर विशेषका आधारमा होच्याउने, हेप्ने, टिप्पणी गर्ने, मजाक गर्ने, हाउभाउ प्रकट गर्ने जस्ता क्रियाकलाप गर्न नहुने ।

♦ प्रहरी व्यावसायिकतालाई आत्मसाथ गरी प्रहरी अधिकृत तथा जवानहरूबीच

एकापसमा भाइचारापूर्ण एवम् सुमधुर पारस्परिक सम्बन्ध कायम गर्ने ।

♦ कार्यालयको कामको सञ्चालन र कार्यसम्पादन सम्बन्धमा आफ्नो कामप्रति अद्यावधिक भइरहनुपर्ने र आजको काम आजै गर्ने परिपाटी विकास गर्नुपर्ने र आफूले सम्पादन गरेको कार्यको संस्थागत अभिलेख तोकिएको ढाँचामा राख्ने ।

♦ आर्थिक कारोबार र बजेट सञ्चालनमा संलग्न प्रहरी कर्मचारीले प्रचलित आर्थिक ऐन, नियमहरू, तालुक तथा अर्थ मन्त्रालयबाट जारी निर्देशिका र प्रहरी ऐन तथा नियमावलीमा भएका व्यवस्थालाई अक्षरशः पालना गर्ने र आर्थिक पारदर्शिता कायम गर्ने ।

♦ प्रहरी कर्मचारीले कार्य प्रकृतिको आधारमा जनपद वा प्राविधिक जुनसुकै समूह अन्तर्गतको जिम्मेवारीमा रहेको भएता पनि नागरिकमैत्री अवधारणा अनुरूप सेवाग्राहीलाई सेवा प्रवाह गर्नु गराउनुपर्ने ।

♦ प्रहरी कर्मचारीले ड्युटी गर्दा तथा सेवा प्रवाह गर्दा विनम्रताका साथ सभ्य र शिष्ट बोलीचालीको प्रयोग गरी यथासम्भव शीघ्र, सहज र जबाफदेही ढङ्गबाट सेवा प्रदान गर्नुपर्ने र फरक क्षमता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक तथा बालबालिकाहरूलाई प्राथमिकतामा राखी सेवा प्रवाह गर्ने ।

♦ प्रहरी कर्मचारीले तोकिए बमोजिम अनुमति प्राप्त नगरी विदेशी नियोग, विदेशी कुटनैतिक व्यक्ति र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थासँग भेटघाट, सम्पर्क तथा सहकार्य नगर्ने ।

♦ प्रहरी कर्मचारीले आफ्नो पदीय जिम्मेवारी र दायित्वसँग असम्बन्धित कार्यक्रममा सहभागी हुन, सम्बोधन गर्न, मन्तव्य दिन या अन्य टीकाटिप्पणी गर्न नहुने ।

♦ प्रहरी कर्मचारीले व्यक्तिगत स्वार्थपूर्ति वा आफ्नो व्यक्तिगत लोकप्रियताको लालचमा सञ्चार माध्यमको प्रयोग गर्न तथा सोही प्रयोजनले सूचना चुहावट वा सम्प्रेषण गर्न नहुने ।

♦ प्रहरी कर्मचारीले सामाजिक सञ्जालबाट राष्ट्रिय अखण्डतामा खलल पार्ने, साम्प्रदायिक दङ्गा भड्काउने, आतङ्ककारी गतिविधिलाई प्रश्रय दिने, शान्ति सुरक्षामा खलल पार्ने तथा अपराध अनुसन्धानलाई प्रभावित पार्ने गतिविधिहरू प्रकाशन, प्रसारण गर्न तथा त्यस्ता विषयमा Like, Comment, Share, Tag, Tweet, Re-Tweet जस्ता क्रियाकलाप गर्न वा गराउन नहुने ।

♦ कार्य सम्पादनको क्रममा प्रचलित अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानून, नेपाल सरकार तथा प्रहरी सङ्गठनले अवलम्बन गरेको मानव अधिकार सम्बन्धी

सिद्धान्तको संरक्षण सम्बर्द्धन तथा परिपालना गर्नुपर्ने ।

♦ अभिवादन स्वरूप हात मिलाउनु स्वाभाविक भए तापनि विपरीत लिङ्गीलाई मौका पाउना साथ थपथपाउने वा मुसार्ने, टाँसिने, छुने, चिमोट्ने कार्य नगर्ने, राम्रो काम गरे बापत स्पर्श गर्न पाउने मनसायले विपरीत लिङ्गीलाई धाप मार्नु नहुने ।

♦ कार्यादेशको पालना सम्बन्धमा प्रहरी प्रधान कार्यालय, महानगरीय प्रहरी कार्यालय, प्रदेश प्रहरी कार्यालय, संघीय प्रहरी ईकाई कार्यालय, महानगरीय प्रहरी परिसर र जिल्ला प्रहरी कार्यालयमा गठित छुट्टाछुट्टै अनुगमन समितिले अनुगमन गर्ने ।

यसप्रकार कार्यादेशले प्रहरी कर्मचारीले काम गर्ने सिलसिलामा अपनाउनुपर्ने निष्पक्षता, निष्ठा, सदाचार, समानता, सक्षमता, लगनशीलता सम्बन्धमा व्यवस्था गरेको छ । समयको पालना, व्यक्तिगत आचरण तथा अनुशासन, पेशागत जिम्मेवारी बहन र आदेशको पालना, प्रहरी अधिकृत र अन्य दर्जाका प्रहरी कर्मचारीहरूबीचको भाइचारा र पारस्परिक सम्बन्धबारे प्रष्ट निर्देश गरेको छ । कार्यालय, ब्यारेक, भान्सामा रहँदाको अनुशासनबारे सचेत गराएको छ । कार्यादेशको विस्तृत विवरण प्रहरी कर्मचारीहरूका लागि उपलब्ध छ । यसको पूर्ण पालना गरेमा प्रहरी कर्मचारीले व्यक्तिगत आरचण र अनुशासनमा रही आफ्नो काम, कर्तव्य इमानदारिता र तत्परताकासाथ पूरा गर्न अभिप्रेरित गर्ने निश्चित छ । तथापि जागिरे प्रवृत्तिको सोँच भएका व्यक्तिहरूमा जागिर पकाउने विषयले प्रधानता पाएको हुन्छ । यस्तो भयो भने अनुशासन गौण हुन सक्छ । हरेक बाह्य व्यवहार, आचरणको साथै प्रवृत्तिको अध्ययन गरी निराकरण गर्नेतर्फ ध्यान दिन सकियो भने यस्ता प्रवृत्तिमा सुधार गरी नैतिकवान बनाउन मद्दत पुग्ने देखिन्छ ।

साधनस्रोत अभाव वा अप्रर्याप्तको स्थिति प्रायः सबै संघ संगठन वा कार्यालयले सामना गर्नुपर्ने अवस्था हुन्छ । यस अवस्थामा उपलब्ध साधनस्रोतलाई अधिकतम उपयोग गरी उच्चतम प्रतिफल प्राप्त हुने गरी काम गर्न सक्नु अनुशासन पालनाको साथै कार्यक्षमताको विशिष्ट पाटो हो । हामी कहाँनेर चुक्यौं, हरेक इकाईमा बेलाबखत अध्ययन अनुसन्धान गरी वस्तुनिष्ठ तरिकाले समस्या पहिचान गरी प्रविधियुक्त व्यवस्थापन गर्न सकेमा अनुशासनको कारण संगठनले नकारात्मक आलोचना खेप्नुपर्ने छैन ।

सङ्क्षेपमा, अनुशासन नभए हरेक संगठनमा बेथिति मौलाउँछ । बेथितिको अवस्थामा कर्तव्यपरायणता प्रायः शून्यको अवस्थामा हुन्छ । सुरक्षा

निकायमा त अनुशासनको अवस्था अलिकति मात्र ह्रास आएमा पनि संगठनको संस्थागत उपलब्धि हासिल हुनेमा तगारो लाग्ने सम्भावना अधिक हुन्छ र संगठनको छविमै प्रश्न चिन्ह उठ्छ । यसर्थ आदर्श आचरण कायम गर्नु, सबैप्रति आस्था राख्नु, सदाचार कायम गर्नु, ऐन नियमको अक्षरस पालना गर्नु अनुशासित कर्मचारीको कर्तव्य हुन आउँछ । नेपाल प्रहरीमा प्रहरी ऐन तथा नियमावलीको साथसाथै आचार संहिता कार्यदिशले प्रहरी कर्मचारीको आचरण, व्यवहार लगायत नीति नियम पालना गर्नुपर्ने प्रर्याप्त व्यवस्था छ । यसको पालना गर्दै आफ्नो आचरण, व्यवहार, पोसाकको उचित प्रयोग, बोलीचालीमा शिष्टता, काममा गहनता ल्याएमा निश्चय पनि गर्विलो प्रहरी सेवा कायम राख्न सहज हुनेछ । अनुशासनलाई गहनाको रूपमा लिएर यसको अक्षरस पालना सबै तहका कर्मचारीको सक्रियता हुन सकेमा मात्र प्रहरी संगठनमा अनुशासन कायम हुने कुरामा प्रश्न चिन्ह लाग्ने छैन । तब मात्र प्रहरी कर्मचारीहरूको आचरण एवम् व्यवहारमा समयानुकूल सुधार गर्दै सकल दर्जाका प्रहरी कर्मचारीलाई शिष्ट, मर्यादित, जवाफदेही, कर्तब्यनिष्ठ, नैतिकता र अनुशासनप्रति प्रतिबद्ध बनाउने प्रहरी संगठनको उद्धेश्य पूर्ण रूपमा पूरा हुनेछ । ♦♦

## गीत



✍ **मिम बहादुर लामा**

शान हो यो हाम्रो देशको शिर सगरमाथा
हिमनदी र छहराले गाउँछ वीर गाथा।

ताल तलैया नदीनाला, गुफा जंगल बन,
स्वर्ग सरि हाम्रो देश आनन्दित छ मन,
सुन चाँदी हिरा मोती फल्छ यही माटोमा
पौरखी नेपाली सँधै, सत्यको बाटोमा
हिमाल पहाड भित्री मधेश, दक्षिणमा तराई
सन्तति हुन नेपालको, कोही छैनन् पराई

मठ मन्दिर चैत्य गुम्बा, मस्जिद गिर्जा घर
धर्म, संस्कार विविधता, नेपाल एउटै घर
रङ्गी चङ्गी लालीगुँरास, वनै भरि फुल्छ
तराईमा लहलह, धानको बाला झुल्छ
विश्वमानै दुर्लभ छ, नेपालको बुटी
यो देशलाई सिंगार्नु छ, हामी सबै जुटी

शान्तिको बिगुल फुक्ने, हामी वीर गोर्खाली
वैरी सामु नझुकेर, लड्ने यो नेपाली
सधैं भरि अघि बढ्छ, कर्तव्यको पथमा
गौरव गर्दै अघि बढ्छ, स्वाभिमान छ साथमा
सँधै भरि स्वतन्त्र छ, अखण्ड यो भुमि
विश्व सामु सबले चिनाउ, पुण्य मातृभुमि

शान हो यो हाम्रो देशको शिर सगरमाथा
हिमनदी र छहराले गाउँछ वीर गाथा।

# मानु चामल



✍ राममणि पोखरेल

बलराम तराईको एउटा ठूलो सहरमा बस्थ्यो । ऊ क्याम्पसमा पढाउथ्यो । सानो परिवार थियो । छोराछोरीको विवाह गरिसकेको थियो । फुर्सदको समयमा ऊ कविता, कथा, निबन्ध लेखेर छपाउने गर्दथ्यो । बलरामका बाबुलाई कुनै बेला मालपोत कार्यालयको रकम हिना मिना गरेको आरोप लागेको थियो । सरकारले पठाएको छानविन पत्रलाई गोजीमा राखेर आले टाले गरेर नियम कानून छलेर टार्‍यो, शेष प्रसादले सरकारलाई ठगो भन्थे मानिसहरू।

बलरामकी पत्नी मधुमेह रोगले पिडित थिइन् । धेरै वर्ष थलिएर बसिन् । जतिवटा अस्पताल पुर्‍याए पनि काल टार्न सकिएन । शान्ताले लामो बिरामी पछि मृत्युवरण गरिन । आफ्ना नजिकका दाजुभाइलाई सूचना गरियो । डम्बरनाथले पनि पहाडमा सूचना पाए । बलराम र डम्बरनाथ भाइ भाइका छोरा थिए । पुर्खाले मान्दै आएको सामाजिक संस्कृति भनौं या चलन आफन्त मानिसको निधनमा मानुचामल लाने गर्दथे । डम्बरनाथ गोडा सुनिने बिरामीले पिडित थियो । धनमाया आँखा कमजोर भएर जीवन घिर्सादै थिइन् ।

बलरामकी पत्नी शान्ताको निधनमा मानु चामल लाने सवालमा जटिलता आयो । त्यति टाढा को जाने ? नजादा के हुने ? यो आफन्त बित्दा जुठो बार्ने चलन कसरी आयो ? यो जुठो नबार्दा के हुने, आदि प्रश्न अनुत्तरित छन् कैयौं समय देखि ।

डम्बरनाथको ठूलो परिवार थियो । सात भाइ छोरा र चार छोरी थिए । तीन छोरा त विदेश थिए, डलर पठाउँदथे घरमा र डम्बरनाथ अहिले हुने खाने भए पनि एक जमानामा निकै गरिब मानिन्थो । तिनै बलरामको पहाडको बाबुको अंशिया वारी र खेत जोत्ने गर्दथो । उसलाई वटैयादार भनेर हेपद्थे ।

घरमा बहस भयो । यति टाडा थुप्रो खर्च लाग्छ, मानुचामल नलगी

नहुने त्यस्तो अनिवार्य नियम पनि छैन । सरकारी कानून पनि छैन । मानवीय धर्ममात्र हो भनेर छोराहरूले तर्क राखे बाबु डम्बरनाथका सामु ।

तपाईकी आमा, मेरी हजुर आमा बित्दा बलराम बडाबाबुको घरबाट मानुचामल हाम्रो घरमा आएन त ? यो मानुचामल भनेको धनिले गरिबको घरमा लानु नपर्ने र गरिबले धनी ठूला बडाको घरमा लानु पर्ने अनिवार्य हो । होमनाथले आफ्ना कुरा बतायो ।

छोराका कुरा त उसले श्रवण गऱ्यो । तर कता कता चित्त बुझाएन । भाउजु हुन् । पुर्खाको धर्म अनुसार मानुचामल लाने चलन छ । कसरी न लानु अनर्थ हुन्छ । हेर कान्छा उनीहरू धनी छन् । हामी गरिब छौं । तर नाता त उस्तै हो नि, छोराको चित्त बुझाउने प्रयत्न गऱ्यो । खर्च लाग्छ भन्ने गुनासो नगर, यो त मानव जीवनमा सामान्य कुरा हो, कतैबाट पुर्ताल हुन्छ । मर्दा पर्दामा आफ्ना मान्छे चाहिन्छ भन्दछन् । हाम्रो नाता सम्बन्ध त भनौं एक प्रकार रगतकै आधार हो । आमा र म जान नसके पछि, तँ जा डम्बरले छोरालाई सम्झायो ।

दुई दिनको छलफल पछि बाउँका वचनलाई होमनाथले स्वीकार गऱ्यो । मानुचामल लिएर टाडा बलरामको घर जाने निधो गऱ्यो । दिउँसो पँधेरा गएर मैला लुगा धोयो, सुकायो । आमाले घीउ, चामल, अदुवा, तयार पारेर पोको पारिदिइन् । बाबुले काठको बाकसबाट झिकेर रकम छोराका हातमा थमाई दियो ।

गाउँ घरमा यो मानुचामल लाने बारेमा एउटा जादै कमजोर भनाई सुनिन्छ । मृतकको आठौं दिनमा, मानुचामल लानु हुँदैन । तर अर्कातिर अर्को तर्क पनि छ, कि मृतकको नाममा लगिने दिइने श्रद्धा जुन बार र जुन दिन लगे पनि भई हाल्छ नि मनमा धेरै कुरा खेलाउँदै, होमनाथ बाटो लाग्यो । झण्डै घरबाट पन्ध्र मिनेट पैदल हिँडेपछि गाडी चढ्ने ठाउँ पक्की सडकमा पुगिन्थ्यो । तीन वटा गाडी बदलिएर जानु पर्दथ्यो । बलरामको घर । हाम्रा बाबुले कर र रहर दुबै गरे यो मानुचामल न ल्याएको भए पनि के फरक पर्थ्यो र भन्ने सोच्यो होमनाथले । साँझले सहरलाई छोपे पछि ऊ बलराम सहरको घर सोध्दै पुग्यो ।

पुराना धनी, कहलिएका विद्वान, एउटी छोरी विदेश दिएको, एउटी छोरी अमेरिका बस्ने, उतै जागिर खाने, छोरा नेपाल सरकारको अधिकृत । कम्पाउण्डले घेरेको घर, फराकिलो बगैंचा त्यहीं दुईवटा पक्का घर । ठूलो हल्ली खल्ली फलामे ढोका बाहिर गएर उभियो ऊ । ढोकाबाट भित्र चहल पहल नियालेर हेऱ्यो । सातौं दिन थियो । बलरामको घरको ढोका खुलेन, जति ढक ढक्याए पनि । होमनाथ छक्क पऱ्यो । निराश भयो । जसको

घरमा आएको उसैको घरको ढोका खुलेन, जति ढक ढक्याए पनि, होमनाथ छक्क पऱ्यो । निराश भयो । जसको घरमा आएको उसैको घरको ढोका खुलेन भने त्यस भन्दा आपत के हुन्छ ?

ढोका ढकढक्याएको आवाज सुनेर एक जना अग्लो गोरो व्यक्ति ढोका नेर आएर भित्र पट्टी उभियो र सोध्यो तिमी को हौ ? विना काम यो ढोका किन चलाएको ? होमनाथले आफ्नो वास्तविक बयान दियो । म बलरामको भतिजो हुँ, पहाडको पैतृक थलोबाट, मानुचामल लिएर आएको बसमा ढिलो भयो, ढोका खोली देऊ ।

त्यो अग्लो र गोरो मान्छे भित्र गयो र केही सोधेर साचो लिएर आउँदछ भन्ने आशमा निकै समय रोकियो होमनाथ । त्यो गोरो मान्छे फेरी फर्केर आएन । अर्को व्यक्तिलाई पठाएन पनि । शायद होमनाथलाई लुम्रे झुम्रे गाउँले किसान जस्तो लागेर हो कि । रात छिपिदै गयो । होमनाथले बाबु आमालाई सम्झियो व्यर्थ आए छु, जस्तो लाग्यो उसलाई ।

पटक पटक ढोका चलायो, कम्पाउण्ड भित्रको कुकुर भुक्यो ठूलो स्वरले । मानव आकृति कोही ढोका नजिक झुल्किएन । ढोका नखुले पछि दिमागमा उसले योजना बनायो । बिहान आमाले ठिक पारी दिएको चामल घिउ अदुवाको पोको बिस्तारै कसिलो पारेर बाधेर पर्खालबाट भित्र फ्याकिदियो । उसलाई पाप गरे कि धर्म गरे भन्ने झसका र त्रास पनि भयो ।

मानुचामलको पोको भित्र फ्याकेर ऊ सरासर सहर तिर लम्कियो । गोजी छामो बाबुले बाटो खर्च दिएको पैसा यथावत छ । सडकमा आएर उसले एक जना व्यक्तिलाई सोध्यो । कालिका मन्दिर कहाँ छ ?

त्यो सहरिया व्यक्ति कालिका मन्दिरकै बाटो उकालो आउदै रहेछ, मसँग हिंड पुऱ्याई दिन्छु उसले भन्यो । ऊ सरासर कालिका मन्दिर आयो । भित्र प्रवेश गऱ्यो । बाबाजी र पुजारी अरू व्यक्तिसँग आगो तापेर बस्यो । त्यही मन्दिर छेउमा अरूसँग पुर्लुक्क पल्टियो । मन्दिरमा कोही मानिसले पनि किन आएको भनेनन् । बस भन्ने सल्लाह दिए । होमनाथले सहज रात बितायो ।

बिहान छ्याङ्ग उज्यालो हुँदा ऊ ब्युझियो । कलमा हात मुख धोयो । पोको चेपो, त्यहाँका बाबाजीसँग विदा माग्यो र बाहिरीयो ।

बलरामको घरमा पुनः फर्केर जाने मन भएन । ऊ गएन पनि । मानुचामल पाए पनि ठिकै न पाए पनि ठिकै । त्यही घरको कम्पाउण्डमा राखिदिएको छु । बस पार्कमा आएर ऊ गाडी चढेर घर तिर बाटो लाग्यो । अघिल्लो दिन बलरामको घरको ढोका ढक ढक्याएको सम्झियो । ♦

# कोरोनाले सिकाएको पाठ



✍ प्र.ना.नि. नेत्रहरि काफ्ले

विश्वमा कोरोना भाइरसका कारण लाखौंले ज्यान गुमाइरहेका छन्। यसबाट संक्रमित हुनेको संख्या दिनानुदिन बढिरहेको छ भने निको भई घर फर्कनेको संख्या पनि बढिरहेको छ । नेपालमा पनि कोरोना भाइरसको माहामारीले सताईरहेको छ। कोरोना डर र त्रासले हैन सजकता र सतर्कताले जित्न सकिन्छ। कोरना भाइरस सबैलाई लाग्न सक्छ। सबभन्दा पहिला कोरोना भाइरस आफूलाई नसरोस् भन्नको लागि आफू बाहेक अरू सबैलाई कोरोना भाइरस लागेको हुनसक्छ भन्ने सोच्नु पर्दछ। सोही अनुरूप सजकता र सतर्कता अपनाउदै सहि तरिकाले माक्सको प्रयोग, भौतिक दुरी कायम राखी नियमित साबुन पानीले हात धुनु तथा स्यानिटाइजरको नियमित प्रयोग गर्नाले कोरोना भाइरस संक्रमित हुने सम्भावना न्यून रहन्छ।

उच्च मनोबल र सकारात्मक सोचका साथै पौष्टिक आहारा कोरोना विरूद्ध लड्ने अचुक औषधी हो। विश्वका शक्ति राष्ट्रहरू कोरोना भाइरस विरूद्धको भ्याक्सिनको बारेमा अनुसन्धानरत छन् । तर नेपालमा भने बेसार पानी र गुर्जो, सोठ, मरिच र पिपलालाई विश्वास गरी खोजी खोजी खाइरहेका छौं । वास्तवमा यसको अत्याधिक प्रयोगले कस्तो असर हुन सक्छ? यो विषयमा सोच्नु आवश्यक छ। विश्वव्यापी माहामारी कोरोनाबाट रोकथाम र बचाउन भन्दै राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र किर्तिपुरले रोग प्रतिरोधात्मक क्षमता बढाउन अश्वगन्धा चुर्णको नियमित सेवन, च्यवनप्राशको नियमित सेवन, गुर्जो, सोठ, मरिज, पिपला र बेसारलाई मिलाएर सेवन गर्नुका साथै मनतातो पानी नियमित सेवन गर्न सुझाएको छ। तर यसको नियमित प्रयोग गर्दा प्रयोगकर्तामा कस्तो कस्तो असर पर्न सक्छ भन्ने विषयमा केन्द्र मौन देखिन्छ।

कोरोना भाइरस लाग्दैमा डराउनु पर्दैन। मेरो अनुभवमा उच्च मनोबल र सकारात्मक सोंचका साथ योग, ध्यान र प्रार्थना गर्ने र नियमित पौष्टिक खानाको प्रयोग गर्नाले कोरोनालाई

सजिलै जित्न सकिन्छ। कोरोना भाइरस विरूद्ध लड्न हाम्रो शरीरमा High Energy को आवश्यकता पर्दछ। नियमित रूपमा पौष्टिक आहारको रूपमा खाजा खानामा माछा, मासु र अण्डाको साथै हरियो साग, फलफुल र दुध दहीको प्रयोगले शरीरमा High Energy पैदा गर्दछ। जसको कारण कोरोना भाइरससँग लड्न सक्ने Antibody को विकास भई कोरोना भाइरसलाई Inactive गर्दछ। कोरोना भाइरसको हाउगुजीको डर र त्रासले हैन सकारात्मक सोंचका साथ उच्च मनोबल र आत्मविश्वासले कोरोना भाइरसलाई सजिलै जित्न सकिन्छ।

कोरना भाइरस संक्रमित भएर मलाई धेरै कुरा सिक्ने अवसर प्राप्त भयो। वास्तवमा मैले आफूलाई कहिल्यै कोरोना भाइरस संक्रमित भएको अनुभूति गरिन। म स्वस्थ छु मलाई केही हुदैन भन्ने सकरात्मक सोच, उच्च मनोबल र आत्मविस्वासले कोरोना संक्रमित हुँदाका १२ दिन सामान्य रूपमा व्यतित भए। कोरोनाले मलाई केही हुन्छ कि भन्दा पनि कोरोना संक्रमितलाई कस्तो कस्तो लक्षणहरू देखा पर्दोरहेछ भन्ने जिज्ञासा मेरो मनमा लाग्यो। कोरोना भाइरसले गरिब, धनी, वृद्ध, बालक, नेता, मजदुरका साथै असल, खराब कसैलाई छोड्दो रहेन छ । यी सबै प्रकारका संक्रमितसँग केही न केही कोरोनाको लक्षणको बारे भौतिक दुरी कायम गरी अन्तरक्रिया गर्ने अवसर प्राप्त भयो। मेरो अनुभव र अन्य कोरोना संक्रमितको आधारमा कोरोना संक्रमित हुँदा देखिने केही लक्षणहरू निम्न छन्

- हल्का ज्वरो आउनु,
- रूघा लाग्नुका साथै सुक्खा खोकी लाग्नु,
- श्वास फेर्न अप्ठेरो हुनु, नाक बन्द हुनु,
- घाँटी तथा जिब्रोमा स-साना खटिरा आउनु,
- टाउको दुख्नु, रिङ्गटा लाग्नु,
- शरीरका विभिन्न जोइन्टहरू दुख्नु,
- आँखा तथा पेट दुख्नु,
- शरीर लठ्याउनु, बढी निन्द्रा लाग्नु,
- अरूचि हुनु, जिब्रोले खानाको स्वाद थाहा नपाउनु आदि ।

कोरोना भाइरस विरूद्ध लड्न स्वःअनुशसन, बलियो आत्मबल, आत्मविश्वास, पौष्टिक आहार तथा नियमित व्यायम, योग, ध्याग र प्रार्थनाको नितान्त आवश्यक हुन्छ । स्वःअनुशासन अन्तर्गत भौतिक दुरी कायम गर्नु, सही तरिकाले माक्सको प्रयोग गर्नु, नियमित साबुन पानीले मिचिमिचि हात धुनु तथा स्यानिटाईजरको प्रयोग गर्नु, पटक पटक मनतातो पानी पिउनुको साथै नाक घाटी सफा गर्नु पर्दछ। कोरोनासंग लड्न उच्च मनोबल र दरिलो

आत्मविश्वास चाहिन्छ। पौष्टिक आहारले शरीरमा शक्ति प्रदान गर्दछ र Antibody को विकास भई कोरोना भाइरसलाई Inactive गर्दछ। दैनिक योग, ध्यान र प्रार्थना गर्नाले शरीरमा सकारात्मक ऊर्जा पैदा हुन्छ। जसका कारण कोरोना भाइरसलाई सजिलै जित्न सकिन्छ।

उच्च मनोबल र आत्मविश्वास कसरी बनाउन सकिन्छ। मेरो अनुभवमा कोरोना संक्रमित व्यक्तिलाई आफन्त, ईष्टमित्र, सिनियर व्यक्ति, साथी भाईको सहानुभूतिले उच्च मनोबल र आत्मविश्वास दरिलो बनाउन सहयोग गर्दछ। मलाई कोरोना भाइरस संक्रमित भएको थाहा पाउना साथ मेरा आफन्त, म कार्यरत प्रहरी कार्यालयका सिनियर सरहरू, सहकर्मी साथीहरू, प्रहरी प्रधान कार्यालयको कोरोना हेल्प डेक्सका साथै म डिउटी खटिएको विशिष्ट व्यक्तिले पटक पटक फोन गरी मेरो स्वास्थ्य अवस्था बुझ्नुको साथै उच्च मनोबलका साथ रहन दिनु भएको सहानुभूतिले मलाई आत्मविश्वास बढ्नुको साथै सकारात्मक ऊर्जा प्राप्त भई कोरोना भाइरसलाई सजिलै जित्न सफल भएको मेरो अनुभव रहेको छ। त्यसैले कोरोना संक्रमित व्यक्तिलाई घृणा, अपहेलना गर्ने हैन सम्मान, सहयोग र सहानुभूति दिने हो जसले गर्दा संक्रमितलाई सकारात्मक ऊर्जा प्राप्त भई आत्मविश्वास बढी रोगप्रतिरोधात्मक क्षमताको विकास हुँदा कोरोनालाई सजिलै जित्न सफल हुनेछ।

अतः कोरोना जो कसैलाई पनि लाग्न सक्छ त्यसैले सबैलाई मानवीय र मित्रवत व्यवहार गरौं । कोरोना डर त्रासले हैन सजकता र सतर्कताको साथै सकारात्मक सोंच, उच्च मनोवल र दरिलो आत्मविश्वासले सजिलै जित्न सकिन्छ। कोरोनाबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं । ♦♦♦

## गजल



✍ **त्रिभुवनचन्द्र वाग्ले**

हाँसो लिई शोधभर्ना आँशु सधैं दियौं किन
हजार मुख हेरीहेरी सियोजस्तै खियौं किन

कति वचन कति घुर्की कतिकति गाली गरी
दिनभरि च्याती मुटु साँझपख सियौं किन

खाई बस्यौ कन्दमूल राम भजी दिनभर
टाँसिएर मेरै देह साँझ पख पियौं किन

भाँडाकुटी खेलेजस्तै गर्नुपर्ने घरजम
आमा हुने बाटोछाडी कन्याबुढी जियौं किन

सबै भोक भोजनले भरिएन भन्थ्यौं तिमी
सधैं भोकी सधैं प्यासी, प्यासी प्यासी थियौं किन

# ३ .चिउरीको विवाह



✍ **यशु श्रेष्ठ**

संघार नाघेर चिउरी मङ्गलेको घरभित्र पसेको केही दिनपछि माइत आई। अचेल पनि यदाकदा मङ्गलेसँग जङ्लमै उसको भेट हुन्थ्यो । अब चिउरी मङ्गलेसँग खुलेर गफ गर्न थालेकी थिई । कहिलेकाहीं उनीहरू वल्लो पाखा र पल्लो पाखामा गिठ्ठा भ्याकुर खोज्दै पुगेका हुन्थे । चिउरीलाई पल्लो पाखामा देख्ने बित्तिकै मङ्गले सुसेल्थ्यो । चिउरी पनि उसले देख्ने गरी खुल्ला ठाउँमा आईपुग्थी । मङ्गले पात बजाउन सिपालु थियो । उसले र अरूले बजाएको पात चिउरी सजिलै छुट्याउँथी । पातसँगै मङ्गले डाँडै गुन्जिने गरी गीत गाउँथ्यो :

'वारी पाखा न्याउली रून्ने पारी पाखा म रून्ने,
एकान्तमा भेटै नहुने ।'

चिउरी पनि के कम गीतको जवाफ गीतमै यसरी फर्काउथी :

'कति बस्नु वल्लो डाँडा पल्लो डाँडा हेरेर
आऊ छिट्टै जन्ती लिएर'

नभन्दै एक दिन मङ्गलेका गाउँबाट धेरै जना मान्छे चिउरीको माइतमा आए । अब भने उनीहरू सधैंका लागि चिउरीलाई लान आएका रहेछन् ।दुवैका बुबाहरूमा सल्लाह भएर आजको दिन टुङ्गो भएको रहेछ । जन्तीहरूको बिचमा एउटा सिङ्गै सुँगुर नल लाएर बोकिएको थियो । ४/४ जनाले कुखुराको भाले च्यापेका थिए । ४/४ पाथीको रक्सीको ग्यालन पनि सँगै ल्याएका थिए । दुई जनाले केराको सिङ्गै घरी बोकेका थिए । एउटा थुन्चे रातो नातोले बेरिएको थियो । सायद यसभित्र सेलरोटी हुनुपर्छ । चिउरीको छिमेकीहरू पनि आए । कोही खाना बनाउन थाले, कोही जन्तीको स्वागत गर्नेतिर लागे । केही बेरमा भात भान्छाको पनि तयारी भयो । बेहुला र बेहुली केही सामानहरू मिसाईयो जन्तीले ल्याएका र माइततर्फका भालेहरू

काटिए । सुँगुरको मासु पनि तयार भयो । चिउरा, रोटी, भात, तरकारी अचारको परिकार तयार भयो । गुन्द्रीमा सबै ढसमस्स बसेर खान थाले । सबैको रोजाइ रक्सी, जाँड र मासु नै बन्यो । पहिले जन्ती र त्यसपछि घर गाउँलेले खाँदा पकाइएका सामान ठिक्क भयो । नपुग पनि भएन, धेरै बढी पनि भएन ।

खानापछि लरबरिएको स्वरमा केही केटाहरूले गीत गाए । केटीहरूले त्यसको जवाफ दिए । एक जना बुढा मान्छे लौरी टेकी नाच्दै थिए । जाँडले मातेको जिउ थाम्न सकेनन्, नाच्दा नाच्दै ढले । हा.. हा .. हा..सबै हाँसे। उनी उठेर र फेरि नाचन थाले ।


घरभित्र चिउरीलाई सिँगारिदै थियो । केटा पक्षले ल्याएका नयाँ लुगा लगाउन आमा र दौतरीहरूले सघाँउदै थिए । केही बेरमै कपाल कोरीबाटी गरी टीका, गाँजल लगाएर ऐनामा हेर्दा चिउरी साँच्चीकै राम्री देखिई ।

नाच गान र रमाइलो गर्दा गर्दै दिन ढल्क्यो । अब भने जन्ती पक्ष हडबडाए । 'ढिलो नगरौं परै पुग्नुछ ।' कसैले भन्दै गरेको पनि चिउरीले सुनी । चिउरीको बाको निर्देशनमा खाजा खुवाइयो । इच्छा हुनेले फेरि पनि जाँड रक्सी थपे चिउरीलाई उसकी आमाले घरभित्रबाट बाहिर ल्याइन् । उसका दायाँ बायाँ सङ्गी साथीले समातेका थिए । “ल हजुर हामी अलि निरास छौं । त्यसमा पनि म त झन् रोगी । धेरै मालताल जोड्न सकेनौं । दाइजो दिन सकेनौं । यत्ति नै हो ।” चिउरीका बाले भन्नु भयो । चिउरीले देखी एउटा थुन्चेभरि खाने पकाउने भाँडाहरू राखिदिएका थिए । ती मध्ये केही नयाँ थिए केही पुराना थिए । तिनमा हँसिया, खुर्पेटो, बाण, खुकुरी, खन्ती जस्ता जङ्गलमा सिकार खेल्दा, तरूल खन्दा चाहिने केही सामानहरू पनि थिए ।

केही बेरमा चिउरी अघि लागी । उसका पछिपछि जन्ती र घर गाउँले लागे । पर भन्ज्याङमा पुगेपछि जन्ती र घरगाउँले छुट्टिए । जन्ती जति अघि बढे घरगाउँले जति उभिए । उसले देखी त्यो सानो छाप्रो-जसमा उसको बाल्यकाल बित्यो, ऊ जस्तै गरी रोइरहेको छ, उदास.. उदास .. ।

♦♦♦

# रचनात्मक सिप धुल्याउला स्मार्ट फोनले



✍ चिरञ्जीवी लामिछाने

के तपाईंका बालबालिका मोबाइल, टिभी वा कम्प्युटर स्क्रिनमा चाहिने भन्दा बढी समय बिताएर हैरान हुनुहुन्छ ? उनीहरूको स्क्रिन टाइम बढी छ भने त्यसलाई कम गराएर उनीहरूलाई पढाइलेखाइ तथा रचनात्मक काममा सक्रिय बनाउन चाहनुहुन्छ कि चाहनुहुन्न ? यदि तपाईं अभिभावक हुनुहुन्छ र साँच्चै चिन्तित हुनुहुन्छ भने अब गम्भीर बन्ने बेला भइसक्यो । स्क्रिन अर्थात मोबाइल, टिभी वा कम्प्युटरमा अधिक समय बिताउनाले बालबालिकामा नियमित अध्ययनमा समस्या लगायत विभिन्न खाले शारीरिक, मानसिक तथा मनोवैज्ञानिक समस्या आउने कुरा अध्ययनहरूले देखाइरहेका छन् ।

स्क्रिनमध्ये पनि मोबाइलको प्रभाव अधिक देखिन थालेको कुरा अध्ययनहरूले देखाइसकेका छन् । अनलाइन न्युज पोर्टल पिजनखबर डट कमले लेखेको समाचार अनुसार विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) ले मोबाइल फोनको बढी प्रयोग नगर्न चेतावनी दिएको छ । डब्ल्युएचओका महानिर्देशक डा. टेड्रोस अधानोमले मोबाइल फोनको प्रयोगले बच्चाहरूमा गम्भीर असर परिरहेको बताए । मोबाईल फोनबाट उत्पन्न हुने रेडियो विकिरणले मानिसहरूको आँखा, मुटु, कलेजो तथा फोक्सो र दिमागमा बढी असर गर्ने गर्दछ । त्यसैले डब्ल्युएचओले मोबाइल फोनको अत्याधिक प्रयोगलाई घातक मानेको छ ।

वर्तमान अवस्थामा हेर्दा मोबाइल फोन नै मानिसको सबभन्दा मिल्ने साथीको रूपमा परिणत भइरहेको छ । मोबाइल फोनको बहुउपयोगी गुणले गर्दा यसले जति छिटो मानिसलाई आफ्नो वशमा पारिरहेको छ त्यति नै धेरै खालका समस्याहरूमा पनि मानिसलाई फसाइरहेको छ । यहाँ उठाउन खोजिएको कुरा चाहीं मोबाइलबाट रचनात्मक क्षमताको विकासमा पारेको बाधाका बारेमा

हो । मोबाइल फोनले व्यक्तिको आँखामा मात्र नभई दृष्टिकोणमा, शरीरमामात्र नभई मन र मगजमा गम्भीर असर गरिरहेको छ भने तथा संसारलाई मात्र साँघुरो नबनाई विचार र सिर्जनात्मकतालाई पनि सङ्कुचित बनाइरहेको पाइन्छ ।

उदाहरणका लागि फेसबुक प्रयोगका क्रममा सामान्यतया देखिने गरेका कुराहरूलाई नै लिऊ । यो चलाउने क्रममा कुनै पोस्टमा कुनै कुरा कमेन्ट लेख्नु पऱ्यो भने अरूले के कस्तो कमेन्ट गरेका छन् त्यसैलाई कपी गरेर राखिदिने चलन देखिन्छ । त्यस्तै कुनै मन परेको भनाइलाई धेरै मानिसले स्रोत उल्लेख नै नगरी आफ्नै भनाइ हो जसरी राखिरहेको पनि प्रशस्त देखिन्छ । फेसबुक चलाउने मध्ये कमैले मात्र आफ्ना मौलिक कुराहरू त्यहाँ राख्ने गरेको पाइन्छ । यहाँ भन्न खोजिएको के हो भने मानिस सबैले आफूलाई अरूभन्दा फरक तथा सिर्जनशील देखाउन खोजिरहेका हुन्छन् । तर धेरैजसो मानिसहरू त्यही कुरामा चुकिरहेका देखिन्छन् । फेसबुक त एउटा उदाहरण मात्र हो । मोबाइलको प्रयोगबाट अनेक किसिमले मानिसको रचनात्मक शैली धूलो भइरहेको हामी पाउँछौं ।

धेरैजसो मानिसहरू सामाजिक सञ्जालमा आउने रमाइला र अचम्मका पोस्ट, समाचार, भिडियो, फोटो तथा 'ट्रोल'हरू हेर्दै त्यसैत्यसै दङ्गदास परिरहेका र अरूलाई पनि त्यही कुराहरू देखाइरहेका र सुनाइरहेका भेटिन्छन् । त्यस्ता सामग्रीहरू तयार गर्ने मूल व्यक्तिहरू त कुनै न कुनै रूपले रचनात्मक खुबी युक्त देखिन्छन् तर ती कुरा हेरेर मात्र मज्जा लिनेहरूको रचनात्मक क्षमता चाहीं के हुन्छ भन्ने चिन्ताको विषय हो ।

हुन त मोबाइलमा रचनात्मक सीप बढाउने एपहरू पनि नहुने होइनन् । ड्रोइङ्ग गर्न सिकाउने एप, इ-बुक, कुनै पनि नयाँ कुरा सिकाउने भिडियोहरू, शब्द भण्डार, सामान्य ज्ञान, समयसामयिक प्रसङ्ग र त्यससम्बन्धी विविध दृष्टिकोण तथा कुनै पनि आफ्नो रूचिका प्रशस्त सामग्रीहरू मोबाइलमै प्राप्त गर्न सकिन्छ । यति धेरै हुँदाहुँदै पनि मोबाइलले यस्तो बनाइसकेको छ कि मानिसको हातमा परेपछि दिमाग एक ठाउँमा केन्द्रित हुनै सक्दैन । मोबाइलका धेरै कुराहरू एकै पटकमा प्रयोग गर्ने चटारोमा देखिन्छन् मानिसहरू। मोबाइल चलाउँदा चलाउँदै मानिसहरू सजिलै 'मङ्की माइन्डेड' भइरहेका हुन्छन् ।

स्मार्ट फोनमा रहने गरेका विभिन्न एपहरूमा रहने अनेकौं फिचरले मानिसको ध्यान यसरी तानेको हुन्छ

कि मानिसलाई घण्टौं घण्टा बितेको पनि पत्तै हुँदैन । यसरी समय बिताउँदा व्यक्तिले बढी मात्रामा आफूलाई एउटा ग्राहक वा प्रयोगकर्ता भन्दा बढी सोचिरहेको हुँदैन भने कुनै विषय केन्द्रित हुन पनि पाइरहेको हुँदैन । त्यहाँ भेटिने अनेकौं महत्वकांक्षी कुराहरूले गर्दा मानिसको मन रचनात्मकतातिर भन्दा देखावटी संसारतिर बढी केन्द्रित भएको पाइन्छ । आफ्नो अमूल्य समय नाश मात्र नभएर स्मार्ट फोनको प्रयोगले मानसिक रूपमा बेचैन र तनावग्रस्त, शारीरिक रूपमा कम तन्दुरूस्त र सामाजिक रूपमा हेर्दा बढीभन्दा बढी आत्म केन्द्रित बनाइरहेको छ ।

बढी चलेका मोबाइल एपहरू जस्तै टिकटक, फेसबुक, युट्युब, गेम एप्स, फोटो इडिटिङ एप्स आदिको प्रयोगको अवस्थालाई हेर्दा मानिसको सिर्जनात्मक क्षमता त्यतिभित्रै सीमित होला कि भन्ने डर पनि हुन थालेको छ । यस्ता एपहरूलाई नै कसैले सुटिङ स्पट, कसैले रङ्गशाला, कसैले रङ्गमञ्च, कसैले फोटो स्टुडियो तथा कसैले तर्कशालाका रूपमा प्रयोग गर्दै गरेका देखिन्छन् । यसरी तयार हुने भर्चुअल रचनात्मकताले मनिसको व्यक्तित्व विकासमा कस्तो भूमिका खेल्न सक्ला ?

कतिपय अभिभावकले आफ्ना बच्चाबच्चीले मोबाइलमा वा ग्याजेटमा नयाँनयाँ कुरा चलाउन जानेमा एक किसिमको गौरव बोध गर्ने गरेको पनि देखिन्छ । आफ्ना बच्चाबच्चीलाई आधुनिक जमाना अनुसार अघि बढाउन सकेको सम्झेर उनीहरू मक्ख भइरहेका हुन्छन् । तर धेरैजसो अभिभावकले यस्ता समानहरू उनीहरूलाई दिनु अघि त्यसमा के कस्ता कुराहरूमा केन्द्रित गराउने तथा त्यसमा बिताउने समय र त्यसबाट सिक्ने कुरालाई कसरी व्यवस्थित बनाउने भन्ने कुरा मतलब गरिरहेका हुँदैनन् । मोबाइल तथा अन्य ग्याजेटहरू हाम्रो जीवनमा महत्वपूर्ण त भएकै छन् तर यिनीहरू चक्कुजस्तै बन्न पुगेका छन् हाम्रा लागि । प्रयोग गर्न जान्ने हो भने धेरै काम लिन सकिने तर नजानेमा धेरै हानि गराउने खालका । यिनीहरूबाट रचनात्मक सीप हासिल गराउन शिक्षक र अभिभावकले पनि यसलाई सावधानीपूर्वक र व्यवस्थितसँग प्रयोग गर्ने ज्ञान दिनु जरूरी छ । नत्रभने परिणाममा हेर्दा बालबालिकाको रचनात्मक शैली सकिँदै जान बेर लाग्दैन ।

निष्कर्षमा भन्नुपर्दा स्मार्ट फोनले मानिसको ध्यानलाई दशतिर छरेर कुनै कुरामा केन्द्रित हुनै दिइरहेको छैन । यसले गर्दा मानिसले आफ्नो खुबी र रूचिलाई राम्ररी बुझ्न नै सकिरहेको छैन । आजको जमानामा

स्मार्ट फोनबाट एकदमै कम मानिसहरूले आफूमा सिर्जनात्मक सीप विकास गरिरहेका छन् भने बढीभन्दा बढी मानिसहरू यसको दलदलमा फसेर निस्कनै नसक्ने अवस्थामा छन् ।

अन्य कतिपय आफूलाई सिर्जनशील र रचनात्मक देखाउन खोज्नेहरू चाहिँ 'कपी पेस्ट एक्सपर्ट' बन्ने बाटोतिर बढिरहेका देखिन्छन् । स्क्रिन कल्चरलाई व्यवस्थित बनाएर लैजान नसकेमा तपाईं हामी जोसुकैमा भएको रचनात्मक सीपलाई यसले धुलोपीठो नपार्ला भन्न सकिन्न ।

♦♦♦

कविता

# प्रहरी सेवा



✍ **प्र.ना.नि. घनश्याम नेपाल**

सेवामा दिनरात खट्न सकिछौ दंगै छ सारा जन
साथी सबैको बनेर जनको आत्मा खुशी भै कन ।
बाढीले दुःख दिन्छ यसरी हाम्रै भुमिमा किन
खोलो आउँछ आँधिबेरिसितले पार्दिन्छ कालो दिन ।

होला भै झगडा स-सानु नभनी ठूलो र सानो महाँ
पुग्नै पर्छ उफ्रेर भित्री मनले संग्राम होला त्यहाँ ।
चोरीको बदमासी हुन्छ कहिंता जल्दी नपुग्यो भने
एकै क्षणमहाँ सखाप गर्ने त्यस्तो छ जत्था पनि ।

माटोको कति ओज हुन्छ गणना गर्दै छ जानू पनि
देखेको जति हुन्छ आश भरिको हेर्नू छ ज्ञानी बनि ।
धेरै कर्म छ गर्न शान्ति सुरक्षा बोकेर जिम्मा उति
बर्दीका प्रहरी सधैं रखवारी गर्दैछ सक्ने जति ।

जिम्मेवारी हजार जो छ अझ लौ चौरासी भन्दा बढी
पाएको गहना छ आज अहिले पैरेर हेर्ने घडी ।
एसीया भरिको छ माझमा उत्कृष्ट संधै हुने
के जादू छ यहाँ म देख्छु जहिले संगै छु छाता मुनी ।।

कथा

# एउटै दोबाटो



✍ यम रेग्मी

'बिहानै चार बजे उठ्छु भनेको मान्छे हेर त ६ बजिसक्यो । अझै उठिस्या छैन् । आज घटस्थापनाको दिन । घरमा कामको पहाड छ । बबई पारी धारपानीका मानिस समेत मन्दिर पुगेर फर्किसके । भोलि पर्सिको निद्रा पनि हजुर आजै पुऱ्याउन पऱ्या छ ? ल... ल... छिटो उठिस्यो । म रेडी भइसके' सलिना नुहाएका चिसा हातले प्रदिपको टाउको हल्लाउँदै बोली ।

प्रदिप आँखा मिच्दै जुरुक्क उठ्यो । सधैं अल्छी गर्ने ऊ । आज अल्छी गरेन । घाँसीले बन्छो घाँसको मुठो काँधमा फालेझैं हेड्गरबाट दाया काँधमा टाबेल फाल्यो । बाया काँधमा बन्डी र कट्टु राख्यो । ऊ ब्रसमा कोल्गेट राख्दै बाथरूममा छिऱ्यो ।

ऊ केही बेरमै बाथरूमबाट नुहाएर कोठामा आयो र तयार भयो । सलिनाले छोराछोरीलाई तयार पारिसकेकी थिई । सलिना छोरालाई स्कुटीमा पछाडि बसाली । प्रदिपले सानो छोरालाई बाइकको अगाडि बसाल्यो । केही छिनमै दुबै अम्बेश्वरी मन्दिरमा पुगे ।

उनीहरू पुग्दा मन्दिर भक्तजनहरूले रमाइलो मेलाझैं बनिसकेको थियो । एक त सधैंभरि मानिसको घुइँचो लाग्थो दुर्गाको मन्दिर । त्यसमाथि झन नवदुर्गाको समय । मन्दिर परिषद्मा खुट्टा राख्ने ठाउँ थिएन। दर्शनार्थीहरू मूल मन्दिरमा गेटभन्दा बाहिरसम्म लाइन थिए । सहायक मन्दिरहरूमा पूजा गरेर फर्किए ।

छोरीले नास्ता खाने कुरा गरी । नास्ताको लागि डोको होटलमा पसे । प्रदिपले परिवारको रुचि अनुसार नास्ता मगायो । ऊ मिनिरल वाटरको बिर्को खोलेर पानी चार वटा गिलासमा राख्यो र मुसुक्क हाँस्दै बोल्यो, 'आज मेरी भक्तिनी सलुले गडसँग के के वरदान माग्यौ त ?'

'सुख, शान्ति, समृद्धि र हजुर महासयको दीर्घसाथ' बिहानीको घामको लालीमा हिमाल मुस्कुराएझैं मुस्कुराएर बोली। 'तिमीलाई गडप्रति विश्वास छ ?' सलिनाको आँखामाथि आफ्ना आँखा

राख्दै बोल्यो । (नास्तिक बनेर निस्तेलेझैं गडको डेडको घोषणा गर्ने सक्ने सहास पनि म माथि कहाँ छ र ? हा....हा....हा... गर्दै प्रदिप हाँस्यो । 'मेरी सलुलाई दार्शनिक कुरा गर्न कसले सिकायो ?' उसले भरी गिलासको पानीबाट एक घुड्की पानी घुटुक्क पियो। 'पण्डितका घरका मुसा पनि पण्डित ।' सलिना मुस्कान र नजरको वाणले प्रदिपलाई हान्दै बोली ।

आठ वर्षकी छोरी रक्षाले आमाको कुरा बुझिन् । आमाको अनुहारमा ट्वाल्ल परेर हेर्दै बोली, 'के भनेको हो ? मामु त्यो ?' 'तिम्रो बाबालाई सोध न' सलिना अगाडि झरेको कपाललाई कानमा कोचार्दै बोली । ऊ फेरि हाँस्यो । प्रदिप पनि हाँस्यो । नबुझेरै छोराछोरी हाँसे । कोठा हाँसोमय भयो । हाँसो माथि अडर अनुसारको नास्ता पनि थपियो ।

सलिना हतार हतारमा बिहानको खाना पकाई । परिवारलाई खुवाई । छिटोछिटो भाँडा मिसी । ठूली छोरीलाई स्कुटीमा पछाडि बसाली । सानो छोरालाई अगाडि उभ्माई। किनमेलका लागि बजार लागि । दसैंको लागि घरमै खसी थियो । प्रदिपले आफ्ना साथीलाई फोनबाट बोलायो । साथीहरूसँग खसीलाई काट्ने काम गऱ्यो ।

अपरान्हको चार बजे सलिना घरमा फर्किई । घरमा खसी काट्ने काम प्रदिपले सकेको थियो । स्कुटीको डिक्की खोली । डिक्कीबाट चार ओटा पलाष्टिकका झोला निकाली । प्रदेशीझैं खुसीको कोसेली बोकेर कोठाभित्र पसी । उसको पछिपछि कोठामा सबै पसे । सबै पलाष्टिकका झोलालाई गलैंचामा राखी । फ्रिजबाट चिसो पानीको बोत्तल झिकी । आधा बोत्तल पानी तिर्खाएको बटुवाझैं घट्घटी पिई र थचक्क सोफामा बसी ।

रातो चुन्नीले निधारको पसिना पुछी । हातको रूमालले ओठको पानीको थोपा पुछी । प्रदिपको अनुहार हेरेर कोठाभरि मुसुक्क मुस्कान छरेर बोली, 'बजारमा जुन पसलमा गयो मानिसका हुलले खुट्टो हाल्ने ठाउँ छैन । नानी बाबुलाई एकएक जोर कपडा किनिदिए । किराना पसलमा मसलाहरू किने। फलफूल पसलमा फलफूल किने । मिठाई पसलमा मिठाई किने । लगेको पैसा सबै सकियो । हजुरलाई पनि केही किन्न पाएन । मैले पनि केही किनिन् ।' एक पटक फेरि दुई जनाको हाँसोको मिलन भयो ।'

सलिनाले पलाष्टिकका तीन ओठा झोलाका समान खोली । तर एउटा झोलाको खोलिन । एउटा झोलालाई काखमा राखी । प्रदिपलाई स्विटर खोल्न लगाई । उसले आज्ञाकारी

विद्यार्थीभैँ खुरूक्क स्विटर खोल्यो । झोलाबाट नयाँ ज्याकेट निकाली । आमाले पाँच वर्षको छोरालाई स्कुल जाने समयमा कपडा लगाएभैँ मिलाई मिलाई लगाईदिई ।

'कस्तो लाग्यो ? हाकिम सापलाई मेरो च्वाइस् ?' प्रदिपको गाला तान्दै जिस्किएर मायालु पाराले बोली ।

'राम्रो । साह्रै राम्रो । मेरी सलुले किनेको कुन चिज नराम्रो हुन्छ र ? तिमी पनि त कम्ति राम्री छौ र ?' सलिनालाई अंगालो मार्न खोज्दै थियो । सलिनाले औंला उठाएर पछाडि संकेत गरेपछि रोकियो । पछाडि ८ वर्षकी छोरी मोबाइलमा गेम खेल्न सारा संसारलाई भुलेर लागेकी थिई । प्रदिप शान्त मुद्रामा सोफामा बस्यो । केही समय नयाँ ज्याकेटलाई भित्र बाहिर पल्टाई पल्टाई हेऱ्यो ।

सलिना प्लेटमा एउटा स्याउ काटी । दुई ओटा सुन्तलाको फोक्काई । सुन्तलाको बोक्राले प्रदिपको गालामा हिर्काउदै बोली, 'आज रातीसम्म ज्याकेट हेरेर बस्ने कि ? खानाको बन्दो बस्तो गर्न तिर लाग्ने ?'

'आज खाना म बनाउँछु । मासुका आइटम पनि म नै बनाउँछु । सर्भिस पनि म नै गर्छु । हजूरहरू पाहुना । म कुक म्यान र वेटर पनि । हुन्छ ?' प्रदिपले सोफाबाट मुसुक्क हाँस्दै बोल्यो ।

'एस्, ओ. के' सलिनाले सुन्तलाको केस्रो लोग्नेको मुखमा राखिदिँदै बोली । 'एस् बाबा । एस् । आज बाबाले बनाएको गोटको मिट खाने । सधैं मामुले पकाएको खाएर वाक्क भइसकियो ।' छोरी खेल्दा खेल्दैको मोबाइल बन्द गरेर उमङ्गका साथ बाबालाई अंगालो मारेर बोले ।

'हेलो ! मेडम हजुरलाई पहिले के तयार पारौं । भुटुवा कि सेकुवा ?' प्रदिप जिस्केर बोल्यो ? भुटुवा खाएको खाई नै छ । धेरै दिन भयो । सेकुवा नखाको । आज पहिले सेकुवा नै खाने ? ओ. के. मेडम, सेकुवा इज नट रेडी । प्लीज वेट वान आवर । इट्स ओ.के. नो, प्रोबलम् ।

खाना पकाउन पर्दा सधैं चारकोष टाढा भाग्ने प्रदिप त्यस दिन भान्साको तयारीमा लाग्यो । सलिना कोठा सफा गर्नतिर लागि । छोरो कोठामा मस्त निन्द्रामा सुतिरहेको थियो । छोरी बाबालाई सहयोग गर्न लागि ।

प्रदिप नयाँ बुहारीकोभैँ पकाउने काममा लाग्यो । घर पछाडिबाट दाउरा ल्यायो । अगेनामा आगो बाल्यो । छोरीले भान्सा कोठाबाट मरमसला ल्याई । ऊ मासु पकाउन लाग्यो । केही मासु कराईमा भुट्न थाल्यो । केही मासुका राम्रा राम्रा पिस भिरमा उन्यो र आगोमा पोल्न थाल्यो ।

छोरीले काममा सघाई रहेकी थिई । सलिना धारामा आफ्ना, छोराछोरी

र लोग्नेका लुगा धुनमा बेस्त थिई । प्रकाशले तातो भिरको मासु प्लेट राख्न खोज्दा तातो भिर र पोलेको मासुले उसको पुरै हात पोल्यो ।

आच्छु ! मरे बा ! मरे ! भन्दै ऊ घोप्टो पर्‍यो । सलिना केही समय अगाडि लोग्नेले लगाएको फूर्ति सम्भिई । ऊ खित्का छोडेर हाँस्न थाली । छोरी के भयो ? मामु बाबालाई ? के भयो बाबालाई ? रून्चे मुख लगाएर सुक्क सुक्क गर्न थाली ।

अभै पनि सलिनाको हाँसो रोकिएन । ऊ एक तमासले हाँसी रही । प्रदिपले अथाहा पीडा भएको थियो । उसको होस बसमा थिएन । हाँसी रहेको श्रीमतीलाई उसले राक्षसको रूप देख्यो । ऊ रिसले आगो भएर बोल्यो, 'मलाई दुःख पर्दा किन हास्छेस् यसरी ? म अभै मरेको छैन । म मरे पछि हाँस्लिस् ।' अभै पनि सलिनाको हाँसो रोकिएन । उसको हाँसो हाहा....... हाहा....... बाट हिहि...... मात्र भर्‍यो । उसले पहिलेको भन्दा भन रिसायो । जिन्दगीको पढेको, सुनेको तर कहिले प्रयोग नगरेको अस्लिल शब्द प्रयोग गर्दै गाली गर्‍यो।

एटम बम भन्दा कडा शब्दले उसको हाँस्दाहाँस्दैको हाँसो टक्क रोकियो । हाँसो मात्र कहाँ हो र ? कपडा धुदाधुदैको हातको साबुन हातैमा टक्क रोकियो र भुइँमा प्यात्त खस्यो । शरीरमा बग्दै गरेको रगत टक्क रोकियो । छातीमा बग्दै गरेको सास टक्क रोकियो । उसलाई आफूले टेकेको धर्ती भासिएभैं लाग्यो । भनभनी रिङ्गाटा लाग्यो । निधारबाट खलखली पसिना आयो । कपडा धुदाधुदै बेहोस भएर बङ्ल्याङ्ङ पल्टिई । टाउको सिमेन्टको भुइँमा ठोकियो । निधारबाट मूल फुटेभैं रगत भलभली बग्न थाल्यो । प्रदिपले कुनै वास्तै गरेन ।

केही समय पछि आँखा खोली । आलो सुत्केरीभैं शरीर कामी रहेको थियो । दायाँ हातमा आँखा लगाई । चुरा फुटेर किरिया बसेको महिलाभैं बुच्चो देखी । शरीरको दायाँ भाग साबुनको फिँजले निर्थुक्क भिजेको थियो । मुख सुक्का भएर सास फेर्न गाह्रो भएको थियो । कपडा धुदाधुदैको मगमा अलिकति पानी थियो । दुई घुट्की त्यही पानी खाई । केही सहज भयो । टाउको फुट्लाभैं दुखेको थियो । टाउकोमा हात पुऱ्याई । हातमा चिसो लाग्यो । हात हेरी । हातभरि रगत देखी । कोही छ कि भनेर वरपर हेरी । कोही देखिन । आफ्नो अवस्था देखेर आफैलाई दया जागेर आयो । मन थाम्न सकिन । केही बेर घोप्टो र बर्र आँसु खसाली ।

सूर्य पश्चिमको डाँडाबाट तल भरिसकेको थियो । एकछिन मै भम्मक रात पर्‍यो । ठूलै अप्रेसन पछिको

बिरामीझैं उठी । सुस्तरी कोठामा आई । कोठा सुनसान र अँध्यारो थियो । कोठामा कोही पनि थिएनन् । केही नदेख्दा झनै छट्पटी भयो । कहाँ गए होलान् साँझको बेलामा ? आफैले आफैलाई प्रश्न गरी । कोलियाको बत्ती बाली । लोग्नेको बाइक हेरी । देखिन । छोराछोरी सुत्ने पलङमा मस्तसँग मोबाइल सुतिरहेका थिए । सुतेको मोबाइल उठाएर फोन लगाई । सायद मोबाइलाई पनि उठाएकोमा रिस उठेछ क्यारे ? उसले रिसाएर बोल्यो, 'तपाइले सम्पर्क गर्नुभएको मोबाइलको स्वीच अफ गरिएको छ ।' फोनलाई पलङमा पछारी । कपडामा पछारियो । जसले गर्दा मर्नबाट बच्यो तर पुरै घाइते भयो ।

पुरै रात आँसुमा बित्यो । पूर्वमा नयाँ उमङ्ग लिएर सूर्य उदायो । झ्यालबाट घामका किरणहरू कोठा भित्र छिरे । मन नलाई नलाई उठी । टाउको सय किलो फलामको ढकझैं गरूङ्गो भएको थियो । आँखा मिच्दै वरण्डामा आई । कुर्सीमा थचक्क बसी । चुलोमा आँखा लगाई । चार वटा बिरालाले रमाई रमाई दशैं मानिरहेका थिए । यो दृश्य आँखाले हेर्न सकेन । बल गरेर जुरूक्क उठी । सबै जुठा भाडाहरू जम्मा पारी र सफा पारी । हिजोको धुदाधुदैको बाँकी लुगा धोई । टाउकामा गहिरो चोट थियो । आफू बिरामी भएको अफिसमा जानकारी गराई । अस्पताल जाने तयारीमा लागि ।

प्रदिप नौ बजे छोराछोरीसित घरमा आयो । केही बोलेन । सरासर कोठामा गयो । अफिसको युनिफम लगायो । बाइक टिपेर अफिसतिर लाग्यो । स्कुलले बस आउने बेला भएको थियो । छोरी आमासामु नगएर विद्यालयको युनिफर्म लगाई झोला बोकेर स्कुल तिर लागि । सानो छोरो मेरो मामु भन्दै आमाको कोठामा पस्यो । केही बेरसम्म छोरालाई सुम्सुमाउदै अंगालोमा कसी । छोरालाई स्कुल पठाई । आफू राप्ती उप-क्षेत्रीय अस्पताल गई । अस्पतालमा डाक्टरले घाउ हेरेर र जमेको ब्लडलाई सफा गर्दै भन्यो, 'कसरी लाग्यो यस्तो चोट ? बाह्र पन्ध्र वटा जति टाका लगाउनुपर्छ ।'

हिजो बरण्डामा लडे सर ।

कति रगत बगे होला यति ठूलो घाउ हुँदासम्म किन हिजै अस्पताल नआएको त ? सलिना केही बोलिन ।

घरमा कोही छैन ?

सबै छन् भन्ने भाव टाउको हल्लाएर संकेत गरी । 'घरका अरू मान्छे पनि कस्ता मान्छे हुन् । यति ठूलो घाउ हुँदासम्म तत्कालै अस्पताल नपुऱ्याउने ।' डाक्टरले पिसापदेखि लिएर सिटिसक्यानसम्म गर्न लगाए ।

केहीबेरमै रिर्पोट आयो । रिर्पोट हेर्दै उनले भने, 'टाउकोमा धेरै ठूलो घाउ

छ । एक ठाउँ पनि रगत जमेको छ । औषधी लेखिदिन्छु । सकेसम्म औषधीले नै ब्लड फाट्ला । एक हप्ता पछि आउनुहोला । फेरि सिटिसक्यान गरेर हेरौँला । औषधीले काम गरेन भने अप्रेसन गर्नुपर्छ । जुन दाङमा सम्भव छैन । काठमाडौं नै जानुपर्छ ।' ऊ थाकेको शरीर र गलेको मन लिएर घरमा आई । दिउँसै लामलुम परेर सुती । निन्द्रा नपरेकोले आँखा खुर्सानी भएका थिए । पलङमा पल्टिई । तर निन्द्रा पलङमाथि चढ्न सकेन । डाक्टरले भनेका कुरा झल्यास सम्झिई । लोग्नेप्रति घृणा जागेर आयो ।

आफूले आफैँलाई अनेकौ प्रश्न गर्न थाली, 'कस्तो लोग्ने हो मेरो ? स्वास्नीलाई दुःख पर्दा घर छोडेर भाग्छ ? आफू मात्तिएको बेला बाहेक कति बेला माया गऱ्यो उसले ? उसको माया र खहरेको भेलमा के फरक छ ? के माया भनेकै उन्माद हो ? यौन नै माया हो ? सुख र सुन्दरता मात्र माया हुन्छ ? दुःख र कुरूपता हुँदैन ? अनुकूल मात्र माया हुने ? प्रतिकूलमा नहुने हुन्छ ? के माया एक पक्ष हुन्छ ? सुखको मात्र पक्ष लिने ? मप्रति माया नभए पनि दया त हुनुपर्ने ? दया र माया नभएको मान्छे र निर्जीव वस्तुमा केही फरक छ र ?' त्यस दिनदेखि बोलचाल बन्द भयो । छोराछोरी बाबुआमा दुवैसँग बोल्थे । प्रदिपले आफूले पहिलेदेखि गर्दै आएको काम गर्थ्यो । सलिनाले गर्दै आएको काम गर्थी । दुबै नियमित समयमा आ-आफ्ना अफिस जान्थे । नियमित समयमा घर फर्किन्थे । काम चलेपछि बोल्न आवश्यक ठानेनन् । यसरी नै हप्ता गयो । महिना गयो । छ महिना गयो । एक वर्ष बित्यो । तर बोलचाल भएन ।

एक वर्ष पछिको कुरा हो । प्रदिप साँझको खाना खायो । कोठामा गयो र टि.भी. खोल्यो । सलिना पनि साँझका सबै काम सकी । ऊ पनि टि.भी. कोठा छिरी । छोराछोरी सुतिसकेका थिए । उनीहरू दुबैको धैर्यको सिमा नाघिसकेको थियो । बाध फुट्ने काम सलिनाबाट सुरू भयो, उसले दुःखी बनेर भनी 'तिमीले मसँग नबोलेर के गर्न खोज्या ?' प्रदिप यही दिनको प्रतिक्षामा थियो। तत्कालै जवाफ दियो । 'त जे चाहन्छेस्, त्यही गर्न खोज्या ?' मतलव

आफू, बुझ, त जे चाहन्छेस्, त्यही गर्न खोज्या ।

तिमी महाँ खुनी रहेछौं ?

त महाँ स्वार्थी रहिछेस् ?

कसरी ?

तैले मलाई होइन, मेरो कमाईलाई माया गरिस् ?

तिमीले मलाई होइन मेरो यौवनलाई माया गऱ्यौ ?

तलाई मैले राम्ररी चिनी

सके । तिमीलाई झन मैले असली तरिकाले बुझिसके ।

ढिलो भए पनि बुझिस् । राम्रो भयो ? 'के मेरो मायालाई तिमीले खेलौना ठान्यौ ?' उसले प्रश्न तेसाई ।

ऊ हा...हा...हा... गर्दै राक्षसी हाँसो हाँस्यो । केही समय पछि हाँसो रोक्दै बोल्यो, 'कस्तो मायाको कुरा गर्छेस् तैले ? लोग्ने र स्वास्नी भनेका आधा आधा अंग हुन् । एउटा बिना अर्को अधुरो र अपूरो छ । एउटालाई चोट लाग्दा अर्कोलाई दुख्छ मुखले भन्दैमा माया गरेको ठहर छ ? म आज बडो आश्चर्यमा छु । जब दुस्मनलाई दुःख पर्छ । त्यस बेला पनि मानिसले कठै ! भन्छ । साँच्चै मायाका कुरा गर्छेस् भने आफ्नो अंगलाई पोलेर हाँस्ने मान्छे त मात्र देखे । यो कस्तो माया हो ? आफ्नै तनमा आगो लगाएर आफै हाँस्ने ? मलाई जबाफ दे ?


सलिना हातमा पानीको गिलासलाई भित्तामा पछार्दै बोली, 'ल, तिम्रो कुरा माने मैले । ठीक छ । म बेहोस भएर ढल्दा किन भाग्यौ त ?'

उसले राता राता आँखा पारेर भन्यो, 'कुरा स्पष्ट छ । म तलाई माया गर्दिन् । तलाई हेर्ने बेलामा नै मैले मन पराएको थिएन । घर परिवारले राम्री छे भने । विवाह गर्न कर लगाए । तलाई विवाह गरे । विवाह पछि माया पलाउला भनेर सोचेको थिए । तर पलाएन । फेरि छोराछोरी भए पछि पलाउला भनेर सोचे । छोराछोरी भए । तर कहिल्यै पलाएन । मैले माया गरिन गरिन । तैले त असली माया गर्छेस् भन्ने लागेको थियो । म ठूलो भ्रममा रहेछु । तेरो अवस्था पनि मेरो जस्तै रहेछ । तेह्र वर्ष पछि थाहा पाए । सबै कुरा थाहा पाएपछि थाहा नपाएको नाटक गर्न मलाई मज्जा लाग्दैन ।'

अब सलिना पनि तिमीबाट त मा झरी, 'ठीक कुरा भनिस्, । सबै कुरा थाहा पाएपछि नाटक गर्न मज्जा लाग्दैन । तैले आफूलाई कति महान् ठान्छस् । हो, म नहाँस्नु थियो । हाँसे । किन हाँस्यौ भनेर कहिले सोधिस् ? सोधिनस् । मेरो भावनालाई कहिले बुझ्ने प्रयास गरिस् ? अँह गरिनस् । ओ.के. ठीक छ । भोलिदेखि तेरो बाटो अलग । मेरो बाटो अलग ।' सलिना जुरूक्क उठी र छोराछोरी भएको कोठामा सुत्न गई ।

हरेक बिहानी मानिसको जीवनमा दुःख र सुखको सङ्केत ल्याएर आएको हुँदोरहेछ । साँझ डुबेको घाम दिन भएर उदायो । सलिनाले सानो छोरो टिपी र आफ्नो बाटो लागि । प्रदिपले कुनै प्रकारको प्रतिक्रिया देखाएन । सलिना आफ्नो बाटो लागि । प्रदिप आफ्नो बाटो लाग्यो । कहिले भेट नहुने बाटो । अनन्तको बाटो । ◆◆

# आमाको जीवन संघर्ष



✍ प्र.ज. पूर्ण भण्डारी

आमा एउटा संघर्षको यात्रा सँग हिँडिरहेकी, कहिल्यै नथाक्ने निस्वार्थ भावना बोकेर हिँडेकी, खोजेर नपाईने सृष्टिकर्ता नारी हुन् । जसले गर्भको त्यो अपरिचित बस्तुलाई त्यही अध्याँरो संसारबाट पहिचान हुने गरी एउटा मानिसको रूपमा हुर्काउदै कयौं कयौं असीमित दुःख कष्ट अनि असह्य पिडाहरूसँग सामना गर्दै एउटा उज्यालो खुल्ला आकाशमुनिको धर्तिमा जन्म दिन्छिन् त्यही हुन् आमा । आफूले जन्माएको सन्तानको ईज्जत राख्न बरू आफै नाङ्गो खुट्टा अनि फाटेको झुत्रो कपडा लगाएर सुख दुःखका दैनिकी जीवनसँग हिँडिरहन्छिन् । उनलाई कुनै बेला फुर्सद छैन । बिहान उठे देखि राती नसुतुन्जेलसम्म घर व्यवहार सँगै परिवार कसरी चलाउने भन्ने चिन्ताले सताईरहन्छ । अझै भनौं सपनामा पनि दिनमा गरेका कामहरूको त्यो झल्को याद गर्छिन् । पक्कै पनि भोक लाग्छ होला, थकाई लाग्छ होला अनि निन्द्रा पनि। तर त्यही आमाले जन्माएको सन्तान हामीलाई कति पनि चिन्ता छैन । घरायसी कामकाज होस् वा जंगलमा घाँस दाउरासँगैको मेलापात किन नहोस् कहिले ढाडमा बोकेर त कहिले छातीमा झुन्ड्याउँदै, हो यस्तै यस्तै यात्रासँग सँगै उनको समय बित्ने गर्छ । थकानकै कारणले होला सायद त्यही सन्तान कतिबेला त बोझ भए जस्तै बनि दिन्छ भने कतिबेला फेरी त्यही सन्तान समय बिताउने खुसीको साथी जस्तै बनी दिन्छ। तर पनि उनको मनबाट पाप अनि दुश्मनको जस्तो व्यवहार कहिल्यै हुँदैन । आफै सजाय दिन्छिन् अनि आफै पछुताउछिन् आमा आखिर कति गहिरो छ माया अनि कति विशाल छ त्यो देखाउने व्यवहार सँगैको गुण । आफू सामान्य लेखपढसम्म गर्न पनि जान्दिनन् तर आधा पेट भोकै बसेर भए पनि सन्तानको शिक्षा दिक्षामा, पालन पोषण अनि रेखदेखमा निकै ध्यान राख्छिन् । त्यही सन्तानको भविष्यका सुनौंला सपनाहरू पूरा गर्नलाई छिमेकी र अलि परको हुने खाने साहुसँग समयमै दिने गरी ब्याजमा

लिएको त्यो ऋणको चिन्ता के थाहा हुन्छ र उसलाई जति पीडा हुन्छ त्यही जन्मदिने आमालाई हुन्छ !! आमाको त्यो निस्वार्थपन प्रति सम्झनै पर्ने दिनमा पनि हामी एक पटक मिठो शब्दले जहाँ जस्तो सुकै अवस्थामा भए पनि सम्झिन सक्छौ होला नि । तर भुलिरहेका हुन्छौ अनि म ब्यस्त थिए भन्ने खबर पुऱ्याउछौं।

आखिर हुर्काउदै संस्कार सिकाउँदै यही व्यस्तताको जीवन सम्म ल्याउने त्यो विशाल देन आमाकै होईन र ? बुबाको त्यो डर लाग्दो रिस अनि गालीबाट जोगिदै लुकाएर सुटुक्क मीठो खानेकुरा दिने पनि आमा नै हुन अनि, धारिलो चिज बस्तुले आफ्नो शरीरको कुनै अंग काटिदा पनि रगत बगिरहन दिने तर एउटा सन्तानको एक थोपा रगत बगेको पनि हेर्न नचाहने कोमल हृदय भएकी नारी आमानै हुन । त्यही आमाको सन्तान हामी व्यावसायिक जीवनमा पुगेर अलिकती हुने खाने, जान्ने बुझ्ने भएपछि र सुख सयलको त्यो अवस्थामा पुगेपछि आमालाई समय दिन पनि भ्याउदैनौं । कहिलेकाहीं दुई चार पैसासँगै मीठो वचनले बोल्दा खासै के बिग्रन्थ्यो र । तर दुःखद कुरा थोरै स्वार्थपन तिर ढल्किएको व्यवहार देखाउछौं अनि भुल्छौं कि बाल्यकालमा एक रूपैयाँ हुँदासम्म पनि त्यही आमाले दिएर खुसी पारेको त्यो दिन साच्चिकै त्यहीं आमाले सजाई दिएको हात खुट्टा, सिकाएको संस्कार, लगाएको गुण अनि ऋण तिर्न कहिले सकिन्छ होला र हामीले यो त सोचाइ राख्दै सम्झने मात्रै हो । हामीलाई थाहा छ त्यो पूरा गर्न सक्दैनौं भन्ने कुरा तर मनमा छट्पटी लाग्छ।

हरेक दिन सम्झन्छौं कि आमाप्रतिका हाम्रा सोचाईहरू पूरा नहोलान् तर मन मस्तिष्क मुटुदेखि सम्मान खोज्दै गयौं भने अरू चिज पाईन सक्ला तर आमा भन्ने चिज पाउन सकिदैंन। दुई दिन मात्रै आमाले घर छाडीदिने हो भने त्यो घर कति शून्य हुन्छ सायद त्यो बेलामा हुने अनुभव सबैले भोगेकै छौ जस्तो लाग्छ । हामी सबैले आमाप्रतिको ऋण तिर्न सक्दैनौं केबल सम्झने मात्रै हो । हावा चल्दा हावासँग उडिरहन्छिन् पानी पर्दा पानीसँग भिजिरहन्छिन्। कठाङ्ग्रीर्दो चिसो मौसममा हात खुट्टा पटपट्टी फुट्दा पनि कुनै प्रवाह छैन। उनी न्यानो भएको महसुस गर्छिन् अनि चर्को घाममा पनि पसिनासँगै भिजिरहन्छिन् । उनको यात्रा चलिरहन्छ रोकिदैन । हो यस्तै कहाली लाग्दो कठिन अवस्था रहँदा पनि सन्तानलाई दिने मायामा कुनै कमी हुँदैन, यो अवस्थामा ल्याउने सफल नारी आमा नै हुन् । जन्माएर हुर्काउने र भविष्यको त्यो मार्गको नमेटिने रेखा कोरीदिने र हिंड्न बोल्न सिकाउने त्यही

नारी आमा हुन् । त्यही आमाले सन्तानलाई दिने गालीलाई अमृतको रूपमा नसम्झने, सहन नसक्ने तर बिषको रूपमा लिने र जीवनको उत्तरराध अर्थात अन्तिम अवस्थामा बोझ मान्दै ती वृद्ध अवस्थाकी आमालाई पारिवारिक स्वार्थमा रहँदै वृद्धाश्रम जहाँ गतिलो बस्ने ठाउँ छैन, शरीर ढाक्ने अनि ओढ्ने ओछ्याउने न्यानो कपडा छैन, त्यस्तो ठाउँमा पठाएर मनमा खुसीसँगै आनन्द लिने त्यही सन्तानको आत्मालाई कति सम्म समय सान्दर्भिक मान्न सकिएला र ! फरक ढिलो चांडो मात्रै हो शारीरिक रूपमा हातखुट्टा चल्न, नसक्ने मानसिक रूपमा स्मरण शक्ति कमी हुँदै जानु र सम्पूर्ण भौतिक शरीर निष्क्रिय जस्तै बन्दै जानु कुनै नौलो अनि आश्चर्य कुरा होईन ।

दिन समय बित्दै गर्दा भोलि हामी पनि त्यही अवस्थामा निश्चित रूपमा पुग्नै पर्ने त्यो अवस्था आउँछ । गर्न केही नसके पनि कमसेकम उनीहरूको ईच्छा के छ ? के हो भनेर सोध्नुले आत्मा केही खुसी त पक्कै मिल्न जान्छ होला नि ! म पनि त्यही आमाले जन्माएको सन्तान हो गर्न केही नसकुला तर पनि छातीमा हात राखेर एक मिनेट मात्रै भएपनि निस्वार्थले भन्न चाहन्छु ! जन्म दिने आमाप्रति माया र श्रद्धा देखाउने जीवनमा एक पटक मात्रै हो पटक पटक मौका अवसर पाउने छैनौं र त्यो मौका आईरहने छैन ।

सहज हुँदा निक्कै खुसी बनाउने तर असहज हुँदा बस्ने र आराम गर्ने बास समेत अलग्गै बनाईदिने त्यो निर्णय लिएर तनाब दिनु र वृद्ध अवस्थाको त्यो आत्मा रुवाईदिनु भन्दा एक छिन नबोलेरै बस्दा आकाश त पक्कै पनि झर्दैन होला नि त ! साँच्चिकै हो छोटो सोंचाई अनि स्वार्थ राख्नु राम्रो होईन जस्तो लाग्छ, किनकी समयको त्यही चक्र हो दिनपछि रात अनि रातपछि दिन चलिरहन्छ भोलि त्यही आमालाई वृद्धाश्रममा लखेटेर पठाउने उही सन्तान हामी जीवनको कुनै बेलामा वा त्यस्तै मोडमा पुग्दा आफ्नै सन्तानको कारण वृद्धाश्रममा आफै जानुपर्ने आउँदाको त्यही अवस्था र त्यही दिन कस्तो होला ! अनि कसरी सम्झिन्छौ होला ! आमाको त्यही अवस्थामा पुग्दा बल्ल थाहा हुन्छ वास्तविक जीवनको कहानी । जे होस् आमाकै प्रेम र सहाराले आज जीवनको यो अवस्थामा आइपुगेका छौ भन्ने कुरा बिर्सनु हुँदैन अनि जति हामीलाई आमाको माया र साथ मिलेको थियो त्यति माया अबको हाम्रो सन्ततिलाई दिन सक्छौं कि सक्दैनौं त्यो कुरालाई पनि ख्याल गर्न निकै आवश्यक देखिन्छ । परिवर्तनसँगै नयाँ कुराको सिर्जना आफैबाट सुरू गर्ने हो संस्कार, सभ्यतालाई ग्रहण अनि अनुसरण गर्न नसके पनि एकपटक सोच्ने कि नसोच्ने आमाप्रति हामी सन्ततिले ।

♦♦♦

कथा

# अप्ठ्यारोसँगको बसाई



✍ **बिन्दु अधिकारी ढकाल**

उहिल्यै कतै सुनेको कुरा, सुनको महलमा बसेर जुनीभरी आँसुको पोखरीमा डुब्नुभन्दा काठको झुपडीमा रहेर शान्तिको सास फेर्न अर्कै आनन्द लाग्थ्यो । स्कुल पढ्दै गरेकी किशोरी जान अन्जान उसको मन घरीघरी के के सोच्दथी । घरीघरी के के सम्झिन्थी । शहरबाट सयौं माइल टाढा उसको गाउँ 'हरियो वन नेपालको धन' भन्ने गीत गाउँदै चारकोसे झाडी, जंगलकोबाटो छिचोलेर हिँड्नु पर्थ्यो । बर्खामास झरीमा रूझ्दाको सास्ती, स्कुलबाट घर फर्किदा साँझमा कुकुरको भुकाइ कानै चिरिएलाझैं तिखो आवाजले झुतुक्क हुन्थी ।

लामो बाटो चिम्ट्याइलो माटो उकालो कटेर कहिले आउला तेर्सो ? उसो त पल्लो थुम्के भन्ज्याङ पनि बाँकी नै थियो । त्यतिखेरको जमाना उसले कहिल्यै चप्पल लगाएकी थिइन । जुत्ता भन्ने त झन् कुन चराको नाम ? केही थाहा न पत्तो । तर त्यही साल हो कि क्या हो, बाले दशैंको लागि सर्जाम किनेर घर फर्किदा शहरबाट एक जोर झुक्के चप्पल ल्याइदिनु भा'रहेछ । जालीभन्दा पहिला निस्केको लोतीवाल झुक्केलाई फित्ते चप्पल पनि भन्थे । त्यतिबेलाको 'हात्तीभन्दा बलियो हात्तीछाप 'भन्ने प्रचार रेडियो नेपालको प्रसारण शहरदेखि गाउँ तरङ्गीत ध्वनीको त्यो आवाज कहाँ-कहाँसम्म मात्रै पुग्थेन ?

तर उसले चप्पल लाउन असाध्यै अप्ठ्यारो मानी । 'खुट्टाको सुरक्षा कवज लाउनै पर्छ छोरी, बिस्तारै बानी परिन्छ' भनेर बाले जति सम्झाउदा पनि उसले मानिन् । अहँ, मान्दै मानिन् । त्यसपछि के भयो ? अरू त के हुनु खाली पाइताला ऊ एकछिन टुसुक्क बस्दिन थिई । त्यस्तै-उस्तै प्रसङ्ग बाले भन्नुभो- 'पसिना र आँसु कहिल्यै झूटो हुँदैन किनकी पीडा नभई आँसु झर्दैन र दुःख नगरी पसिना बग्दैन । यहाँ यी दुई तत्वबीच के अन्तर सम्बन्ध छ ? खै पढ्दै जाऊ ।

समयको फड्को साँझको झन्डै पाँच बज्दो हो उता, फोन उठेन । तर किन उठेन ? बिहान घरबाट बाटो लाग्दा

मोबाइल छुटेको थिएन । लगेकै थिए । जुनाले हातमा थमाइदिएपछि खुदले बगलीमा राखेको दृष्य त मैले पनि देखेकी हुँ । हिजोआज बाटामा जहींतहीं पाकेटमारको बिगबिगी बढ्नाले हिँड्दा हिँड्दै कि कसैले झ्याप पारे ? अथवा, खेल्दाखेल्दै कतिखेर मैदानमा खसाले ? हुन त त्यता (मैदान) मा जाँदा फोन लग्थेनन्, त्यो समय बरू स्वीच अफ हुन्थ्यो । त्यसकारण बुझिन्थ्यो कि जुनाका श्रीमान् घतबहादुर व्यस्त छन् ।

मनमा के के सोचेर हो कुन्नी जुना फेरि आफ्नै तानामाना तिर ध्यानमग्न भई । उसको मन मात्रै हैन, फरक थियो परिवेश पनि। झन्डै हप्तादेखि नखुलेको आकाश थाहा थिएन अझै कतिन्जेल नहट्ने हो बादल । न छ्याङ्ग फाट्न सकेको थियो बादल न त झमझम पानी नै परेको थियो। अतः मन आकुलव्याकुल थियो त्यसरी फजुल हुनुभन्दा बरू ल्याप्टपमा गयो मन । उहीबेला एक जना मित्रले म्यासेन्जरमा फोन गरे । एउटा लेख तयार पार्न जुनाको सहयोग चाँहिएको कुरा नढाटी खुलासा गरे तिनले । आफूलाई जो था' थियो जुनाले पनि मद्धत गरी । 'म्यामले पनि दशैं सन्दर्भ खुलाएर नागरिक दैनिकको लागि एउटा लेख लेख्नु है भनेर उनी म्यासेन्जरबाट ओझेल परे ।

आफूले थालेको काम नसकुन्जेल जुनालाई मनमा चैन मिल्दैनथ्यो । तनमा बेचैनको रडाको पनि उराठ लाग्दो उदास दिनभन्दा, कामको मेलोमेसो मनभित्रैबाट चित्त नबुझुन्जेल- त्यो त झन् कसरी टुङ्गिन्थ्यो ? अतः उसबेला देखिको खुल्ला ल्याप्टप बन्द गर्ने कुनै शंकेत थिएन ।

व्यक्ति चाहे कर्ता होस् वा कार्यकर्ता उर्जा रूपी मानव शरीर मानसिक रूपमा तयार नभए कामको भार वाक्कदिक्क पनि लाग्थ्यो कि ? तर जुनाका सन्दर्भमा जुन लगाव र धैर्यता थियो । कहिल्यै पछाडि फर्केर हेर्नुपरेन । छापामा काम गर्ने एक सञ्चारकर्मी हुनुको कारण समुन्द्रमा बगिरहने पानीझैं अक्षरैअक्षर भएर आउँदा स्वयंलाई पनि चन्द्रमा पुगेको महसुस हुन्थ्यो अरे । एकदिन उसले भनेकी थिई ।

तर त्यही काम 'बुझ्नेलाई श्रीखण्ड नबुझ्नेलाई खुर्पाको बींड' कि हैन ? प्रथम त मान्छेलाई यो जानकारी हुनुपर्थ्यो कि, मिडिया भनेको के हो ? अथवा, पत्रकारिता भनेको के हो ? त्यसपछि सिर्जनाको कुरा । जानेबुझेका कोहीले 'ठीकै' भने पनि 'आँ...वाहियात' भनेर हेय मूल्याङ्कन गर्ने जमात पनि नभएका होइनन् । यद्यपी जसले जस्तो परिभाषा गरे/गर्थे तैपनि कोहीप्रति जुनाको टाउको दुखाइ थिएन । यति हो ऊ आफ्नो काम गर्थी । त्यसबेला भने

रोज उसले गुलाफलाई हेर्थी । काँडासँगै फक्रेको उसको जवानी ! कम्ता मन पर्थेन ।

'मान्छेले जतिसुकै टाउको फोडे पनि त्यही हुन्छ, जुन हुनु छ । जतिसुकै भौतारिए पनि त्यहीं पुग्छ, जहाँ उसलाई पुग्नुछ । 'यो भनाइ खुसीका लेखक विजय कुमारको हो । साँच्चै, जुनाको जीवन पनि कुनै चलचित्रभन्दा फरक थिएन । फरक यस मानेमा थियो । विहे अघि कसैकी छोरी विवाह पश्चात ऊ कसैकी श्रीमती, बुहारी, आमा, काकी, माइजू लगायत साइनोमा बाँधिएर, अल्झिएर परिबन्धरूपी संस्कारको दायित्वमा अडिएपछि घर परिवारको जिम्मेवारी बहनको त्यत्रो बोझ बिच सास पनि कसरी फेर्थी ?

घरको चौकुना दिवाल बाहेक मन भित्रको उकुसमुकुसलाई बहसमा ल्याउन समाज अनि राष्ट्रको कुरा–भाषा सुन्ने नै पनि को थिए र ! सौभाग्य नाउँको सोह्र श्रृङ्गारले पार लगाउने भनेको सिर्फ घरधन्दा । भित्रबाहिर बढारकुडारदेखि पकाइतुल्याइ अभिभारा जति बुहारीको काम । घरका अरू सदस्यहरूले खाजासाजा बनाउन त के ढलेको लोटा पनि उठाउन मिल्दैनथ्यो । हुँदैनथ्यो । जम्मैजम्मै उसैको दिनचर्या ।

तर घामले आफ्नो स्थान खोजिरहनु पर्दैन । त्यसबारे जूनालाई पनि कुनै फिकर छैन । त्यस्तै ताराहरू, ग्रह, उपग्रह कसैलाई कुनै चिन्ता न तर्कना । युनिभर्सल सत्य बाहेक आममानिस आदिमकालदेखि स्थानको लागि लडाइ झगडा– रोइलो नगर्ने को थिए होला ?

जन्मेपछि हुर्कीबढी पढेका अरूहरूको कुरा छाडेर जुना कै प्रशङ्गमा बात गर्नु पर्दा ममतामयी आमाको गर्भबाट जुन रूप लिएर ऊ यस धर्तीमा अवतरण भई । स्वभावैले कतै न कतै, कुनै न कुनै स्थान नबनुन्जेल कहाँ सन्चले रही ? छटपटीको त्यो प्रतीक फेरि यस्तो अप्ठ्यारोसँग थिई । बसाई हेर्दा लाग्थ्यो– जुनी गयो अब ।

अर्को कुरा, जुना सरह उमेरका जो दिदीबहिनी र साथीसँगीहरू थिए । विहे, घरजम, बच्चाबच्ची भए पछि त्यहाँ भन्दा उप्रान्त कोही टसमस थिएनन् । रहर गर्थे त नयाँ नयाँ गहना र श्रृङ्गारको । रहर गर्थे त देशविदेश सयर र भ्रमणको । रहर गर्थे त २४ सै घण्टा अनलिमिटेड इन्टरनेट सेवामा मोबाइल घस्ट्याएर निस्फिक्री साथीसंगती बटुली भोज सोज मोजको तयारी । भरी बलुनझैं खोक्रो आदर्श–घरमा अनावश्यक बखेडा 'तिललाई पहाड' बनाउन बाहेक टेको न सेको... त्यस्तो पनि देखिन्थ्यो ।

तर उही समाजकी जुना रहरै रहर फूल्न खोज्थी । रनवन डालीडालीमा संसार घुन्न खोज्थी । त्यो बेला भाइचारा

कोही सहारा थियो ? त्यस्तो सहारा आहाराभन्दा पनि साँचो कुरा ऊ अप्ठ्यारोसँग थिई । पक्का । ध्रुव सत्यझैं बात कसरी झूटो हुन्थ्यो ?

तर उसको लगावमा जुनखाले अठोट थियो, समयले समेत घुडा टेक्यो । त्यो कुरा कतिलाई विश्वास लाग्छ लाग्दैन ? हैन भने, गुलाफ कसरी फूल्छ ? रङ्गीबिरङ्गी उसको चेहरा त्यस्तो काँडासँग रमाउने हिम्मत ! कसरी ढकमक हुन्छ ? कि, त्यो पनि फजुल हो ?

दशैं आउँने आउँने मौसम क्या रमणिय थियो वातावरण ! अफिस गएका श्रीमान् साँझ कतिबेला घर फर्किन्थे, कुनै अत्तोपत्तो हुन्थेन । फोन गर्दा खै उठाए ? पछि कल गर्लान् भन्दाभन्दै आशा मात्रै हुन्थ्यो । फेरि कुनै दिन पत्तो हुन्थेन, कति चाँडो घर आउथे । उही पाइतो कहिले भने बाटो हेर्दाहिर्दै आँखाको नानी फुत्तै भूइँमा होला झैं । अथवा, भूतसुत निदाउने त्यस्तो अबेला रातीसम्म पनि जून झुल्केपारा टुप्लुक्क हुन्थेनन् । त्यसपारा उनको हर्कतले परिवारलाई कति चिन्ता थोपर्थ्यो होला ?

अर्कोदिन, परबाटै देखि कोलाहाल गरेर चिच्याएको । गोधूली बेला थियो । दायाँबायाँ कसैले उपद्रो गरेर कडा बोलेका भनौं भने वरपर कतै कोही थिएनन्, । तैपनि तिनको मुहारमा त्यो चिटचिट पसिना कहाँबाट निकाल्थे होला ? लोग्नेको उचोस्वर जुना पनि आवाज खोल्नै नसक्ने चाहिं थिइन तर दोहोरो जुवारी उसलाई कहिल्यै आएन । किनभने, यौटा त छोराछोरीको बाल मनस्थितिमा पर्ने नकारात्मक असरको कुरा थियो, सायद । अर्को, लोग्नेस्वास्नी उधुमले बाँझ्नु जुध्नु भनेको कुन बढो समस्याको समाधान हुन्थ्यो ? त्यसले त उल्टो विध्वंस, बिनास अथवा उधोगति बाहेक फलिफाप थिएन ।

कोही मानिस अफिसबाट घर आएर सोफामा बस्दैमा त्यो समय कसरी पारिवारिक हुन्थ्यो ? सञ्चारको विकासे भेल फोन, म्यासेन्जर, भाइबर, इमो, युट्युव लगायत यान्त्रिक प्रविधि देश देशान्तर बोल्नु/गफिनु 'भात न पानी' राती कति बेलासम्म परिवारलाई भान्सा कुराउनु ? फेरि जुनाले गर्ने कामको मेलोमेसो शिरपुच्छार कसले बुझ्ने ? कहिल्यै मूल्याङ्कन थिएन त्यो पाटो ।

तैपनि जम्मै कुरा बिर्सेझैं एकदिन जुनाले भनि, 'अब त दशैं पनि आइसक्यो, नयाँ रूपियाँ साट्ने बेला ५ सय र एक हजार पनि जोहो गरौं कि हजुर विश्वसंसार को सँग सञ्चार थिए ? खडेरीको काकाकुल झैं प्याकप्याक्ती घतबहादुरको मुख- सुरूकै वचन बेस्सरी कड्किए र झर्किए । जुनाको बात बुझेर हो कि नबुझेर एक दुई तीन टेर्ने कुरै

गरेनन् । अहँ, पटक्कै मानेनन् । हुन त अघिपछि पनि कहिले पो स्वास्नीको कुरालाई ध्यानदिएर सुनेका थिए र !

खजाना अरू 'नोट'हरू उहिल्यै बाजेका पालादेखि कहिले कुन वर्ष साटिएन ? आवश्यकता परोस् नपरोस् धन जगेडा गर्दैमा आखिर के नै बिग्रन्थ्यो ? जति कुरा भयो सकियो, फेरि त्याँ 'भन्दा बढी रडाको मच्चाउन' कुनै तुक थिएन ।

जनस्वास्थ्य विद रविन्द्र पाण्डेको भनाइ अनुसार मान्छेको मन भनेको शरीरको ड्राइभर अरे । जता सोच्यो त्यतै पुग्ने, जता गुडायो त्यतै गुड्ने । अतः समयको पावन्दी जुनाको मन उही ठाउँमा पुगी जहाँ उसको बाल्यकालिन अतित थियो । 'त्यसबेला दशैंको रौनक आमा बुबासँगको साथ कति रमाइलो हुन्थ्यो वातावरण । मरमसला र लुगाफाटो किन्न बुबा बजार जानुहुन्थ्यो भने, ढुकुटीका धान चिउरा चामलको चाँजोपाँजोमा आमा खट्नुहुन्थ्यो । उसो त हामी भुरा पनि चुप लागेर कहाँ बस्थ्यौं र ? बढ्दो उमेरसँग त झन् पहाड बोक्ने, चट्टान फोड्ने हिम्मत साथीसङ्गी मिलेर कुममा कुम जोडेर रातोमाटो लिन जाँदाको रमाइलो, त्यो दिनको त्यो घमाइलो क्षणलाई कुन शब्दले बयान गरौं ?

बाहिर चुना लगाएर टलक्क टल्किएको घर एकापट्टी साइडमा बाली घरे दर्जीले खटखटे हातेकल (मेशीन) बाट कपडा सिलाउथे । अर्कोतिर, बाटो, दोबाटो, चौबाटोदेखि पानीधारा पँधेरा सफासुग्घर आँगनले पनि किन प्रफुल्ल मुस्कान नदेओस्, प्रकृति पनि मानवीय उल्लास नै हो नि, हैन र ? करेसा बारीको ठूलो घरी केराको बोटलाई ढालेर धुसुरका पातले छोपछाप- नपाकेर सुख थियो ?

त्यस्तै, रेडियाले थोत्राएका ब्याट्रीलाई कुटेर भित्रको धुलोबाट बनाइएको कालो रङ्गको कमाल घरका ती झ्याल, त्यो ढोका, त्यो बार्दली, त्यो बरन्डा, कौसी र जस्केला सिङ्गारपटार सिमेन्टीको जुग जमाना नभए पनि 'ढुँगालाई माटोको भर, माटोलाई ढुँगाको भर भनेझैं त्यतिखेरको त्यो चाडवाड कसका टाट्नामा बोकाखसी हुन्थेनन् ? अथवा, बारीमा फलेका लटरम्म अम्बादेखि दशैंकै लागि भनेर पाखामा साचेको लहलह भूइँ घास कतिलाई सम्झौं...?

अझ, छोरीलाई दुःख हैरान हुन्छ भनेर 'नजाऊ जुना पर्दैन' आमाले हजार बार अनेक बात सम्झाउँदा पनि नमानि नमानि डोकोनाम्लो च्यापेर ओरालो दौडेको शरीर साँझ घर फर्केसम्म तै अथवा, भोली पल्ट बिहान ओछ्यानबाट उठ्दा जीउ दुखेर हिँड्न त परै जाओस् कैडा लागेका गोडा पाइला चाल्न समेत हल्ल न चल्ल पनि थाकेझैं लाग्दैनथ्यो... ।

मानिस भनेको शरीर मात्रै नभएर भावना पनि अरे । मन, वचन र कर्मलाई व्यवहारमा जीवन्त बनाउन

'यौटा रथका दुई पाङ्ग्रा' श्रीमान् श्रीमती अथवा आमाबुबा । उहिल्यै स्कुल पढ्दा शिक्षकले बताको कुरा । उही सेरोफेरो जुनाको त्यो फोटोमा कति भावनात्मक चहक/चमक थियो ? कुन फोटो ? उही त बलिउड नायक अमिरखान र करिश्माको जोडी पिङमा भुलेका बेला... हेर्दा लाग्थ्यो, करिश्मा भन्ने नै अमिर हुन् र अमिर भन्ने नै करिश्मा ।

त्यस्तो आत्मियता अरू कोहीसँग थियो होला ? हुन त जुनाको लोग्ने पनि त्यस्तो मनै नभा'को पुरूषचाहिँ हैन थियो । घतबहादुर भनेपछि नेपालको टप खेलाडी, रनिङ्जोस्, देशभित्र मात्रै नभएर विदेश/अन्तराष्ट्रिय चर्चा परिचर्चा नामसँगै प्रसस्तै दाम पनि तर छिनछिनमा रिसाउथे । स-सानो कुरामा पनि त्यत्रो कचकच कसरी खप्थे ?

तर त्यो झर्कोफर्को फेरि घर बाहिर हैन । जब उनी घर भित्र आउँथे । बस्थे । अनि केही न केही बहाना खनिन थाल्थे । आखिर किन, कतिपय लोग्ने मानिस आफ्नो जिम्मेवारीको अप्ठ्यारा, असफलता र कुण्ठाको रिस अरू कोही नभएर आफ्नै स्वास्नी नै दोषी ठहर्छन्/ठहऱ्याउँछन् भन्ने कुराको बोध पहिला था'नभए पनि कति समय लाग्यो होला ? त्यो चिटचिट पसिनाको अर्थ- जुनाले विश्वास नगरेर भयो ?

हैनभने, कुनै दिन आकाश छुवाउने प्रशंसा गर्ने उही लोग्नेले फेरि उति नै खेर नालीमा डुबाउने निन्दा एक दिनको मात्रै कलह हो र ? हुँदाहुँदा एकदिन, जुनाको यौटा मनले भन्यो, 'छाड्दे सन्काहालाई किन कुरेर बस्छेस् ? कतै अप्ठ्यारोमा फलेको फर्सी जस्तोसँग मिनेट समय पनि किन खेर फाल्छेस्...? उही पाइतो अर्को छाया, 'चुप लाग तँ, जन्मदेखि कर्मको लेखो तारिखै हिसाब गर्दा पनि समयको फेरो पुनः कता... कोसँग अनि कसरी...?'

आफ्नै ऐनामा आलोपालो छायाँको रूप देखेर जुनाले भनि, 'तिमीहरूले कहिल्यै गुलाफ फूलेको देखेका छौ ? हुन त ऊ प्लान्ट हो तर निर्जिव होइन । आफ्नो त्यो सजिवतालाई बचाइ राख्न युगौंदेखि कुन हुर्मतले ढकमक भइरहेको छ ?

जिन्दगी जे सोचेर तिमीहरू मेरो सामुन्ने खडा भयौं तर यसको विकल्प यो वा त्यो अथवा अर्को इरादा, लक्ष्य अथवा अठोट के भनौं ? कोमल मेरो हृदयको हिसाब किताब उसलाई भगवान् मानौं या नमानौं ? जेहोस् तर अप्ठयारोसँगको बसाई बाँचुन्जेल गुलाफ सरी फूल्नु मै मज्जा छ मलाई । किनकी, जिन्दगीको अर्थ यो हैन कि, कुनै पनि कुरालाई एकोहोरो तर्फबाट मात्रै हेरियोस्....वस्तुतः जुर्मुराएका दुबै छायाँ आ-आफ्नो बाटो लागे पछि जुनाका जम्ला हात माता

दुर्गाभवानीको प्राथना पश्चात दशमी साइतको टीका 'जयन्ती मंगल काली भद्रकाली कपालिनि' भनेर त्यतै तर्फ व्यस्त भई । ♦♦♦

कविता

# लागूऔषध दुर्व्यसन



✍ **राजेशमान के.सी.**

प्रत्येक वर्ष जुन महिनाको छब्बीस तारीख ।
लागूऔषध विरूद्धको दिवस मानिन्छ ।।
विश्वब्यापी बनेको छ लागूऔषध समस्या ।
नेपाल यसमा अछुत रहने छैन अवस्था ।।
लागूऔषध दूर्व्यसनी झन्-झन् बढ्दैछ ।
नेपालमा नि यो समस्या जटिल बन्दैछ ।।
लागूऔषधले मन-मस्तिष्कमा असर गर्दछ ।
मानिसको सोच्ने सक्ति यसले कमजोर पार्दछ ।।
गाजा, चरेश, अफिम, हेरोइन यसमा पर्दछ ।
यसको दूर्व्यसनले जीवन बर्बाद गर्दछ ।।
युवाहरू बढी गर्छन् लागूऔषध सेवन ।
कुलतमा परी बर्बाद पार्छन् आफ्नो जीवन ।।
लागूऔषधको कुलतमा कोही पर्नु हुँदैन ।
आफ्नो जीवन कसैले नि बर्बाद गर्नु हुँदैन ।।
लागूऔषध दूर्व्यसनले अपराध पनि गर्छ ।
हत्या, हिंसा, चोरी, लुटपाट गर्न अघि सर्छ ।।
लागूऔषध ओसार-पसार पनि अपराध हुन्छ ।
धेरै देशले यस अपराधमा मृत्यु दण्ड दिन्छ ।।
नेपालमा नि यस सम्बन्धी बलियो कानून छ ।
कानून जतिकै बलियो समाज पनि हुनु छ ।।
कानूनले मात्र यो समस्या हल हुँदैन ।
सबै एकजुट नभई यसको निर्मूल हुँदैन ।।
लागूऔषध मुक्त समाज निर्माण गर्नु पर्छ ।
सबै मिली यो समस्या अन्त्य गर्नु पर्छ ।।

# इतिहासको पानाबाट

> प्रहरी प्रकाशनको २०४५ साल अङ्क, ३ को **द्वैमासिक पुलिस प्रकाशनमा** प्रकाशित प्रहरी नायव उपरीक्षक कल्याण तिमिल्सिनाद्वारा लिखित **बाल अपराध नियन्त्रणमा प्रहरीको भूमिका'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौँ ।
>
> – *सम्पादक*

नेपालमा मुलुकी ऐन दण्ड सजायको नं. १ अनुसार ८ वर्षभन्दा मुनिका बालकले गरेको कुनै पनि अपराधमा कानूनी दण्ड सजायको व्यवस्था गरिएको पाइदैन, तर सो भन्दा माथिका बालकले अपराध गरेमा दण्ड सजायको व्यवस्था गरेको पाइनछ । यसरी यी विभिन्न देशको बाल अपराध सम्बन्धी दृष्टिकोण र सजायको व्यवस्थालाई हेर्दा कुनै पनि देशको कानून अन्तरगत निर्धारित गरिएको उमेरको व्यक्तीले जुन समाज विरोधी कार्य गर्दछन् त्यो नै बाल अपराध हो । यहाँ समाजविरोधी कार्य भन्नाले ती बालकमा पाईने विभिन्न विशेषताहरू जस्तै स्कुल नजानु, आवारागर्दी गर्नु जुवाको अखडामा बस्नु, चोर-गुण्डा, दुश्चरित्र व्यक्तिहरूको संगत गर्नु रातको समयमा अनावश्यक रूपमा घुमफिर गर्नु, अश्लिल गाली गलौजको प्रयोग गर्नु घरबाट भाग्नु कुनै नकुनै रूपमा लागू पदार्थको सेवन गर्नु आदि कार्य आउँदछ । बाल अपराधलाई N.H. Nevmeyar ले राम्रो तरिकाले परिभाषित गरेका छन् "A deliquent is a person of under age who is guilty of anti social act and whose misconduct is an infraction of the law .

## नेपाल प्रहरीसम्बन्धी केही जानकारीहरू

- नेपाल टेलिभिजनबाट प्रहरी अनुरोध कार्यक्रम २०४६ साल जेठ १३ गतेबाट प्रसारणको सुरूवात गरिएको थियो ।
- २०४७ साल बैशाख १ गतेदेखि नेपाल प्रहरीमा प्रयोग हुदैं आईरहेको पुरानो खाकी रङ्को पोसाक नीलो रङ्को पोसाकमा परिवर्तन भएको थियो ।
- संयुक्त राष्ट्र सङ्घको अनुरोधमा नेपाल प्रहरी शान्ति स्थापना कार्यमा पूर्व युगोस्लाभिया तथा कम्बोडीयामा २०४८ सालदेखि खटिएको थियो ।
- २०५० भदौ २५ गते लागूऔषध विरूद्ध पहिलो टोलीको तातिम समापन भएको थियो ।

**सङ्कलनः प्र.ना.नि. संगीता कार्की**

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



**सिता परियारको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी राजु बोगटी, मुद्दा : -कर्तव्य ज्यान (नेकाप. २०७६, अंक ९, निर्णय नं. १०३५१)**

आत्मरक्षाको अधिकार भन्नाले कसैले आफूमाथि गैरकानूनी रूपले आक्रमण गरेको अवस्थामा उक्त गैरकानूनी आक्रमणबाट आफू बच्न नसक्ने वा भाग्न उम्कन नसक्ने अवस्थामा विकल्प विहीन अवस्था भई आफ्नो ज्यान बचाउनको लागि प्रतिक्रियात्मक बल प्रयोग गर्न पाउने शक्तिलाई बुझाउने, आत्मरक्षाको अधिकार प्रयोग गर्दा तत्काल कुनै काम नगरेमा आफ्नो वा अरू कसैको जिउ ज्यान वा सम्पत्तिलाई कुनै गैरकानूनी क्षतिबाट बचाउन सकिँदैन भन्ने विश्वास गर्नुपर्ने मनासिब कारण भएमा मात्र प्रयोग हुने ।

**सुन्देश्वेर मुखियाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रामलाल मुखियासमेत, मुद्दा :- कर्तव्य ज्यान (ने.का.प.२०७६, अंक ९, निर्णय नं.१०३५२)**

एकजना भन्दा बढी पनि मुख्य अभियुक्त हुन सक्ने अवस्था पनि रहन्छ भने मुख्य अभियुक्तको तुलनामा अन्य अभियुक्तको आपराधिक कार्यको गम्भीर्य कम हुन सक्ने देखिन्छ । कुनै कर्तव्य ज्यानको अपराधमा एक जनाभन्दा बढी व्यक्तिको संलग्नता रहेको त्यस्तो आपराधिक कार्यमा कुन कुन व्यक्तिले के कस्तो भूमिका खेलेको छ, निजले खेलेको भूमिकाको गम्भीर्य समेतलाई विचार गर्नुपर्ने ।

**सङ्कलनः प्र.स.नि. जनक आचार्य**

---




**केटा** : तिम्रो र मेरो विहे होला जस्तो छैन ।
**केटी** : किन ?
**केटा** : म हिजो तिम्रो घर गएको थिए ।
**केटी** : के मेरो बाबासँग भेट भयो ?
**केटा** : होईन तिम्रो बहिनीसँग भेट भएको थियो ।

♦ ♦ ♦

**बुढा** : तलाई कति भन्नु कि खाना बनाउने बेला मोबाइल नचला भनेर दालमा नुननै लागेको छैन कति खल्लो छ ।
**बुढी** : हजुरलाई पनि कति भन्नु खाना खादा मोबाइल नचलाउनु भनेर दाल यी यता छ, हजुरले पानी हालेर खानुभा छ ।

**सङ्कलनः- प्र.ह.शरणजंग भण्डारी**